मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

पूर्णाङ्क ३१, असोज २०५७ संचेतना द्वैमासिक



# नेपाली साहित्य र मानवअधिकार

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

# प्राची

संचेतना त्रैमासिक

वर्ष ९, पूर्णाङ्क ३१, असोज २०५७

# नेपाली साहित्य र मानवअधिकार विशेष



साहित्यकारद्वय शार्दूल भट्टराई (३) र राजव (१०) को **आवरण लेख।**


**कविता**

युद्धप्रसाद मिश्र र गोकुल जोशी (९)
योगमाया (१२), धरणीधर कोइराला (१५), मोतिराम भट्ट (१५)
सिद्धिचरण श्रेष्ठ (१७), लेखनाथ पौडेल (२३), भूपि शेरचन (२७)
गोपालप्रसाद रिमाल (३१), बालकृष्ण सम (३८), वासु शशि (४०)

**कथा**

पारिजात (१४), वी. पी. कोइराला (१६), गुरुप्रसाद मैनाली (२४)

**एकांकी**

गोविन्दबहादुर मल्ल गोठाले (१८) हृदयचन्द्रसिंह प्रधान (३३), विजय मल्ल (४४)

**निबन्ध**

लक्ष्मीप्रसाद देवकोटा (२८), शंकर लामिछाने (३९)

**व्यंग्य**

भैरव अर्याल (४२)

**वरिष्ठ साहित्यकार एवं समालोचक**

मोदनाथ प्रश्रित (४८), गोविन्द भट्ट (१३), डा. ध्रुवचन्द्र गौतम (४३) र नरहरि आचार्य (३२) संग युवा साहित्यकार विवश वस्तीद्वारा लिइएको अन्तरवार्ता



**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुवोधराज प्याकुरेल
कुन्दन अर्याल

**सम्पादक**
अग्निशिखा

**उप-सम्पादक**
आत्माराम शर्मा

**आवरण**
महेन्द्र श्रेष्ठ
एम. एस. माउस
पुतलिसडक
फोन : २६५९४४

**ले-आउट**
गोविन्द त्रिपाठी

**व्यवस्थापन**
प्रवल शर्मा

**सहयोगी**
गीता माली

**मुद्रक**
इन्द्रेणी अफसेट, बागबजार

**पत्राचार**
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन – २७०७७०/२७८७७०

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित**

# दिवंगत भएको छैन मानव अधिकारको तिर्सना

कृष्णलालहरु आज पनि लेखिरहेका छन्- मकैको खेती । र, ठड्याउँदैछन् आज पनि औंला रातो टाउके र कालो टाउके किरा विरुद्ध । आज चन्द्र शमशेर छैनन्, भीम शमशेर छैनन् । तर शमशेर चिन्तन यथावत छ, र "मकै पर्व" यथावत छ । योगमायाहरु आज पनि गुनासो गर्दैछन्- "थितिदेखि विथितिता भएकै छ अहिले । यही थिति विग्रनाले विन्ति गरें मैले ।" तर विन्तिको कुनै अर्थ नरहेको तथ्य आजका योगमायाहरुले बुझेका छन् ।

गोकुल जोशीहरु आज पनि प्रश्न गर्दैछन्- "किन कोही भोक भोकै तड्पिएर मर्ने ? किन कोही अन्यायमा अभिमान गर्ने ?" तर यो प्रश्नको समुचित जवाफ दिने परिवर्तनले आज पनि यहाँको आँगनमा पदार्पण गरेको छैन । युद्धप्रसाद मिश्रहरुले आज पनि गुहार गर्नु परेकै छ- "मान्छे खाने जन्तुलाई भगाई दिन आओ । जागृतिको राँको झन्झन् जगाई दिन आओ ।" गोठालेका भोका घरहरु आज पनि जतातातै छन् र ती घरभित्र सरिताहरु मुक्तिदाता राजकुमारको प्रतिक्षारत छन् । तर कुनै राजकुमार आउनेवाला छैन । सरिताहरु आफैं सशक्तिकरणमा जुट्नु पर्ने खाँचो छ । समहरु आज पनि चिच्याउँदैछन्- "मलाई नमार । मलाई नमार !" र वासु शशीहरु भन्दैछन्- "आत्माभिव्यक्ति नै मुक्ति हो । मुर्दा झैं मौन रहनु त वन्धन हो ।"

धरणीधरहरु आज पनि जागृतिको आह्वान गर्दैछन्- "घोर नीदं अब ता परित्याग । भो भयो अति सुत्यौ अब जाग ।" पहलमानसिंहहरुले आज पनि बन्दी जीवनबारे लेख्नु परेकै छ- "रुन्छन् कवि वल गरी घर सम्झी त्यहाँ । कोही प्रियाकन पुकार गरेर यहाँ । कोही त पुत्रकन सम्झी विह्ल हुन्छन् । खेती, कमाई, घर, दौलथ कोही भन्छन् ।" यसैगरी, लेखनाथको सुगाले पुकार्नु परेकै छ- "खानु छ खाली तौली धान । त्यो पनि आधा पेट छ जान । हेर्दछु भाँडो पानी छैन । भोगिरहेछु यस्तै चैन ।"

भूपि शेरचनको देश आज पनि हल्लै हल्लामा व्यस्त छ र जहाँ "डोकोको डोको, खर्पनका खर्पन, ट्रकका ट्रक आत्माको मण्डी सजाइन्छ ।" र, नारी-रोदनको सन्दर्भमा आज पनि रिमालहरु भन्दैछन्- "हो, नारी रोई, तर ऊ आँशु मात्रै होइन, कहीं कहीं उसले आफूलाई पाइ पनि सकेकी छ ।"

देशै माग्ने भएको यो बेला माग्नेहरुको यहाँ कमी छैन । तब त सिद्धिचरणहरुले आज पनि लेख्नु परेको छ- "युगको आंचललाई भिजाई वेथिति युगको उम्लिरहेको, दृश्य करुणको बोल फुटेको, घोर निराशा आज चुहेको ।"

पसिनाको मूल्य नपाएका पारिजातका बूढा ज्यामीहरु "पसिना मात्र जम्मा गरेको भएपनि आफ्नै पसिनाको दहमा सातचोटी नुहाएर" निस्किसक्थे । भक्कानो फुटेका पारिजातहरु आज पनि बूढा ज्यामीहरुलाई सोध्दैछन्- तिमी सहेर किन बस्छौ । अर्कातर्फ, समुन्नत जीवनको सपना साँचेर मधेशतिर झरेका वी.पी.का विधवाहरुको सपना तासको घरझैं भताभुङ्ग हुँदैछन् आज पनि र चोरीको सर्जाम जोरेर सपना साँचेको गोरे आजसम्म वेपत्ते भएको छ । त्यसरी नै जसरी मैनालीका परिव्यक्त कृष्णहरु कनफट्टा जोगीको पछि लागेर चितलाङ्ग काटेर कहाँ पुग्दैछन्, थाहा छैन ।

देवकोटाको नारी होइन "घरकी जनना, पशु हैन, न मालताल हो, न सिंगारिएको पुतली ।" तर पनि विजय मल्लकी नारी "मलाई गहना र लुगाले नबेर, म कोठाको सुन्दर फूलदान होइन" भन्ने पुकारा गर्दै झुण्डिएर आत्महत्या गर्न पुग्छिन् आज पनि र, लोग्ने तिलकहरुले आज पनि बुझ्न सकेका छैनन् कि, प्रमिलाहरु "आईमाईको कस्तो सत्ता र अस्तित्व चाहन्छन् ?" मीनाहरु भन्दैछन् आज पनि "शायद म प्रमिला भएकी भए जवाफ दिन्थें: स्वास्नी मानिस कसरी स्वतन्त्र भएर बाँच्न चाहन्छन् ?" तर प्रमिलाहरु जवाफ नदिएर झुण्डिन पुग्दछन् । र, मीनाहरुले मीना भएरै जवाफ दिनु पर्ने आवश्यकता छ आज पनि ।

हृदयचन्द्रका लेखक शशीधरहरु आज पनि मकलमा आफ्नो पाण्डुलिपी डढाउँदैछन् । गाँसविहीन ती शशीधरहरु जो आफैं वरु विपन्नताको गाँस बन्छन् तर जो सत्यको हत्या गर्न चाहँदैनन्, भाट बन्न चाहँदैनन् र नटुवा बन्न चाहँदैनन् । र, जो वरु शंकर लामिछानेले जस्तै जीवनलाई प्राध्यापक ठानेर कुकुरलाई समेत गुरुको अवतार मान्छन् र त्यसबाट सिक्छन्, मानव समाजको खिल्ली उडाउँदै । त्यो मानव समाज जहाँ भैरव अर्यालको हाँडीघोप्टे भूंडीको राज छ र त्यसैको जय जयकार छ ।

प्राचीको प्रस्तुत अंक दिवंगत तिनै स्रष्टाहरुमा समर्पित छ- जसको सिर्जना दिवंगत भएको छैन र जसको सिर्जनामा अभिव्यक्त मानव अधिकारको तिर्सना पनि दिवंगत भएको छैन । तिनका तिर्सना तृप्त पार्ने मुहानको खोजीमा लागिरहने छ प्राची निरन्तर । निरन्तर ।

❑❑

आवरण



# नेपाली साहित्य, साहित्यकार र मानवअधिकार

– शार्दूल भट्टराई

नेपालमा संगठित मानवअधिकार आन्दोलनको आरम्भ भएको धेरै समय बितेको छैन। खासगरी २०३५-३६ को जनसंघर्षपछि नै मानवअधिकार आन्दोलनको संगठित अभियानका लागि प्रयासहरु सुरु भएका हुन्। त्यो आन्दोलन २०४१ सालदेखि मात्र संगठित रुपमा अगाडि बढ्दै आएको पाइन्छ।

संगठित रुपमा मानवअधिकार आन्दोलनको थालनी अलिपछि नै भए पनि नेपालमा मान्छेका हकअधिकारलाई लिएर लेख्ने, बोल्ने काम भने धेरै अगाडिदेखि हुँदै आएको पाइन्छ। नेपाली नागरिक अधिकार समिति र "नेपाल प्रजा परिषद्" को गठनपछि वि.सं. १९९४ देखि संगठित राजनीतिक आन्दोलनको आरम्भ हुनुभन्दा अगाडिदेखि नै असंगठित रुपमै भए पनि नेपाली जनताका हक-अधिकारका सम्बन्धमा लेख्ने, बोल्ने र विद्रोह गर्ने काम भएको थियो।

राणाशाही निरंकुशताको स्थितिमा विशेषगरी साहित्यकै मार्फत लेखकहरुले स्वतन्त्ररुपमा विद्रोही भावनाहरुलाई अभिव्यक्त गरेको पाइन्छ। जनताका अधिकारका बारेमा आवाज उठाउन संगठित राजनीतिक अभियान भन्दा साहित्य र साहित्यकारहरु नै अगाडि रहेको देखिन्छ।

नेपाल राष्ट्रको जन्मपछि नेपाली भाषाको विकास संगसंगै नेपाली साहित्यको विषयवस्तु चयन लगायत शिल्प र स्तरमा पनि विकास हुँदै आएको पाइन्छ। प्रारम्भिक कालदेखि अहिलेसम्ममा नेपाली साहित्यले दुई-अढाई सय वर्षको यात्रा पूरा गरेको छ र यस क्रममा साहित्यका विविध विधा र प्रयोगहरुको पनि विकास भएको छ।

नेपाली साहित्यका विद्वानहरु अलि पहिलेसम्म नेपाली साहित्यको थालनी "भक्तिरस" बाट भएको बताउँथे। तर अहिले नेपाली साहित्यको इतिहास, परम्परा र प्रवृत्तिहरुको विश्लेषण गर्ने विद्वानहरुले नेपाली साहित्यको थालनी "वीररस" बाट भएको बताउने गरेका छन्। त्यो "वीररस" वा "वीरधारा" अन्तर्गत देवी देउता, राजा महाराजा तथा सामन्तहरुको प्रशंसा गर्ने, उनीहरुको स्तुति गाउने र उनीहरुलाई अद्भुत पराक्रमी बताउँदै अनेक ढंगले वर्णन गर्ने गरिन्थ्यो। अपवादका रुपमा केही कविले भने "वीररस" अन्तर्गत देशभक्तिका कविताका साथै कुनै वीर व्यक्तिको वीरताको प्रशंसा गरेको पनि पाइन्छ। यस किसिमका "वीररस" नामका "रचनाहरु" संगै, केही समयपछि आएर "भक्तिरस" का नाममा रामभक्ति, कृष्णभक्ति जस्ता धार्मिक "रचनाहरु" लेखिन थाले।

"वीररस" र "भक्तिरस" को अवधि अलि लामै रह्यो। ती दुवै "रस" को अस्तित्व कायमै रहेको अवस्थामा "श्रृंगाररस" को "साहित्य" का नाममा अश्लीलताले जन्म लियो। "वीररस", "भक्तिरस" र "श्रृंगाररस" कै हालिमुहाली रहेको अवस्थामा राष्ट्र एवं जनताप्रति चिन्तित तथा सचेत व्यक्तिहरुले साहित्यमा विद्रोही स्वरको विजारोपण गरेका थिए।

निरंकुश राणा शासन् अघिको शाह कालमा त्यतिबेलाका लेखकहरु राजनीतिबाट वा राजनीतिक घटनाक्रमहरुबाट टाढै रहे। १८७२ सालको सुगौली सन्धिबाट जनता निराश बने पनि "साहित्यकारहरु" भने राम र कृष्णका "गाथाहरु" एवं शासक सामन्त तथा राजा महाराजाहरुका भजनहरु गाउन मै रमाए। थापा र पाँडेहरुबीचको मारकाट तथा दरबारीया षडयन्त्रबाट कतिलाई निर्ममतापूर्वक काटिंदा र कतिलाई देश निकाला गरिंदा पनि "साहित्यकारहरु" को ध्यान ती घटनाहरुमा गएन। दरबारीया राजनीति काटमारमै सक्रिय थियो भने "साहित्यकारहरु" रामलीला र कृष्णलीलाको रचना गरेर जनतालाई घोकाउनमै व्यस्त रहे। त्यसबेलाका सबैजसो "साहित्यकारहरु" दरबार नजिकका वा दरबारद्वारा संरक्षित भएकै कारणले पनि उनीहरु राजनीतिक घटनालाई बेवास्ता गर्दै शासकहरुलाई नचिढ्याउने बरु खुशी बनाउने धार्मिक भजन अनि शासकहरुको स्तुति लेख्नमै सीमित रहेको देखिन्छ।

वि.सं. १९०३ मा जंगबहादुर कुँवर राणाले विभत्स कोतपर्व मच्चाए। यसै समयदेखि नेपालमा राणा शासन शुरु भयो। भानुभक्त आचार्य जस्ता कवि समेत यस्ता ठूला राजनीतिक घटनाक्रमबाट टाढै रहे र रामभक्तिका कविता मै चुर्लुम्म डुबिरहे। उनी एकपटक कुमारी चोकमा थुनामा पनि परे। तर उनी आफ्नो विचार तथा लेखनका कारणले हैन एउटा जागिरे भएर आफ्नो जिम्मेवारीको हिसाब-किताब मिलाउन नसकेका कारण थुनामा परेका थिए।

केही कविले त्यो बेंलाको दुःख, पीर र विपदलाई लिएर कविता लेख्ने प्रयास गरेको त पाइन्छ। तर त्यस्ता कविताको मूलसार भने "भगवान भक्ति" मै गएर टुंगिएको देखिन्छ। जस्तै :

*सत्य र धर्म कि शक्ति हरायो।*
*पृथ्वीमा कालेले व्याप्त गरायो।।*
*अग्निरुपी पापले दाह गरायो।*
*अब पऱ्यो दुनियाँलाई उक्लनु गाह्रो।।*

*गैह्रो जलमा नाउ फालमको।*
*कालको मन छ डुबाइदिनाको।।*
*तार्न्या तराउन्या नारायण छन् जहाँ।*
*पृथिवि कि अर्जी पुगला ताहाँ।।*
*(वसन्त शर्मा : १८०६-१९४७)*

रक्तपात मच्चाएर जंगबहादुर राणा सत्तामा आएपछि राज्य विभिन्न ढंगले दमनमा उत्रिन थाल्यो। पुरानो मुलुकी ऐन (१९१०) को वर्णवादी जातिवादी धारणालाई अगाडि सारियो। वर्ण र जातका आधारमा समेत दमन शुरु गरियो।

नेपालको सन्त परम्पराका अग्रणी मानिने जोसमनी सन्त ज्ञानदिल दास (१८७८-१९४०) जंगबहादुरको समयमा नाम चलेका साहित्यकार मात्र थिएनन्, जनतामा पनि लोकप्रिय मानिएका थिए। धार्मिक आडमै भए पनि यिनले ब्राम्हणवाद, मूर्तिपूजा र त्यतिबेलाका अड्डा-अदालतको नोकरशाही प्रवृत्तिको विरोध गरे। सन्त परम्परावादीहरु चिन्तनका दृष्टिले थोरै मात्र भए पनि सुधारवादी देखिएकाले जंगबहादुरले उनीहरुमाथि दमन चलाएका थिए। त्यो दमनमा ज्ञानदिलदास पनि परेका थिए।

"जोसमनी सन्त परम्परा र साहित्य" मा जनकलाल शर्माले उल्लेख गर्नु भएअनुसार- जुन समय जंगबहादुरको निरंकुश शासन चरम सीमामा पुग्न लागेको थियो, त्यसै समय गोरखा जिल्लाको बुंकोट भन्ने ठाउँमा जोसमनी मतका साधु लखंन थापा (द्वितीय) जंगबहादुरको निरंकुश शासनको विरुद्ध संगठन गर्न थाले। यो संगठन जोडतोडकासाथ विस्तार भइरहेको थियो र गुप्तचरहरुबाट यो कुरा जंगबहादुरले पनि थाहा पाए। उनले रातारात एउटा आठपहरिया सिपाहीको दल गोरखातिर पठाए। साठी नाल बन्दुक र अन्य केही हातहतियार सहित गोप्य वैठक गरिरहेकै ठाउँबाट लखन थापा तथा उनका साथीहरुलाई गिरफ्तार गरी काठमाडौं ल्याइयो।

यही नै समय पूर्वी नेपालमा पनि जोसमनी साधुहरुको संगठन निर्माण भइरहेको भन्ने सुनेपछि रुम्जाटारबाट सन्त ज्ञानदिलदास, उनकी पत्नी शीतलामाई र अन्य केही जोसमनी साधुहरुलाई पनि पक्राउ गरी काठमाडौं ल्याइयो।

जंगबहादुरले लखन थापालाई आफ्नै मठमा र अरु सात जनालाई मनकामनामा पुऱ्याई झुण्ड्याएर हत्या गरे। थुप्रैलाई कठोर काराबासको सजाय दिइयो।

सन्त ज्ञानदिलदासलाई ६ महिनासम्म नजरबन्दमा राखियो। तर उनी लखन थापाको संगठनमा लागेको प्रमाण नभेटिएपछि र उनी ठूला विद्वान तथा समाजसेवीका रुपमा रहेको पाएपछि जंगबहादुर स्वयंले आफ्ना भाइभारदारहरुलाई ज्ञानदिलदाससंग ज्ञान-बुद्धि लिन आदेश दिए। जंगबहादुरका भाइ रणोद्दीप सिंह लगायत केही मान्छे यिनीबाट दीक्षित पनि भए।

वि.सं. १९३३ मा पक्राउबाट छुटेपछि ज्ञानदिलदास आफ्नो मत प्रचार गर्न पूर्वतिर लागे। इलाममा पुग्दा उनलाई फेरि गिरफ्तार गरियो। दुई महिनापछि जेलबाट छुटे पनि आजित भएर उनी दार्जिलि तिर स्वनिर्वासित भए। सामान्य हक-अधिकारको कुरा गर्दा सत्ताको दमनमा पर्ने पहिलो साहित्यिक व्यक्तिमा ज्ञानदिलदास नै देखिएका छन्। उनका दुई कृति- "उदयलहरी" र "दोहाहरु" त्यतिबेला निकै लोकप्रिय रहेको चर्चा नेपाली साहित्यका इतिहास लेखकहरु एवं समालोचकहरुले गरेका छन्।

राणा शासकहरुको सत्ता स्वार्थको जालझेलका क्रममा पनि साहित्यिक व्यक्तिहरु पीडित बन्न पुगे। वि.सं. १९३८ मा सुब्बा होमनाथ खतिवडा बनारस निर्वासित हुन बाध्य भए। "रामाश्वमेध काण्ड" (रामायण), महाभारत सभापर्व, वनं पर्व, कृष्ण चरित्र र नृसिंह चरित्रका लेखक खतिवडालाई सत्ता स्वार्थको दमनमा परी आत्मनिर्वासित हुन बाध्य हुने दोस्रो नेपाली लेखक बताइन्छ।

लेखक जनकलाल शर्माकै अनुसार रणोद्दिप सिंह ज्ञानदिलदासबाट दीक्षित भएपछि उनले पनि त्यो जोसमनी मतबाट प्रभावित भएर "वेदान्त गीतसार" भन्ने पुस्तक काशीबाट प्रकाशित गरेका थिए। पछि वीर शमशेर, खड्ग शमशेर, चन्द्र शमशेर र डम्बर शमशेर मिलेर रणोद्दीप सिंहको हत्या गरे। राणाहरुको आपसी सत्ता स्वार्थमा मारिएका यिनीलाई जोसमनी मतमा लागेकै कारण मारिएको बताइन्छ। नेपालको इतिहासमा हत्या गरिएको पहिलो लेखकको रुपमा पनि केहीले रणोद्दीप सिंहको नाम लिएको पाइन्छ। रणोद्दीप सिंहको हत्याको घटना नेपालको इतिहासमा बयालीस साल पर्वको रुपमा चर्चित छ।

राणा शासकहरुको चर्को दमन-उत्पीडन तथा सत्ताको घृणित खेलबाट जनता रुष्ट थिए। लेखकहरु पनि असन्तुष्ट थिए। यद्यपि लेखकहरु राणाशाही विरुद्ध खुलेर लेख्न भने सक्दैनथे। राणाहरुको स्तुति लेख्न नचाहने र राणा शासनको विरुद्ध लेख्ने हिम्मत पनि गर्न नसक्ने केही लेखकहरु "श्रृंगाररस" को "साहित्य" को नाममा अश्लीलता जन्माउन पुगे। केही लेखकहरु भने आफ्नो आक्रोशलाई छिटफुट

रुपमा व्यक्त गर्न अग्रसर भए।

शम्भुप्रसाद ढुंगेलका पिता राणा शासन विरोधी भएकै कारण उनको जागिर खोसियो। बाबुको राणा विरोधी भावनाको प्रभाव शम्भुप्रसाद ढुंगेलमा पनि परेको थियो। चन्द्र शमशेरले आफ्नो विरोधी भएको रीसमा उनको सम्पत्ति जफत गरे। त्यसपछि शम्भुप्रसादले चन्द्र शमशेरलाई रिफाउन उनको प्रशंसामा "श्री चन्द्रप्रताप वर्णन" (१९७०) लेखे। यो कृति लेखेपछि उनले चन्द्र शमशेरबाट मुखियाको जागिर पाए। वि.सं. १९७२ देखि वनारसबाट प्रकाशित "गोर्खाली" साप्ताहिक पत्रिकामा शम्भुप्रसादले समाज सुधारका कविता लेखेको देखेपछि उनलाई जागिरबाट हटाइयो।

जयपृथ्वीबहादुर सिंह चन्द्र शमशेरका ज्वाइँ थिए र बझा का रजौटा थिए। "प्राकृत व्याकरण", "अक्षरमाला", "बोलबोध", "पदार्थतत्व विवेक", "भूगोल विद्या" लगायतका कृतिका लेखक जयपृथ्वीबहादुर वि.सं. १९६० देखि १९७३ सम्म "गोरखापत्र" का मुख्य अधिकारी पनि रहे। यिनी सुधारवादी विचारका थिए। ससुरालीसित युरोप भ्रमणमा गएपछि जयपृथ्वीबहादुर मानवतावादी बने। उनको मानवतावादी स्वभाव र चन्द्र शमशेरको क्रूर स्वभाव बीच झगडा चल्न थाल्यो। जयपृथ्वीबहादुर देश छोडेर भारत पुगे र "मानवतावादी समाज" भन्ने संस्था खोलेर बसे।

पहलमान सिंह स्वाँरले आफ्नो वियोगान्त नाटक "अटलबहादुर" मार्फत चन्द्र शमशेरको शासनकालका विकृतिपूर्ण घटनाहरुलाई सार्वजनिक गरे। उनको यो नाटक नेपाली साहित्यमा पहिलो मौलिक नाटक मानिन्छ। चन्द्र शमशेरको शासनकालको प्रशासनिक अत्याचारको एउटा दृश्य नाटककार पहलमान सिंह स्वाँरले आफ्नो "अटलबहादुर" नाटकमा यसरी प्रस्तुत गरेका छन् -

**(स्थान : शहर, राजा, मन्त्रीहरु)**

**राजा : हेर इनी बनिञाहल्ले कति माल दोकानमा राखेका छन् अब उप्रान्त सौ रुपैया भन्दा बड्ताको माल कसैले पनि दोकानमा न राखून्। राडाका छोरा ठूला मानिस हु भन्या झैं धेरै माल देखाएर लुट्न्या रहेछन् हो कि मन्त्री ?**

**मन्त्री : गरीब परवर बिलकुल जाली, बदमाश ।**

**बनीञा : सरकार, धेरै माल नराख्या ग्राहकहरु हेर्दै हेर्दैनन्, सबै बाना मिलाउनु पर्छ।**

**राजा : इनीहरु सब बदमाश हुन् इन्का घर सब उठाएर पूर्वतर्फ बनाउ भन । ञाहानेर सरकारी घर बनाउनु ।**

**मन्त्री : हवस् ।**

**राजा : हीड जाऊ ।**

**(गया)**

जनता वा सानोतिनो व्यापार गरी खानेले राम्रो घर बनाएको र धन कमाएको देख्दै नसहने चन्द्र शमशेरको मानसिकता माथिको दृश्यमा व्यक्त भएको छ भने उनको व्यापार विरोधी नीतिलाई पनि उक्त दृश्यले छर्ल पारेको छ।

राणा प्रधानमन्त्री चन्द्र शमशेरले लामो समयसम्म शासन गरे। उनी अति नै दमनकारी शासक थिए। कसैले पनि आफ्नो विरोध गरेको उनी सहन सक्दैनथे। आफ्ना विरोधीहरुलाई दमन गरेरै उनले आफ्नो शासन टिकाएका थिए।

चन्द्र शमशेरको घोर दमनकारी नीतिका विरुद्ध साहित्यकारहरु, समाज सुधारकहरु र निरंकुशता विरोधी व्यक्तिहरु अलिअलि चलमलाउन थाले। भारतमा पनि स्वतन्त्रता संग्रामका गतिविधिहरु शुरु भएकाले त्यसको प्रभाव नेपालमा नपरोस् भन्ने चाहना चन्द्र शमशेरको थियो। यसैबीच भारतका विभिन्न ठाउँबाट नेपाली भाषामा विभिन्न पत्रपत्रिका प्रकाशित हुन थाले। ती पत्रिकाहरु थिए-

- गोर्खे खबर कागत (१९५८)
- सुन्दरी (१९६३)
- माधवी (१९६५)
- गोर्खा साथी (१९६९)
- चन्द्र (१९७१)
- गोर्खाली (१९७२)
- चन्द्रिका (१९७५)
- जन्मभूमि (१९७९)
- दियालो (१९८१)
- गोर्खामित्र (१९८१)
- गोर्खा संसार (१९८५)

यी पत्रिकाहरुमध्ये केहीले चन्द्र शमशेरका विभिन्न अत्याचारहरुको विरोध गर्दै राणाशाही विरुद्ध सामाजिक सुधार एवं जागरणका साहित्यिक रचनाहरु प्रकाशित गर्ने गरेका थिए। ब्रिटिशहरुको चाकरी गर्न त्रिचन्द्र कलेज (१९७५) को स्थापना गरे पनि चन्द्र शमशेरले उक्त कलेज उद्घाटन गर्दा "आफ्नो खुट्टामा आफैंले बञ्चरो हानेको" भनाइ व्यक्त गरेका थिए। आर्य समाज (१९६२) को स्थापना, चर्खा प्रचारक संघ (१९८२) जस्ता संस्थाका गतिविधिले पनि राणा शासन विरोधी जनमतलाई बलियो बनाउने काम गरेका थिए।

राणा शाहीको विरुद्ध सामाजिक जागरण बढ्दै गयो र भित्रभित्रै निरंकुशता विरोधी राजनीतिक गतिविधि पनि शुरु हुन थाल्यो। यो स्थितिबाट साहित्यकारहरु पनि अप्रभावित रहन सकेनन्। दुम्जाली कवि धरणीधर कोइराला वि.सं. १९७५ मै यसरी जागृतिको शंखघोष गर्न पुगे -

*जाग जाग अब जागन जाग*
*लाग उन्नति विषे अब लाग*
*घोर नीद अबता परित्याग*
*भो भयो अति सुत्यौ अब जाग।*

*देश बन्धुहरु हो। उठ जाग*
*लाग उन्नति विषे अब लाग*
*धोउ धोऊ मनको अब मैलो*
*फालिदेऊ डरको अब थैलो।*

सचेत रुपमा लेखिएको होस् वा असचेत रुपमा, लेखनाथ पौड्यालको "पिंजराको सुगा" (१९७४) कविताले निरंकुश राणा शासनमा पिंजराको सुगा जस्तो भएर बस्नु पर्ने जनताको विवशतालाई प्रस्तुत गर्ने काम गरेको छ। यद्यपि कतिपयले यो कविता पूर्णतः गैर राजनीतिक सन्दर्भमा लेखिएको दावी पनि गर्दै आएका छन्। कवि लेखनाथ पौड्यालले मानवताको पक्षमा भने आफ्नो अभिव्यक्ति यसरी प्रस्तुत गरेका छन् -

*म खाऊँ मै लाऊँ सुख सयल वा मोज म गरुँ।*
*म बाचूँ मै नाचूँ अरु सब मरुन् दुर्बलहरु।।*
*भनी दाह्रा धस्ने अबुझ शठदेवी छकपरी।*
*चिता खित्का छोडी अभयसित हाँस्यो मरिमरी।।*

वि.सं. १९७७ सालको "मकै पर्व" नेपाली साहित्यका क्षेत्रमा सबैभन्दा पहिलो विद्रोहात्मक घटना थियो। सुब्बा कृष्णलाल अधिकारीद्वारा लिखित "मकैको खेती" पुस्तकले ठूलै तहल्का मच्चायो। डा. तारानाथ शर्माका अनुसार- गद्यमा लेखिएको यो पुस्तक नेपालको पहाडी भेगमा प्रशस्त मकैको उब्जनी कसरी गर्न सकिन्छ र कसरी विभिन्न किराहरु लाग्नबाट मकैलाई जोगाउन सकिन्छ भन्ने प्रचार गर्न छापिएको थियो। यसमा केही सिलोकहरु पनि थिए जसको रचना शम्भुप्रसाद ढुंगेल र साम्वभक्त सुवेदीद्वारा भएको थियो पोल्याहाहरुले यस पुस्तकमा राजकाजी कुरा राणाहरुको गाथगादी ताकेको कुरो पारेका छन् भनी उजुर गरेकाले वि.सं. १९७७ को साउन

११ गते कृष्णलाल अधिकारी र शम्भुप्रसाद ढुंगेललाई समाती भीम शमशेर राणाको टंगाल दर्बारको गारतमा थुनियो। कृष्णलाई अधिकारीलाई ६ वर्ष कैद दिइयो तर छापिएका सबैप्रति "मकैको खेती" बुझाउनु पर्नेमा एकप्रति बुझाउन नसकेकाले अरु तीन वर्ष थपी नौ वर्षको कैद ठोकियो।

अरुले पोलेको भरमा मात्र कृष्णलाल अधिकारीको "मकैको खेती" लाई जफत गरी उनलाई जेलमा थुनेको भन्ने कुरालाई अधिकांश समालोचकहरु स्वीकार गर्दैनन्। पुस्तकमा प्रयुक्त कतिपय शब्द र प्रतीकहरुले पनि यो पुस्तक राणाशाही विरोधी रहेको पुष्टि हुन्छ। समालोचक डा. माधवप्रसाद पोखरेल र रुद्र खरेलका विचारमा पुस्तकमा लेखिएका निम्नलिखित वाक्य वा वाक्यांशहरु खेतसंग मात्र सम्बन्धित नभएर राजनैतिक सन्दर्भयुक्त छन् भन्ने कुरा जसले पनि सजिलै बुझ्न सक्छ। जस्तै -

- रातो टाउके कीरा र कालो टाउके कीरा
- विदेशी कुकुर र स्वदेशी कुकुर
- सं. १९०३ देखि नै राच्छेसहरुले प्रवेश **गरेको**
- **बालकलाई आमाको** दूधले जस्तो चन्द्रोदयले फाइदा गर्दैन

यी "मकैको खेती" पुस्तकमा प्रतिकात्मक सन्दर्भका साथ उल्लेखित वाक्यहरु हुन्। पुस्तकमा प्रयोग भएका एक दुई शब्दको सन्दर्भहीन फाटफुट व्याख्या नगरी समग्रतामा हेर्दा पुस्तकबाट निस्कने अर्थ खालि पोलाहा भरमा मात्र निस्केको होइन भन्ने ठहर समालोचक पोखरेल र खरेलको छ। उहाँहरु लेख्नुहुन्छ- सुब्बा कृष्णलाल अधिकारीले लेखेको "मकैको खेती" भन्ने पुस्तकमा क्रमश: चन्द्र शमशेर र भीम शमशेरलाई रातो टाउके कीरा र कालो टाउके कीरा भन्ने विशेषणद्वारा चिनाइएको ठहर गरेर उनलाई नौ वर्षको काराबासको सजाय दिइयो। त्यसै निहुँमा सुब्बा कृष्णलाल लगायत दशजना व्यक्तिहरुलाई दण्डित गरियो। सन् १९९७ साल साउन १८ गतेको फैसला अनुसार उक्त पुस्तक प्रकाशित गर्ने लेखक र त्यसलाई सहयोग, सुझाव दिने अन्य व्यक्तिहरु समेतलाई दण्डित गरिएको यस घटनालाई नेपालको इतिहासमा "मकै पर्व" भनिन्छ। सुब्बा कृष्णलालले "धर्मकुमारी शिक्षा" र अरु फुटकर कृतिहरु पनि लेखेकाले उनी मूलत: लेखक भएको सिद्ध हुन्छ। उनलाई नौ वर्षको काराबासको सजाय र यातना दिइयो जसले गर्दा साँढे तीनवर्ष पनि नपुगी वि.सं. १९८० साल मंसिर महिनामा जेलमै उनको देहावसान भयो। चन्द्र शमशेरबाट कडा दण्ड पाउने यिनी नै पहिलो व्यक्ति हुन् र किताबमा लेखिएकै कुराले शासकको आलोचना एवं विरोध भए बापत कानूनी फैसला अनुसार काराबासको साजयमा यातना पाएर मर्ने कृष्णलाल अधिकारी नेपालको इतिहासका सर्वप्रथम लेखक हुन्।

"मकैको खेती" मा पद्य भाग लेखेको आरोपमा शम्भुप्रसाद ढुंगेललाई फसाइएको बताइन्छ भने उक्त किताबमा भूमिका लेखेको आरोपमा ऋषिभक्त पौडेललाई सुब्बाको जागिरबाट निकालियो। अर्का साहित्यकार सोमनाथ सिग्देललाई "मकैको खेती" को शुद्धाशुद्धी हेरेको आरोपमा पचास रुपियाँ जरिवाना गराइयो। "मकै पर्व" मा दण्डित गराइएका अन्यमा खरिदार चूडामणि शर्मा, डिट्ठा उपेन्द्रबहादुर बस्नेत, गोरखापत्रका सम्पादक कृष्णचन्द्र अर्याल, खजाञ्ची दुर्गानाथ शर्मा लगायतका थिए।

वि.सं. १९८२ मा कलकत्ताबाट धर्मादित्य धर्माचार्यको सम्पादनमा बुद्धधर्म र नेपाल भाषा" पत्रिका प्रकाशित भयो। त्यसमा वैकुण्ठप्रसाद लाकौल, योगवीर सिंह उदास र चित्तधर हृदयका कविता प्रकाशित भएका थिए। राणाशाही विरोधी कविता लेखेको भनी लाकौल लगायतका कविलाई राणाहरुले चेतावनी दिएका थिए। लाकौलले राणाशाही विरुद्ध क्रान्तिको फुल फुल्नै दृढताकासाथ "फुल्ने लागेको फूल" भन्ने कविता प्रकाशित गरेका थिए।

१९९१ सालदेखि नेपाल भित्रैबाट साहित्यिक मासिक पत्रिका "शारदा" को प्रकाशन शुरु भयो। साहित्यकारहरुको विद्रोहले यसमा पनि केही स्थान पाउन थाल्यो। भीम शमशेरका पालामा "लाइब्रेरी राख्न पाऊँ" भनी वैकुण्ठप्रसाद लाकौल, योगवीर सिंह लगायतले भीम शमशेरलाई विन्तिपत्र दिने तयारी गरेका थिए। तर विन्तिपत्र दिनु अघि नै त्यसमा संलग्न हुनेहरुलाई समातेर सय-सय रुपियाँ दण्ड गरियो। "पुस्तकालय पर्व" का नामले चर्चित यो घटनामा लक्ष्मीप्रसाद देवकोटालाई पनि दण्डित गरिएको थियो।

सामाजिक सुधारका पक्षमा उभिएर मान्छेको हक-अधिकार बारे कविता लेख्ने कवयित्री थिइन्- योगमाया। उनले पनि भीम शमशेरको पालामा दमन व्यहोर्नु पऱ्यो। उनको नेतृत्वमा राणा शासक समक्ष सुधारका विभिन्न मागहरु प्रस्तुत गरिएका थिए र ती माग पूरा नगरिएमा सामूहिक आत्मदाह गर्ने चुनौती दिइएको थियो। मागहरु पूरा नगरिएपछि योगमाया सहित ५७ जनाले अरुण नदीमा हाम फालेका थिए। कवयित्री योगमायाको राणाकालीन अत्याचार तथा शोषण-उत्पीडन विरुद्धको उद्बोधन यस्तो थियो-

*थितिदेखि विथितिता भएकै छ अैले।*
*यही थिति विग्रनाले विन्ति गरें मैले।*
*आसामीले पैले कर्जा तिरिसकेछ।*
*साहू भन्ने लोभीले त बाँकी भनेछ।।*

वि.सं. १९९३ देखि जहानियाँ निरंकुश राणा शासन विरुद्ध संगठित राजनीतिक आन्दोलनका प्रयासहरु हुन थालेपछि शासकहरु त्यसलाई दबाउने दाउपेचमा लागे। संगठित बन्दै गएको जनचेतना र जनसंघर्षलाई दबाउन राणा शासक जुद्ध शमशेरले निर्मम दमन शुरु गरे। विद्रोहमा लागेका हरेकलाई गिरफ्तार गरेर जेलमा हाल्न थालियो। तर निरंकुशता विरुद्ध प्रजातन्त्रको पक्षमा उभिएका युवाहरु राणहरुको दमन र धरपकडबाट आत्तिएनन्। बरु झनै आक्रोशित र उत्साही बन्न थाले। गंगालालले जेलभित्रैबाट आफ्नो साहसको परिचय यसरी दिए-

*किन डरौं मृत्युदेखि मर्न कम्मर कसेको*
*हुँ एक वीर पुत्र वीर माँ नेपालको।*

वि.सं. १९९७ सालमा दशरथ चन्द, शुक्रराज शास्त्री, धर्मभक्त र गंगालालको हत्या गरियो। "शहीद पर्व" को रुपमा चर्चित यो घटनापछि अरु पनि थुप्रैलाई दमन र यातनाद्वारा दु:ख दिन थालियो। "शहीद पर्व" को घटनाबाट नेपालका साहित्यकारहरु पनि प्रभावित बन्न पुगे। साहित्यकारहरु राणाशाहीका विरुद्ध क्रान्तिको आह्वान गर्न थाले। चित्तधर हृदय, फत्तेबहादुर सिंह, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, लक्ष्मीप्रसाद देवकोटा, केदारमान व्यथित, पूर्णबहादुर मानव, लक्ष्मीनन्दन चालिसे, युद्धप्रसाद मिश्र, तारिणीप्रसाद कोइराला, विश्वेश्वरप्रसाद कोइराला, हृदयचन्द्र सिंह प्रधान, श्यामप्रसाद शर्मा, गणेशबहादुर प्रसाईं, गुरुप्रसाद मैनाली, भीमनिधि तिवारी, ऋद्धिबहादुर मल्ल, लैनसिंह बाङ्देल लगायतका साहित्यकारहरुले मानवता, मानव हक अधिकारको पक्षमा तथा निरंकुश राणा शासनका विरुद्धमा प्रजातन्त्रको माग गर्दै साहित्य सिर्जना गर्न थाले।

राणाशाहीका विरुद्ध महाकवि लक्ष्मीप्रसाद

देवकोटा निकै प्रखर ढंगले प्रस्तुत भएका थिए। जस्तै :

*जंगलको कानून*
*जसले हाँक्यो उसको पाक्यो*
*काँतरको हक थाक्यो ...*
*नलडी कोही हुन्न विजेता।*

यस्तै अर्को कवितामा देवकोटा बोले-

*निर्लज्ज नेतृत्वको निरस रसनाको रण्डीको नाच हेर।*
*जनअधिकारको डँडाल्नोको भाँच हेर*
*हीराको नाममा विकेका आजकालका फुटेका काँच हेर।*

"साँढे", "बाघले बच्चा किन खान्छ", "भाँचूँ भाँचूँ लाग्छ यो कलम", जस्ता विद्रोही कविता लेखेर राणा शासकहरुलाई थर्काउन पुगेका देवकोटा २००४ सालमा बनारस गएर "युगवाणी" पत्रिकाको सम्पादक मण्डलमा रही राणाशाही विरुद्ध सशक्त ढंगले कलम चलाउन थाले। "पहाडी पुकार" मार्फत् त उनी निरंकुशताको समाप्ति मात्र हैन शोषित-पीडित गरीब किसानकै मुक्तिको गीत गाउन पुगे। जस्तै -

*धर्तीको यो मालिक्याइँ ठालुबाट खोस,*
*एक आवाज गर किसान एकै डल्लो बनी*
*हज्जार गरीब एकातिर अर्कातिर धनी*
*हातमा लाठी लेऊ सबै, तर्साउनु खाली।*
*आफू तिमी नहच्किए गलिजान्छ जाली।*

क्रान्तिकारी कवि गोपालप्रसाद रिमालले राणाशाही विरुद्धको "जनक्रान्ति" लाई जुनसंग र राणाशाही अत्याचारलाई जडतासंग दाँज्दै "आमाको सपना" कवितामा क्रान्तिको आह्वान यसरी गरे-

*हेरौंला, त्यो हुरी भएर आउनेछ*
*तिमी पात भएर पछ्याउने छौ।*
*अहिले त्यो जीवन लोकबाट झरेर जून जस्तै पोखिंदा*
*सारा जडता सगबगाएको थियो, बा,*
*त्यो आउनेछ, तिमी उठ्ने छौ।*

यसरी नै "सपनामा" कवितामा कवि रिमालले आततायी राणातन्त्रका विरुद्ध र जनतन्त्रका पक्षमा यसरी बोलेका छन्-

*अथवा कथाका राजकुमार झैं देशभ्रमण गर्दागर्दै*
*राक्षसले लुटिएको सुनसान शहरमा आइपुग,*
*एकलासको बगैंचामा सुतिरहेकी मलाई एक्कासी फेला पार*
*मलाई बाबु आमा भन्न कर परिरहेका*
*राक्षसहरुबाट छुटकारा दिन कम्मर कस,*
*म राक्षसहरुलाई आँसुले छकाएर तिनीहरुको*
*काल पत्ता लगाइदिन्छु,*
*तिमी उनीहरुलाई मार, मलाई हेर।*

कवि सिद्धिचरण श्रेष्ठले "क्रान्ति विना शान्ति हुँदैन" भनेर कवितामार्फत् खुल्ला रुपमा क्रान्तिको आह्वान गरे भने कवि महानन्द सापकोटाले सामन्ती हैकमवाद, विभेद एवं शोषण-उत्पीडनको आयु नै समाप्त भएको घोषणा गरे। उनले भने-

*शयमा दश पाँच धनी बनिनु।*
*अरुले तिनका करिया गनिनु।।*
*विधिको यदि यै छ विधान भने।*
*अब त्यो विधिको पनि आयु पुग्यो।*

अर्का क्रान्तिकारी कवि युद्धप्रसाद मिश्र राणाशाही विरोधी राजनीतिक गतिविधिमा समेत सक्रिय रहँदै विद्रोही कविताहरु लेख्न थाले। वि.सं. १९९२ मै उनले लेखेका थिए-

*कलम लुक्दछ यो दिल दुख्दछ*
*हृदयमा अब कम्पन उठ्दछ।*

यसरी, राजा-महाराजा, राजपरिवार, सामन्तहरु, देवीदेउता आदिलाई मात्र पात्र बनाएर धार्मिक खालका रचनाहरु सिर्जना गर्ने र श्रृंगार रसका "साहित्य" को नाममा अश्लिलतालाई प्रश्रय दिने युगलाई समाप्त गरी नेपाली साहित्यकारहरु जनसाधारणकै दु:ख एवं चाहनालाई अभिव्यक्त गर्ने काममा मात्र लागेनन्, उनीहरु जनताका हक अधिकार एवं प्रजातन्त्रका लागि समेत लेख्ने थाले। कविता विधा मार्फत् मात्र हैन, गुरुप्रसाद मैनाली, लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी, गोपालप्रसाद रिमाल, हृदयचन्द्र सिंह प्रधान, रुद्रराज पाँडे, लैनसिंह वाङ्देल लगायतका साहित्यकारहरुका गद्य रचनाहरुले पनि सामाजिक हकप्रति नागरिकहरुलाई सचेत बनाउन महत्वपूर्ण भूमिका खेले। जनताका हक-अधिकारका कुरा उठाउँदै राणाशाही विरुद्ध लागेकै कारण लक्ष्मीप्रसाद देवकाटा, गोपालप्रसाद रिमाल, सिद्धिचरण श्रेष्ठ, हृदयचन्द्र सिंह प्रधान, फत्तेबहादुर सिंह, चित्तधर हृदय, केदारमान व्यथित, लक्ष्मीनन्दन चालिसे, युद्धप्रसाद मिश्र, श्यामप्रसाद शर्मा, विश्वेश्वरप्रसाद कोइराला, तारिणीप्रसाद कोइराला, गणेशबहादुर प्रसाइँ जस्ता लेखकहरुले राणाहरुको क्रूर दमन खप्नु पर्‍यो, जेल र निर्वासनको जीवन समेत भोग्नु पर्‍यो।

साहित्यकारहरुलाई समेत राणा शासकहरुले दमन गर्न थालेपछि त्यो दमनका विरुद्ध जुध्न साहित्यकारहरु पनि संगठित हुने प्रयासमा लाग्दै थिए। यत्तिकैमा २००७ सालमा राणा शासन समाप्त भएर बहुदलीय व्यवस्थाको स्थापना भयो। सम्पूर्ण हक अधिकारको उपभोग निर्वाध रुपमा गर्न पाउने राजनैतिक प्रणाली लागू भएको घोषणा गरियो।

सात सालको राजनीतिक परिवर्तनसंगै साहित्यमा प्रगतिवादी आन्दोलनले जन्म लियो। प्रगतिवादी साहित्यिक आन्दोलनकै पृष्ठभूमिमा वि.सं. २००९ सालमा प्रगतिशील लेखक संघको स्थापना भयो। साहित्यकार श्यामप्रसाद शर्माले आफ्नो कृति "थुनुवाको डायरी" मा उल्लेख गर्नु भएअनुसार "प्रगतिशील लेखक संघ" को स्थापना हुनुभन्दा अघि पनि प्रगतिशील लेखकहरु मिलेर "जन साहित्य मण्डल" को गठन गरेको देखिन्छ। तर त्यो संगठनकै रुपमा आफ्नो अस्तित्व बोकेर उपस्थित भएको पाइँदैन। तथापि प्रगतिशील लेखक संघको स्थापनाका लागि पृष्ठभूमि तयार पार्न र प्रगतिवादी साहित्यिक आन्दोलनलाई संगठित आन्दोलनका रुपमा अगाडि बढाउन साहित्यकारहरु सात सालभन्दा अघिदेखि नै प्रयासरत थिए भन्ने कुरा "जन साहित्य मण्डल" को गठनले देखाउँछ।

त्यतिबेलैदेखि प्रगतिवादी साहित्यिक आन्दोलनको मान्यता जनताको गाँस, बास, कपासका साथै हक-अधिकारका पक्षमा दृढतापूर्वक उभिनु पर्छ भन्ने थियो। मान्छेका हकअधिकारका बारेमा कलम चलाउनेहरुमा पनि प्रमुख रुपमा प्रगतिवादीहरु नै थिए।

वि.सं. २००८ सालमा प्रकाशित "भञ्याङनिरै" को भूमिकामा साहित्यकार कृष्णचन्द्र सिंह प्रधानले लेख्नुभए अनुसार- "... राजनीतिमा समाजवाद र साहित्यमा प्रगतिवाद एउटै अर्थ र उद्देश्य प्राप्तिका दुई भिन्न वस्तुहरु हुन्" भन्ने धारणा प्रगतिवादी साहित्यकारहरुको थियो। प्रगतिवादी साहित्यकारहरुको कार्यक्षेत्रका बारेमा त्योबेला साहित्यकार प्रधानले लेख्नुभएको थियो- "नेपालको शत्रु क्रान्तिद्वारा राणाशाही चुँडिएर अधिकारहीन अवरोध फाँडिदा र अर्कोतिर जनवादी क्रान्ति अन्तमा गइकन पूँजीवादी र सामन्तवादी वर्गमा सम्झौताको रुपमा मिसिंदा यसबाट नेपालको इतिहासमा क्रान्तिको अर्को युग शुरु हुन्छ, अथवा दोस्रो नयाँ जनवादी क्रान्तिको इतिहास अर्थात् दोस्रो खुड्किलो आरम्भ हुन्छ। यो संघर्ष अब स्वदेशी र विदेशी पूँजीवादी साम्राज्यवादसंगको हुनेछ। यस संघर्षमा विशेषत: सांस्कृतिक प्रधानता रहनेछ। अथवा यसो भनूँ प्रगतिवादी-क्रान्तिकारी सांस्कृतिक

अभ्युत्थानद्वारा यसको व्यापक क्रान्ति फैलिनेछ। यही सांस्कृतिक चेतना र संघर्ष प्रत्येक प्रगतिवादी कलाकार, साहित्यकारहरुको कार्यक्षेत्र हुनेछ।"

गठनको क्रममा रहेको प्रगतिशील लेखक संघ र यसका उद्देश्यहरु बारे २००८ साल चैत्रको "शारदा" पत्रिकाको सम्पादकीयमा लेखिएको थियो- "क्रान्तिलाई अमर राख्न र सामाजिक क्रान्ति गर्न प्रगतिशील लेखक संघ खुलिरहेछ। यसले आफ्नो मुखपत्र "प्रगति" नामक मासिक पत्र पनि निकाल्ने भएको छ ....। प्रगतिशील लेखक संघले संसारमा भएका भूखमरीको विरोधमा कमलद्वारा संघर्ष गर्ने र संसारमा भएको साम्राज्यवादी शक्तिसित, पूँजीवादी तथा सामन्तवादी शक्तिसित संघर्ष गर्ने छ।"

२००९ सालमा प्रगतिशील लेखक संघको स्थापना भएपछि प्रगतिशील साहित्यिक आन्दोलनलाई अगाडि बढाउन हृदयचन्द्र सिंह प्रधान, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, कृष्णचन्द्र सिंह प्रधान, गोविन्दप्रसाद लोहनी, भूपि शेरचन, मदनमणि दीक्षित, डी. पी. अधिकारी, श्यामप्रसाद शर्मा, देवीप्रसाद किसान, गोकुल जोशी, गोविन्द भट्ट, आनन्ददेव भट्ट, ताना शर्मा, बालकृष्ण पोखरेल, वल्लभमणि दाहाल, शक्ति लम्साल, धनुषचन्द्र गौतम, रमेश विकल, भैरव अर्याल, भवानी घिमिरे आदिको भूमिका महत्वपूर्ण रह्यो। "प्रगति" र "सेवा" जस्ता पत्रिकाले पनि यो आन्दोलनलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका खेले।

जनताको हक-अधिकारको पक्षमा लागेर लेख्ने साहित्यकारहरुले राणा शासनको समाप्ति पछि पनि विभिन्न विघ्नबाधाहरु सहनु पर्‍यो। राणा शासनमा जस्तो अरुले पोलेको भरमा साहित्यकारहरुलाई गिरफ्तार गर्ने, थुन्ने, सर्वस्वहरण गर्ने तथा यातनाद्वारा लेखक-साहित्यकारहरुलाई त्रस्त बनाउने काम व्यापकरुपमा त भएन। तर बेलाबेलामा लेखक-साहित्यकारहरुलाई दु:ख दिने काम भने राणा शासनको अन्त्य भएर बहुदलीय व्यवस्थाको स्थापना भएपछि पनि जारी रह्यो। उदाहरणको रुपमा कवि युद्धप्रसाद मिश्रको कृतिमाथि लगाइएको प्रतिबन्ध र साहित्यकार धनुषचन्द्र गौतमलाई गिरफ्तार गरी जेल संजाय दिइएको घटनालाई लिन सकिन्छ। कवि मिश्रको "अमर कथा" कृतिलाई नेपाली कांग्रेस पार्टी सत्तामा रहेको बेला प्रतिबन्धित गरिएको थियो भने कांग्रेसका नेता तथा साहित्यकार विश्वेश्वरप्रसाद कोइराला गृहमन्त्री रहनु भएकै समयमा धनुषचन्द्र गौतमलाई गिरफ्तार गरी केही समय जेलमा राखिएको थियो।

राजनीतिक परिवर्तन भए पनि आर्थिक-सामाजिक क्षेत्रमा कुनै परिवर्तन नभएकाले साहित्यकारहरुले सोही अनुसार आफ्नो भूमिकालाई अगाडि बढाए। बहुदलीय प्रजातन्त्रको नाममा संचालित शासनको समय-समयको निरंकुशता र दमनका विरुद्ध जुध्दै विशेषगरी जनताका हक-अधिकारका पक्षमा लेख्ने प्रगतिवादी लेखकहरु देशमा आमूल परिवर्तनको माग गर्दै लेखनमा सक्रिय रहे।

२०१७ साल पुस १ गते बहुदलीय व्यवस्थाको अपहरण गरी निर्दलीय निरंकुशता लादिएपछि फेरि साहित्यकारहरु दमन र यातनामा पर्न थाले। पंचायती शासकहरुले साहित्यकारहरुमाथि गरेको दमन राणाशाही दमन जस्तै रह्यो।

बहुदलीय व्यवस्थाको अपहरणसंगै जननिर्वाचित प्रधानमन्त्री तथा साहित्यकार विश्वेश्वरप्रसाद कोइरालालाई गिरफ्तार गरेर आठ वर्षसम्म जेलमा राखियो। त्यस्तै साहित्यकार डायमन शमशेर र तारिणीप्रसाद कोइरालालाई पनि गिरफ्तार गरेर जेलमा राखियो। पंचायती दासत्वलाई अस्वीकार गरेर साहित्य सिर्जनाद्वारा निरंकुशताको विरोध गरेकै कारण कवि युद्धप्रसाद मिश्र लामो समयसम्म निर्वासित जीवन बिताउन बाध्य हुनुभयो। "गंगा कावेरी एक्सप्रेस" काव्य तथा अन्य क्रान्तिकारी साहित्यिक रचनाका सर्जक समेत रहेका वामपन्थी नेता मोहनविक्रम सिंह, हरिबहादुर श्रेष्ठका नामबाट साहित्यिक रचना सिर्जना गर्ने नारायणमान विजुक्छेलाई पनि गिरफ्तार गरेर जेलमा राखियो। यसरी नै साहित्य लेखेर स्थापित भई नेपाली कांग्रेसको राजनीतिमा लाग्नु हुने दमन ढुंगाना, साहित्य लेख्दै वामपन्थी राजनीतिमा समेत सक्रिय नारायण शर्मा पनि पंचायती दमनको पीडा खप्न बाध्य हुनुभयो। साहित्यकार ताना शर्मा र वल्लभमणि दाहाल पनि पंचायती निरंकुशताका विरुद्ध उभिएर निर्भिकतासाथ सिर्जनारत रहे बापत दमनमा पर्नु भयो। तर पछि उहाँहरु दुवै जना आफ्नो अडानमा रहन नसकेको टिप्पणी गर्ने गरिन्छ। हास्यव्यंग्यकार केशवराज पिंडाली जेल मात्र पर्नु भएन, उहाँको सम्पत्ति समेत जफत गर्ने निर्णय पंचायती शासकहरुले गरेका थिए।

नेपाली कांग्रेसले शुरु गरेको सशस्त्र संघर्ष र उत्साही युवा कम्युनिष्टहरुले चलाएको झापा संघर्षको प्रभाव साहित्यको क्षेत्रमा पनि पर्नु अस्वभाविक थिएन। त्यस्तै २०३५/३६ सालको जनसंघर्षले नेपाली साहित्यमा निरंकुशता एवं दमन-उत्पीडन विरोधी सशक्त प्रवाहकै जन्म गरायो। कविहरु सडक कविता क्रान्तिको नाममा सडकमै उत्रिए भने मासिक रुपमा साहित्य सन्ध्याको शुरुवात हुन पुग्यो। प्रगतिशील लेखक संघ पुनसंगठित र क्रियाशील हुन पुग्यो। राष्ट्रिय जनसांस्कृतिक मंच लगायत अन्य थुप्रै साहित्यिक संस्थाहरुको स्थापना भयो। जनताको आवाज बोक्ने प्रगतिशील साहित्यिक पत्रपत्रिकाहरुको बाढी नै चल्यो। नागरिक हक अधिकारको पक्षमा आवाज उठाउँदै देशव्यापी साहित्यिक गतिविधिहरु संचालित हुन थाले। शासकहरुले कतिपय साहित्यिक गतिविधिमाथि समेत दमन चलाए। दमनका विरुद्ध जुध्दै साहित्यकारहरु न्याय र जनअधिकारका पक्षमा सक्रिय भई नै रहे।

यस क्रममा पनि साहित्यकारहरुलाई जेलमा थुन्ने, यातना दिने, निर्वासित हुन र भूमिगत बस्न बाध्य पार्ने कामहरु भए। साहित्यकार मोदनाथ प्रश्रितलाई ६ वर्षभन्दा बढी समय जेलमा थुनियो। उहाँलाई कठोर यातना समेत दिइयो। त्यसबाहेक साहित्यकार प्रश्रितलाई लामै समयसम्म निर्वासित एवं भूमिगत जीवनमा रहन समेत बाध्य पारिएको थियो। साहित्यकार श्यामप्रसाद शर्मा झण्डै २५ वर्षसम्म भूमिगत रुहन बाध्य बन्नु भयो। यस्तै, साहित्यकारहरु केवलपुरे किसान, गोविन्द भट्ट, पारिजात, आनन्ददेव भट्ट, मदनमणि दीक्षित, प्रदीप नेपाल (संजय थापा), निनु चापागाईं, द्रोणाचार्य क्षेत्री, पद्मरत्न तुलाधर, दुर्गालाल श्रेष्ठ, खगेन्द्र संग्रौला, सूर्यबहादुर पिवा लगायत धेरैले पंचायती दमनबाट प्रताडित रहनु पर्‍यो।

निरंकुशता, दमन र शोषण-उत्पीडनको विरुद्धमा रहेका लेखकहरु पंचायती शासनको अन्त्यतिर निर्भिकतापूर्वक सडकमै उत्रिए। प्रजातन्त्रका लागि संचालित संयुक्त जनआन्दोलनकै क्रममा ०४६ साल जेठ ३ गते राजधानीको त्रिचन्द्र क्याम्पसमा लेखक-कलाकारहरुले मुखमा कालोपट्टि बाँधेर निरंकुशता विरुद्ध आफूलाई सडकमा उतारेका थिए। युद्धप्रसाद मिश्र, पारिजात, वासु शशी जस्ता संघर्षशील साहित्यकारहरुको नेतृत्वमा एकसय साठी जना लेखक-कलाकारहरुले गिरफ्तारी दिएका थिए। यस बाहेक, पंचायत विरोधी संयुक्त जनआन्दोलनलाई सफल बनाउन

साहित्यकारहरुले क्रान्तिकारी रचनाहरुको सिर्जना गर्ने र आन्दोलनको पक्षमा साहित्यिक पत्रिका निकालेर प्रचार-प्रसार गर्ने काम पनि गरेका थिए।

२०१७ साल पुसदेखि २०४६ साल चैत्रसम्मको निरंकुश पंचायती शासनकाल साहित्यकारहरुका लागि समेत दमनकारी र पीडादायी काल रह्यो। धेरै साहित्यकारहरु शासकहरुबाट प्रताडित रहे। तथापि यो समयमा नेपाली साहित्यमा संघर्षशील विद्रोहको स्वर निकै उर्वर बन्यो। असंख्य नयाँ साहित्यकारहरुको उदय भयो। साहित्य मानव जीवनका लागि हो भन्ने मान्यता मजबुत ढंगले स्थापित बन्यो। श्रृंगारिक धारा र भक्तिधाराका नाममा देखापर्दै आएको अश्लील एवं स्तुतिवादी लेखन लगभग अस्तित्वहीन बन्न पुग्यो। जनताले भोगिरहेका दुःख, दमन, उत्पीडन र त्यसका विरुद्धको जनताको संघर्ष नै साहित्यका विषयवस्तु बन्न पुगे। जनअधिकार, स्वतन्त्रता र प्रजातन्त्रको आवाज साहित्यकारहरुको पनि आवाज बन्न पुग्यो।

सो समयमा जन-अधिकारका लागि निर्भिकतासाथ लेख्ने साहित्यकारहरुमा गोकुल जोशी, युद्धप्रसाद मिश्र, पारिजात, मोदनाथ प्रश्रित, गोविन्द भट्ट, रमेश विकल, भैरव अर्याल, केवलपुरे किसान, श्यामप्रसाद शर्मा, भूपि शेरचन, विजय मल्ल, गोविन्दबहादुर मल्ल "गोठाले", धनुषचन्द्र गौतम, मदनमणि दीक्षित, दौलतविक्रम विष्ट, लीलाबहादुर क्षेत्री, खगेन्द्र संग्रौला, निनु चापागाइँ, डि.पी. अधिकारी, सत्यमोहन जोशी आदि प्रमुख छन्। आफ्ना सिर्जनाबाट जनतालाई सचेत बनाउन महत्वपूर्ण भूमिका खेल्ने कतिपय साहित्यकारहरु आफ्नो अडानमा टिक्न नसकेका उदाहरणहरु पनि छन्।

२०४६ सालको संयुक्त जन-आन्दोलनको सफलताले नेपालमा बहुदलीय व्यवस्थाको स्थापना भयो। जनताका हकअधिकारका पक्षमा र शोषण उत्पीडनका विरुद्धमा कलम चलाउने सर्जकहरुका लागि अहिलेको स्थिति तुलनात्मक रुपले निकै नै खुकुलो रहेको छ। यद्यपि राजनीतिक आरोपमा खगेन्द्र संग्रौला, शक्ति लम्साल, ऋषिराज बराल, पूर्ण विराम, इच्छुक लगायत केही लेखकहरुलाई गिरफ्तार गरेर थुनेका घटनाहरु बहुदलीय व्यवस्थाको स्थापनापछि पनि देखिएका छन्। ती केही घटनाले लेखकहरुमाथिको दमन राजनीतिक आरोपमा अहिले पनि जारी रहेको पुष्टि गरेका छन्।

बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि पनि हत्या-दमन, शोष-उत्पीडन र जनअधिकारलाई कुण्ठित गराउने खालका घटनाहरु जारी रहेका छन्। त्यस्ता घटनाका विरुद्ध अहिले पनि साहित्यकारहरु सक्रियतापूर्वक लेखिरहेका छन्। त्यस्ता घटनाका विरुद्ध उनीहरु बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि पनि सडकमा उत्रिँदै आएका छन्।

२०४१ सालदेखि संगठित रुपमा अगाडि बढेको मानवअधिकार आन्दोलन यतिबेला निकै व्यापक र सशक्त आन्दोलनका रुपमा देखा परेको छ। प्रजातन्त्रको एउटा आधारभूत पक्ष मानवअधिकार हो। नेपालको मानवअधिकार आन्दोलनको आरम्भ र विकासका लागि नेपाली साहित्यकारहरुको भूमिका महत्वपूर्ण रहेको छ।

नेपालमा संगठित मानवअधिकार आन्दोलनको थालनी हुनुभन्दा धेरै अगाडिदेखि साहित्यकारहरुले मानवअधिकारसंग सम्बन्धित सवालहरुलाई उठाउँदै आएको यथार्थता पनि नेपालको मानवअधिकार आन्दोलनकै एउटा सिलसिलाको रुपमा रहेको छ। हत्या, दमन, शोषण, उत्पीडन र जनअधिकारको हननका विरुद्ध न्याय, समानता, प्रजातन्त्र एवं राष्ट्रियताको पक्षमा संचालित साहित्यिक आन्दोलन स्वयंमा एउटा मानवअधिकार आन्दोलनको रुपमा रहेको कुरालाई स्वीकार गर्नै पर्छ।

**सन्दर्भ-सूची**


१. माधवप्रसाद पोखरेल/रुद्र खरेल- "मकैको खेतिदेखि चैत्र ३ सम्म" (कार्यपत्र), २०५५
२. कमल दीक्षित - "बुईंगल" साझा प्रकाशन, २०३४
३. गोविन्द भट्ट - "प्रगतिवाद र मानवतावाद" नौलो नेपाली, वर्ष २, अंक २ (२०२८)
४. डा. तारानाथ शर्मा- "नेपाली साहित्यको इतिहास", नवीन प्रकाशन २०५१
५. डा. केशवप्रसाद उपाध्याय- "प्राथमिककालीन कवि र काव्य प्रवृत्ति" साझा प्रकाशन, २०४९
६. जनकलाल शर्मा- "जोसमनी सन्त परम्परा र साहित्य" नेराउप्र, २०२०
७. भूपहरि पौडेल- "कृष्णलाल अधिकारी र मकैपर्व" नेराप्रप्र, २०४५
८. बाबुराम आचार्य- "नेपाली साहित्यको इतिहास" नेराप्रप्र, २०५५
९. बालचन्द्र शर्मा- "नेपाली साहित्यको इतिहास", नेराप्रप्र, २०३९
१०. ऋषिराज बराल- "प्रगतिवाद र नेपाली उपन्यास" प्रजप, २०४०
११. दयाराम श्रेष्ठ- "वीरकालीन कविता" (सम्पादन), साझा प्रकाशन, २०३४


## गुहार गुहार

– युद्धप्रसाद मिश्र

लाशमाथि लाश भयो डढाउँदा गाउँ
धरतीमा कतै छैन हाम्रो बस्ने ठाउँ

स्त्री जातिका गुप्तांगमा संगीनका घोचा
बदलाको भावनामा छौ कि हामी होचा ?

न्याय खोज्छौं खर्दै जान्छौं आज ताता गोली
फेराइदिन्छौं धरतीलाई हामी नयाँ चोली

भारतसित परिसक्यो नजोरिने फाटो
भिजिसक्योरगतले नेपालको माटो

कैले हाम्रो साहसले सगरमाथा छुने
दुष्मनको रगतले हात-गोडा धुने

नेपालका सन्तति हे खुकुरीका धार
दिदी बैनी दाजु भाइ गुहार ! गुहार !

मान्छे खाने जन्तुलाई भगाइदिन आओ
जागृतिको राँको झन् झन् जगाइदिन आओ।

## आफ्नो कमाई आफै खाने

– गोकुल जोशी

किन कोही भोकभोकै तडपिएर मर्ने ?
किन कोही अन्यायमा अभिमान गर्ने ?

कोही किन गल्ली गल्ली भिख मागी हिंड्ने ?
कोही किन हवेलीको बिलासमा डुब्ने ?
आफ्नो कमाई आफै खाने समताको बलमा
विश्व शान्ति समृद्धिको संघर्षको फलमा।

फेरि पनि निर्माणको विश्व पनि आउला
फेरि पनि नेपालीले क्रान्ति गीत गाउला
ज्यूँदो मुटु कलेजोमा क्रान्ति फूल फुल्छ
नेपालको नौलो हावा संसारमा डुल्छ।

# मानवीय सरोकारको कुरामा नेपाली साहित्यको धरोहर

**- राजव**

नेपाली साहित्यको प्रारम्भ मानवीय संवेदनाको सूत्रबाट भएको कुरा नकार्न सकिन्न। हुन त नेपाली मात्र हैन विश्वका सबै भाषाको स्रोतसूत्र संवेदना नै हो। तर, नेपाली भाषाले आफ्नो साहित्यको प्रथम चरणमा नै मानवीय संवेदनाको स्पन्दनलाई पछ्याएको देखिन्छ। आदिकवि भानुभक्त पूर्व र उत्तरका कुनै पनि साहित्यिक सृजनात्मक पंक्तिले मानवीय संवेदनाको गहनतालाई आफ्नू भार नबनाएको भेटिन्न। संख्यात्मक रुपले नेपाली साहित्यको प्रारम्भ र मध्य त्यत्ति घनिभूत नभए पनि सामाजिक र मानवीय संवेदनाको गुणात्मकताको हिसाबले ती सिर्जनाहरु अत्यन्त सघन भएको सम्प्रेषित हुन्छ। अध्यात्मिक चेतको प्रमुख प्रेरणा पाएको रामायणको नेपालीकृत सृजना होस् वा घोर प्रतिगामी लाग्ने उपदेशात्मक बधुशिक्षा होस् त्यसमा पनि मानवीय संवेदना र सामाजिक सरोकारको नै प्रेरणा पाइन्छ। अझ यही प्रेरणालाई अग्रगति दिँदै भानुभक्तले तत्कालीन शासकीय पद्धतिमाथि प्रहार गरेर अनेक अमर पंक्तिहरुको सिर्जना गरेका छन्। र, तिनै पंक्तिले नेपाली साहित्यको समयसापेक्ष समकालीन चेतनाको सूत्रपात पनि गरेको छ। साहित्यमा समयसापेक्ष समकालीनताको के महत्व छ भन्ने कुरा भानुभक्तका ती पंक्तिले स्पष्ट गराउँछन्। साथै भानुभक्तका ती पंक्ति अझसम्म पनि प्रासंगिक भइरहनाले तथाकथित शास्वततामा यथार्थ र समकालीनताको के भूमिका हुन्छ भन्ने कुरा छर्लङ्ग हुन्छ। र शास्वततालाई यथार्थ र समकालीनताभन्दा भिन्न मान्ने पंडितहरुलाई सोच्न कर गराउँछ। यस अर्थमा भानुभक्त आजको सन्दर्भमा पनि प्रासंगिक बनिरहेका छन्।

वास्तवमा प्राध्यापकीय पद्धतिमा नभन्ने हो भने निचोडमा नेपाली साहित्यको शुरुको सरोकार पनि सामाजिक्ता र मानवीय संवेदना नै हो भन्नु उचित हुन्छ। अझ भानुभक्त पूर्व र पछिका आधुनिक कालका प्राय: कविहरुको सरोकार मान्छे, समाज र त्यसको यथार्थ नै भएको देखिन्छ। यसकारणले पनि होला नेपाली साहित्यमा मौलिक तिलस्मी र रहस्यात्म मनोरञ्जक सिर्जनाहरुको कमी देखिएको।

यहाँ नेपाली साहित्यको ऐतिहासिक र विकासात्मक शल्यक्रिया गर्ने पंडित कर्म चाहिं गर्न खोजिएको होइन। खाली यो टिप्पणीको आफ्नू प्रसंगको आधारको दुरी र विन्दु केलाउन मात्र खोजिएको हो। र, यही केलाउने प्रसंगमा जो कोहीले पनि नेपाली साहित्यको प्रारम्भिक आधार नेपाली समाज र संवेदना नै देख्छ। र, म पनि त्यही देखिरहेछु। त्यही देखिनुमाथिको चिन्तन हो यो टिप्पणीको बाँकी प्रसंगहरु। ती प्रसंगहरुको लागि मैले नेपाली साहित्यको जगदेखि छानोसम्मका




निर्माताहरुको प्राचीको यस अंकमा संकलित रचनाहरु फेरि एक पटक यस प्रसंगको लागि पढ्ने र बुझ्ने कोसिस गरेँ। यो कोसिस मलाई एकदम सुखद, प्रेरणास्पद र आनन्दको लाग्यो।

जुन आस्थाको लागि, जुन प्रेरणाको लागि, जुन सरोकारको लागि नेपाली साहित्यका यहाँ संकलित यी केन्द्रीय अग्रजहरुलाई श्रद्धा गरिन्छ, त्यसको आधार तिनको कला, शैलीविन्यास र स्वरुपमात्र हैन तिनको मानवीय दायित्वको रचनागत प्रतिबद्धताप्रतिको कटिबद्धता पनि हो। यही प्रतिबद्धताले गर्दा तिनको सिर्जनाप्रति जनअभिरुची बढेको छ। र, तिनको पाठकीय सीमाले नेपाली भूगोलं नाघ्न खोजेको छ। वास्तवमा लेखकको सामाजिक र मानवीय सरोकार जति बढी हुन्छ त्यसको पाठकीय सरोकारको क्षेत्र पनि त्यतिकै ठूलो हुन्छ भन्ने कुरा साहित्यका उत्तरआधुनिक र एक्काइसौं शताब्दीका संघारका समीक्षकसम्मले स्वीकारी सकेको कुरो हो। त्यसकारण प्राचीको यो अंकमा साभार भएका सिर्जनाका लेखकहरु नेपाली साहित्यका मात्र थाम नभएर नेपाली समाजको न्यायको पक्षमा बोल्ने जनसरोकारका जनप्रवक्ता पनि हुन्। त्यसकारण यी लेखकहरु नेपाली समाजले श्रद्धानत पढ्ने र आदरपूर्वक हेरिने लेखक हुन्। समाजतिर फर्किने लेखकलाई समाजले आदरपूर्वक हेर्छ नै।

यस अंकमा नेपाली मात्रका एकमात्र महाकवि लक्ष्मीप्रसाद देवकोटाको "नर-नारी" भन्ने निबन्ध संकलित छ। हुन त यो निबन्ध देवकोटाको श्रेष्ठ निबन्ध पनि होइन, श्रेष्ठ प्रतिनिधि रचना पनि होइन र त्यस्तै कलात्मक उचाइको उदाहरणको रचना पनि होइन। तर, यो निबन्ध देवकोटाको सामाजिक सरोकारको आँखीझ्याल चाहिँ हो। स्त्री लिंग र पुलिंगको विकासात्मक चिन्तनसहित नारी उत्पीडन विरोधमा उनिएको संवेदनात्मक सृजना हो यो निबन्ध। नारी दयनीय र ताडनीय वस्तु मान्ने तत्कालीन समाजको बीचमा बसेर लेखिएको यो निबन्ध त्यस समाजप्रतिको विद्रोहको प्रतिनिधि रचना पनि हो। त्यसमा तत्कालीन विभेदकामी समाजलाई लतार्दै देवकोटा भन्छन्- "हे लठ्ठक भलाद्मी हो ! उनी घरकी जनाना, पशु हैन, न मालताल हो, न सिंगारिएकी पुतली ! हेर ! विषयकी वेदी हो न कमारी हो, न दु:ख दिनलाई ल्याएकी वस्तु हो। न तिम्रो उसलाई अत्याचार गर्ने अधिकार छ। उसलाई बिगार्ने, न उसलाई सौता हालेर दु:ख दिने ........." यसरी लतार्दै देवकोटा निष्कर्षमा भन्छन् "नारीहरुले सभ्य, सुन्दर, कलात्मक, स्वस्थ जीवन पाउनुपर्छ, समाजमा उचित स्थान, समानता, देश संचालनमा उचित हिस्सा ......." तर यी सब कुरा देवकोटाले नारामा होइन कला र सौन्दर्यमा भनेका छन्। त्यसकारण देवकोटाको भनाइ समाजलाई रुचिकर र मननीय लाग्छ। र साँच्चिकै सचेत र परिवर्तनकामी बन्न प्रेरित गर्छ।

वास्तवमा समाजको धार्मिक, राजनैतिक, न्यायिक, साँस्कृतिक र सामाजिक विकृति र शोषणमा समग्र दृष्टि दिने तत्कालीन लेखकमा देवकोटामात्र एक देखिन्छन्। समाजको सबै सरोकारको कुरालाई स्वतन्त्रतापूर्वक आत्मसाथ गरेर तिनको न्यायिक संचालनमा जोड दिने विराट साहित्यकारको रुपमा देवकोटालाई लिनुपर्छ।

तत्कालीन सामाजिक र आर्थिक शोषणको सन्दर्भमा हेर्दा अत्यन्त विद्रोही विदुषी कवयत्री योगमायाको आध्यात्मिक चेतबाट

हेरिएको आर्थिक शोषणविरुद्धको तल प्रस्तुत कवितांश अत्यन्त क्रान्तिकारी लाग्छ। योगमाया बाँचेको सामाजिक परिवेश र तत्कालीन राजनैतिक क्रुर परिस्थितिको दृष्टिले यो कविता क्रान्तिकारी हो नै। शुरुमै उनी यस्तो भन्छिन् :

*थितिदेखि बिथि तिता भएकै छ अैले*
*त्यही थिति बिग्रनाले बिन्ति गरो मैले !*
*असामीले पहिले कर्जा तिरी सक्थ्यो*
*साहु भन्ने लोभिले ता बाँकी भनेछ।।*
*योगमाया सन्त परम्पराकी विदुषी हुन्।*

तर उनमा सामाजिक सरोकारप्रतिको प्रतिबद्धता कुन सीमासम्म समाहित रहेछ भन्ने कुरा उक्त कवितांशले प्रमाणित गर्छ। वास्तवमा हाम्रा सन्त परम्परामा लागेका साहित्यकारहरुले सामाजिक सरोकार नछोडेको प्रमाण तिनका थुप्रै रचनाले दिन्छन्। र फेरि पनि भन्न कर लाग्छ नेपाली साहित्य शुरुदेखि नै सामाजिक सरोकारको गतिमा बग्न थालेको रहेछ।

खरो जनप्रतिबद्ध कवि, नाटककार हुन गोपाल प्रसाद रिमाल। उनी नेपाली कविता र नाटकको नयाँ बेर्ना सार्ने साहित्यकार हुन्। सम्पूर्णत जनप्रतिबद्ध छन् उनका रचनाहरु। नेपाली साहित्यमा उनको स्थान गुणात्मक हिसाबले देवकोटा र समकोभन्दा कम छैन। अझ चिन्तन र प्रखरतामा यी देवकोटा र समभन्दा अलग छन्। विशेषगरी तत्कालीन राजनैतिक र नारी उत्पीडनको विद्रोह र राप भेटिन्छ यिनको रचनाहरुमा। यस अकमा यिनको "नारी" शीर्षकको कविता संकलित छ। तत्कालीनताको सापेक्षतामा यो कविताको शिल्प नै नविनता भेटिन्छ। शिल्प र संवेदनाले कस्सिएको यो कविता नारी सौन्दर्य, नारी मुक्ति, नारी महत्वको संवेगले रचिएको छ। नारीलाई चौतर्फी दृष्टिकोणमा हेर्नुपर्ने दृष्टि व्यक्त गर्ने यो कविताको अन्तमा यस्तो आह्वान गरिएको छ-

*"नारी" शब्द बोल्दाखेरि देखिएको तिम्रो आँखाको चमकलाई*
*मेरो हृदयको गहिराइमा नहराउने गरी छाड्न नबिर्से*
*किनभने त्यो चमक नभए नारी उपरको हरेक विचार*
*रुखो हुँदोरहेछ, त्यो चमकविना*
*नारी "नारी" शब्दमा अटाउन पनि अटाउन्न।"*

वास्तवमा नारी शोषण, नारीदमन र नारी प्रतिको अन्यायको विरोध, नेपाली साहित्यका आधुनिकोत्तर लेखक, कविले मात्र होइन, त्यस पूर्वका कविहरुले पनि गरेका छन्। यसको उदाहरण त्यस कालखण्डका सन्तकविदेखि बुद्धिजीवी कविसम्मका काव्य पंक्तिहरुमा भेटिन्छ। यसको प्रामाणिकताको लागि बालविवाह, अनमेल विवाहको तत्कालीन प्रथाको विरोधमा लेखिएको पहलमान सिंह स्वाँरद्वारा लिखित कविताको प्रस्तुत कवितांशलाई अघिसार्न सकिन्छ :

*जुन दैव वालविधवा गरिदिन्छ याहाँ।*
*जुन धर्म वालविधवा गरिदिन्छ याहाँ।।*
*जुन न्याय गर्छ विधवा इनि सानीलाई।*
*धिक्कार दैव र अधर्म समाजलाई।।*

नारी मुक्ति र अस्तित्वको प्रतिकात्मक अर्थ दिने "सत्ताको खोजमा" शीर्षकको यसमा संकलित एकांकीका लेखक विजय मल्लले नारी उत्पीडन, गुम्फनका थुप्रै कथा, नाटक, कविता र उपन्यास लेख्नु भएको छ। "सत्ताको खोजमा" देखिएकी नारी देवकोटा र रिमालको सृजनामा देखिएकी नारीभन्दा भिन्न छे। शिक्षित छे। र, आफ्नू मुक्तिप्रति सचेत छे। त्यही सचेतता विजय मल्ल आफ्नू नाटकमा देखाउँछन्। वास्तवमा विजय मल्लको नारी आजको नारीवादी महिला हो जो तिलकजस्तो व्यक्तिको पारम्पारिक कायर दृष्टिकोणको विरोध गर्छे। तिलक प्रसाद जस्ता व्यक्ति नारीप्रति प्रेमको ढोंग गर्ने र आत्मसुखको लागि नजानिंदो पाराले नारीको शोषण गर्छन्। यही बुझेर पुछारमा सचेत नारी पात्र मीना भन्छे- "सायद म प्रमिला भएकी भए जवाफ दिन्थे स्वास्नी मानिस कसरी स्वतन्त्र भएर बाँच्न चाहन्छन् ?

यो टिप्पणीको शुरुमै प्रसंगात नारी-मुक्ति र उत्पीडनको कुरो आयो। तर नारी उत्पीडन र शोषणमात्र नेपाली साहित्यको सामाजिक प्रसंग होइन। समग्र सामाजिक शोषणको केन्द्रमा नारी शोषण अझ संवेदित कुरो भएकोले तत्कालीन साहित्यको केन्द्रीय सरोकार नारी र तिनको शोषणको पक्ष उत्कृष्ट हुनु स्वाभाविक हो। र, यो पक्षलाई उजागर गरेर ती लेखक कविहरुलाई तत्कालीन राजनैतिक दमनको स्थिति बुझाउन सायद सजिलो भयो कि ?

साम्यवाद, समाजवाद, स्वतन्त्रता, शोषण, अन्यायमाथिको तत्कालीन समाज र व्यक्तिको दृष्टिकोण र त्यो दृष्टिकोण राख्ने समाजको निर्धनता र विवशता, गोविन्द बहादुर मल्ल गोठालेको एकांकी "भोको घर" ले व्यक्त गर्दछ। वास्तवमा गोविन्द बहादुर मल्ल गोठाले सामाजिक सरोकारमा केन्द्रित लेखक हुन्। नेपाली कथा, नाटक, उपन्यास र अन्य फुटकर गद्य लेखनको उत्कृष्टताको लागि नेपाली साहित्यमा उनको स्थान उच्च छ। गोठालेका रचनाहरुले समग्र मानवीय स्वतन्त्रताको आह्वान गर्छन्।

तर विजय मल्लको नारीले आफ्नू स्वतन्त्र अस्तित्व खोज्ने र गोठालेको "राजेन्द्र" नामक पात्रले "जे पनि पत्यार लाग्छ, अब नपत्याउने कुरो के छ यस संसारमा ! नेपालको प्रजातन्त्र यस्तै हो भन्ने कुरामा पनि पत्यार लाग्छ, हामी भोकै हुनु नै प्रजातन्त्र हो भन्ने कुरामा पनि विश्वास लाग्छ ..." भन्न सक्ने पृष्ठभूमि तयार हुन थुप्रै समयको रचनात्मक संघर्ष लागेको छ। यो संघर्षमा अग्रज ऋषि कवि लेखनाथ पौडेल, तिनका पनि अग्रज मोतिराम, यिनका पनि अग्रज भानुभक्तका रचनात्मक आह्वान र संघर्ष नेपाली समाजले प्रशस्त पाएको छ। अनिमात्र जागृतिका कवि धरणीधरले भन्न सके :

*जाग जाग अब जागन् जाग*
*लाग उन्नति विषे अब लाग*
*घोर निंद अब ता परित्याग*
*भो भयो अति सुत्यौ अब जाग।*

वास्तवमा कवि धरणीधरको समय जागरणको समय थियो। लेखनाथको पिंजराको सुगाले मुक्ति खोजेको समय थियो। त्यही जागरणको समयका अर्का जागृतिका अग्रज कवि "माग्नेको गीत" भनेर देवकोटाको "यात्री" कविताको हाराहारीमा यस्तो लेख्छन् :

*"कुकुर भुक्तै गीत न छोप*
*पशुपति जाने पर्ख ननिस्क*
*उसको गायन टुंगिन देओ*
*पीडित स्वरमा पग्लिरहेको।"*

वास्तवमा यी पंक्तिहरु तत्कालीन मानवतावादका उदाहरण हुन्। लेखनाथको आध्यात्मिक मानवतावाद होस् वा देवकोटा, सिद्धिचरणको आदर्शोन्मुख मानवताबाट होस् वा कथा गुरु गुरुप्रसाद मैनालीको समाजोन्मुख मानवतावाद होस् यी सबले नेपाली साहित्यको ऋषि पुस्ताका अधिकांश लेखक कविहरुको लेखन मान्छे र समाज विमुख थिएन भन्ने प्रमाणित गर्छ । ती सब लेखक, कवि आ-आफ्नू दृष्टि विशेषमा सामाजिक पक्षधरता व्यक्त गरिरहेका थिए।

२००७ सालको क्रान्ति र प्रजातन्त्र प्राप्ति पछि नेपाली साहित्यको रुप, स्वर र सन्दर्भहरुमा परिवर्तन देखा पऱ्यो। यो समयगत स्वाभाविकता थियो। यस कालखण्डको प्रतिनिधित्व अग्रज ऋषि पुस्ताको साथसाथै विजय मल्ल, गोविन्द बहादुर मल्ल गोठाले, रमेश विकल, दौलतविक्रम विष्ट, पोषण पाण्डे, मोहन कोइराला, शंकर कोइराला आदिका रचनाले गर्दछन्। तर २०१७ सालको जनघाती कदमले जन्माएको क्रुर राजनैतिक परिस्थितिमा जन्मि्का लेखकहरुको भूमिका अत्यन्त महत्वपूर्ण मान्नुपर्छ। २०१७ सालले जन्माएको यो कालखण्डमा मोहन कोइराला, ईश्वरवल्लभ, द्वारिका श्रेष्ठको जटिलमात्र विकसित भएन भुपि शेरचन, वैरागी काइँला, कृष्णभक्त

श्रेष्ठ, वासु शशी प्रभृतिहरुको सप्लोन्मुख काव्य प्रवृत्ति पनि जन्मियो। तर सुखद कुरा चाहिं यै हो कि जटिल र सरल लेख्ने दुवैले स्वतन्त्रता र जनअधिकारको कुरा भने छोडेका थिएनन्। तर जटिल र दुर्बोध्यतामा व्यक्त हुन खोज्नेहरुभन्दा साहसका साथ कलात्मक सरलतामा व्यक्त हुने भुपि शेरचनजस्ता कविको युगिन र सामाजिक प्रतिबद्धता बढी मुखर हुन्छ। किनभने यिनमा जनतालाई आफ्नू लेखनीद्वारा यथार्थ बोध गराउने साहस बढी थियो। तत्कालीन परिस्थितिमा जनतालाई यथार्थ बुझाउनुको अर्थ तिनलाई पुन: स्वतन्त्रता, प्रजातन्त्र र आफ्नू अधिकार प्राप्त गर्ने संघर्ष गर्न उक्साउनु हो। किनभने जनता नउक्साई प्रजातन्त्रको पुनर्प्राप्ति संभव थिएन। त्यसकारण भुपि शेरचनजस्ता जनप्रतिबद्ध कविहरु रचनात्मक संघर्ष गर्न लागे। मलाई लाग्छ २००७ सालको परिवर्तनकोलागि गोपालप्रसाद रिमालको जेजति रचनात्मक भूमिका थियो त्यसपछिको परिवर्तनमा भूपि शेरचनको उत्तिकै रचनात्मक योगदान छ। समग्रत: नेपाली समाजले चाहेको वास्तविक परिवर्तन नआउन्जेल गोपालप्रसाद रिमाल, भुपि शेरचन र पारिजातको रचनात्मक उर्जा आवश्यक भइरहने र तिनकै धरोहरको उर्जा दिन सक्ने कविको जन्मको पनि आवश्यकता भइरहने कुरो मान्नु जरुरी छ। किनभने चालु नेपाली समाजको परिवर्तनको लागि त्यस्तै रचनात्मक उर्जा अपरिहार्य छ। त्यस्तै नेपाली समाजको परिवर्तनको लागि नाटक सम्राट बालकृष्ण समको रचनात्मक योगदानले शिखर छोएको छ। यहाँ उहाँको तत्कालीन राष्ट्रिय र विश्व परिवेशको सन्दर्भमा लेखिएको "मूलतत्व" शीर्षकको हिंसाविरोधी दार्शनिक कविता समावेश गरिएको छ। त्यसैगरी क्रान्तिकारी कवि युद्धप्रसाद मिश्रको जागृतिको आह्वान गरिएको "गुहार ! गुहार !" कविता संकलित गरिएको छ। उक्त कवितामा कवि मिश्र क्रान्तिकारी जनतालाई यसरी आह्वान गर्नुहुन्छ :

*"मान्छे खाने जन्तुलाई भगाइ दिन आओ*
*जागृतिको राँको झन् झन् जगाइ दिन आओ।"*

कवि युद्धप्रसाद मिश्र आफ्नू क्रान्तिकारी अग्रसरताको लागि स्तुत्य छन्। तर कवि मिश्रका यी पंक्तिको पूर्व जनकवि गोकुल जोशीले यस्तो लेखिसकेका थिए :

*"फेरि पनि निर्माणको विश्व पनि आउला*
*फेरि पनि नेपालीले क्रान्ति गीत गाउला*
ज्यूँदो मुटु कलेजोमा क्रान्ति फूल फुल्छ
नेपालको नौलो हावा संसारमा डुल्छ।"

तर जनजिब्रोमा झुण्डिएको आफ्नू सर्वत्र चर्चित कविता "यो हल्लै हल्लाको देश हो" मा सदा स्मृत कवि भूपि शेरचन यस्तो लेख्छन् :

*"तर यो देश तिम्रो जत्तिकै मेरो पनि हो,*
*अंशबंडा गर्ने हो भने पनि यो देशका एक करोड टुक्राहरुमध्ये एउटा टुक्रामाथि,*
*मेरो पनि छाप्रो हुनेछ*
*र यो देशका असंख्य बगरहरुमध्ये एउटा बगरमाथि*
*मेरो पनि चिता हुनेछ।"*

भूपिका आज पनि उत्तिकै सान्दर्भिक यी अमर पंक्ति निरंकुश पंचायती शासन कालका काला निरंकुशहरुलाई हाँक दिदै लेखिएका हुन्। भूपिका यी उत्प्रेरक पंक्तिले कैयौं क्रान्तिकारी चिन्तनहरु जन्मिएका छन्। यसको लेखाजोखा अलग स्थानमा महत्ताकासाथ गर्नु आवश्यक छ। भूपिकै हल्लै हल्लाको देशमा बस्ने अर्का प्रखर मानवतावादी कवि बासु शशी आफ्नू "वसन्त कोकिल" कवितामा लेख्छन् :

*"हे मानवताको सुकुमार दूत हो*
*आउ मसँग गाउ*
*मेरो पंचम तिख्खर सुरसँग*
*आफ्नो पनि स्वर मिलाई*
*आउ मसँग गाउ।"*

नेपाली साहित्यको कथा विधाको विकासमा कथागुरु गुरुप्रसाद मैनालीको "अभागी" कथाको प्रभाव र महत्व बेग्लै छ। मातृवियोगमा परेको एक बालकको स्थिति र त्यस पुत्रप्रतिको एक बाउको विवशता र प्रेमलाई मैनालीले अत्यन्त करुणात्मक दृष्टिमा यो कथा लेखेका छन्। त्यस्तै एक नारीको उत्कृष्ट चाह र त्यसको अन्त्यको एक कारुणिक प्रभाव वी. पी. को "मधेशतिर" कथाले दिन्छ। नेपाली साहित्यमा यो कथा कोशेशिला मानिन्छ। यस कथाले नारीभित्र निरन्तर जन्मिरहने अभिष्टको संप्रेषण गर्छ। तर आफ्नू कथा सिटी हलको बूढो ज्यामीमा पारिजात कथात्मकतालाई भन्दा आफ्नू आह्वानलाई प्राथमिकता दिन्छिन्। भिन्न कालखण्ड र विषयमा लेखिएका यी कथाहरुको सरोकार नेपाली समाज र नेपाली जीवन हो। तर अघिल्ला दुई कथाले परिस्थितिमात्र व्यक्त गर्छन् भने पारिजातको उक्त कथाले परिवर्तनको आह्वान पनि गर्छ। त्यसकारण पारिजात परिवर्तनकामी प्रतिबद्ध साहित्यकारको रुपमा स्तुत्य बनेकी छिन्।

शंकर लामिछाने नेपाली साहित्यमा शैली र प्रविधिको नयाँ बाटो देखाउने नयाँ गद्यका लेखक मानिन्छन्। विशेषगरी निबन्धमा उनको यो विशेषता झल्किन्छ। शैलीगत रुपमा मात्र होइन दृष्टिकोणको हिसाबले पनि उनका निबन्धहरु अत्यन्त चर्चित छन्। दार्शनिक रुपमा शंकर जीवनवादी, मानववादी हुन्। जीवन एक प्राध्यापक शीर्षकको निबन्धमा उनको यो पक्ष स्पष्ट उजागर भएको छ। त्यस्तै शंकरझैं जीवनवादी छन् साहित्यकार भैरव अर्याल। तर उनको तरिका शंकरभन्दा नितान्त भिन्न छ। किनभने शंकर गुण्टा फुकाउँछन् भने भैरव कस्छन्। किनभने अर्यालको विधि व्यँग्य हो। उनले आफ्नू निबन्धमा व्यँग्य अत्यन्त कुशलताकासाथ साधेका छन्। त्यही साधनाले नेपाली साहित्यमा उनलाई व्यँग्य महारथी नै मानिन्छ। उनले जयभुँडी निबन्धमा आफ्नू यो महारथीपन प्रशस्त देखाएका छन्। र व्यँग्य र हाँस्यजन्य प्रसंगहरु जन्माउँदै समाजका तमाम शोषक र दुराचारीको भण्डाफोर गरेका छन्।

नेपाली साहित्य निर्माण र त्यो निर्माणको क्रममा ऐतिहासिक, सामाजिक र राजनैतिक रुपको जनदायित्वलाई स्वीकारेर रचनात्मक योगदान गर्ने अन्य थुप्रै सम्मानित अग्रज लेखकहरु हुनुहुन्छ। तर, प्राचीले सीमित स्रोतमा खुम्चनु पर्नाले होला ती लेखकहरुको उपस्थिति यहाँ देखिन्न। तथापि कवितामा पहलमान सिंह स्वाँर, मोतिराम भट्ट, लेखनाथ पौडेल, बालकृष्ण सम, धरणीधर कोइराला, गोपाल प्रसाद रिमाल, भुपि शेरचन, गोकुल जोशी, बासु शशी, कथामा कथागुरु गुरुप्रसाद मैनाली, वि.पि. कोइराला र पारिजात, नाटकमा हृदयचन्द्र सिंह प्रधान, विजय मल्ल र गोविन्द बहादुर मल्ल र निबन्धमा लक्ष्मीप्रसाद देवकोटा, भैरव अर्याल र शंकर लामिछानेका रचनाहरुलाई उपस्थित गराएर प्राचीले मानवीय सरोकारको कुरामा नेपाली साहित्यको धरोहरको छटा प्रस्तुत गर्ने प्रयास गर्नु पनि स्वयंमा एउटा रचनात्मक कार्य हो। र नयाँ परम्पराको निर्माण हो।

## योगमाया

थितिदेखि थिथि तिता भएकै छ अैले
त्यही थिति बिग्रनाले विन्ति गरो मैले !
आसामिले पलिहे कर्जा तिरी सकेछ,
साहु भन्ने लोभिले ता बाँकी भनेछ।

दौल थिया हुनु भयो त्यही निर्धाबाटै,
आसामिले कर्जा तिर्यो तमसुकछ ठाडै।
छोरी थियो बालक बाबु मरेछ
लोभि साहु माग्न गयो तिर्नु परेछ।

हेर्न केटा तमसुकमा यति बढेको,
अन्तरयामी प्रभु देख्छन् धर्म छाडेको।
लोभ र अन्यायका अक्षर लेखेको,
आफू सत्य भगवानले रछ देखेको।

होइन मैले बोलेको ता योग छ चलेको
विचार गर्ने ज्ञानीलाई आत्मा खोलेको।

# मानवअधिकारको नाममा दोहोरो चरित्र र नीतिको हामी कट्टर विरोधी रहने छौं

**– गोविन्द भट्ट, वरिष्ठ प्रगतिवादी समालोचक**

*० नेपाली साहित्यमा मानवअधिकारका सन्दर्भहरु कुन रुपमा अभिव्यक्त भएका छन् ?*

- आधुनिक नेपाली साहित्यको स्रोत लोक-साहित्य हो। हाम्रो जस्तो बहुसंख्यक जनता कृषक भएको, पिछडिएको र सामाजिक, आर्थिक रुपबाट उत्पीडित भएको समाजमा थिचोमिचोका मार्मिक कुराहरु लोक साहित्यमा अभिव्यक्त भएका छन्। त्यो मानवअधिकारप्रतिको आकांक्षा हो। महिलाहरुले गाउने गीत, विदेशमा काम गर्न जानेहरुको बारे बनाइएको गीतमा मानव पीडाका कुराहरु आएका छन्। अलिखित लोक-साहित्यमा अप्रत्यक्ष रुपबाट मानवअधिकारका कुराहरु उठेका छन्। वर्गीय संघर्ष र असन्तोषलाई पनि लोक-साहित्यले उठाएको छ।


राणाकालमा राणाहरुको विरोध गर्ने क्रममा जेल परेका, देश निकाला भएका घटनाहरुलाई पनि मानवअधिकार हननको रुपमा लिन सकिन्छ। सुब्बा कृष्णलाल अधिकारीले "मकैको खेती" नामक पुस्तक प्रकाशित गर्दा जेल समेत पर्नुपरेको थियो र उनको जेलमै मृत्यु समेत भएको थियो। त्यतिखेर बनारसमा गएर पत्रिका निकाल्नेहरुले राणाहरुले गरेका अमानवीय क्रियाकलापलाई उजागर गरेको पाइन्छ। त्यसैबेला, भारतमा बस्ने नेपालीहरुले पनि अंग्रेजको विरोधमा आवाज उठाएको पाइन्छ। त्यो राजनीतिक अधिकारप्रतिको आकांक्षा थियो। त्यसो त राजनीतिक अधिकार मानवअधिकारको कारकतत्व पनि हो। राणाकालमा गोपालप्रसाद रिमाल, लक्ष्मीप्रसाद देवकोटा, विजय मल्ल, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, लक्ष्मीनन्दन चालिसे, श्यामप्रसाद, केवलपुरे किसान र युद्धप्रसाद मिश्रले प्रजातान्त्रिक अधिकारका कुराहरु उठाएका थिए। त्यो पनि मानवअधिकारसित सम्बद्ध छ।

२००८ सालमा कम्युनिष्टहरुले आफ्नो पर्चामा जनअधिकारका कुरा उठाएका थिए। शोषित वर्गहरुले अधिकार नपाएसम्म प्रजातन्त्र प्राप्त हुँदैन भनेर कम्युनिष्टहरुले मानवअधिकारको व्याख्या गरे। २००७ सालपछि विभिन्न संगठनहरुले आ-आफ्नो हक अधिकारका निम्ति राजनीतिक प्रश्नहरु उठाए। अहिलेको मानवअधिकार आन्दोलनको पृष्ठभूमि त्यसलाई मान्न सकिन्छ।

२०१७ सालपछिको कदमले अलिकति पाएको जनअधिकारमाथि पूर्ण रुपमा दमन भयो। एकतन्त्रीय शासन कायम भयो। त्यसपछि नेपाली जनताले राजनीतिक, आर्थिक र सामाजिक हक अधिकारको निम्ति संघर्ष थाले। त्यसमा लेखकहरुको ठूलो भूमिका रहेको छ। लेखकहरुको मौलिक अधिकारको निम्ति आवाज उठाइरहेको प्रगतिशील लेखक संघले २०१७ सालपछि आफ्ना कतिपय कार्यहरु स्थगित गर्नुपर्ने अवस्था सिर्जित भयो। तर पनि केही भूमिगत साहित्यिक पत्रपत्रिकाहरुमार्फत निरंकुश शासन विरोधी साहित्य लेखन तीव्र रुपमा बढ्न पुग्यो। प्रवासमा बसेर मोदनाथ प्रश्रित, युद्धप्रसाद मिश्र आदिले संघ संस्था र पत्रिका प्रकाशनहरुमार्फत् जनताका प्रजातान्त्रिक र सबै मौलिक हक अधिकारको पुनर्वहालीको आवाजलाई यथावत राखे।

त्यही क्रममा २०४६ सालको जनआन्दोलनमा लेखकहरुले कालो पट्टि बाँधेर गरेको ऐतिहासिक आन्दोलन पनि वाक स्वतन्त्रता र प्रकाशन स्वतन्त्रताको साथै सम्पूर्ण जनताको प्रजातान्त्रिक स्वतन्त्रताको संघर्ष थियो।

मानवअधिकारको व्याख्या इतिहासको विभिन्न चरणमा विभिन्न किसिमबाट हुने गर्दछ। जस्तै, हाम्रै देशमा राणाकालीन एकतन्त्रीय जहानीया शासनलाई हटाएर प्रजातन्त्रको स्थापना गर्नु मानवअधिकारको वास्तविक अर्थ थियो भने पंचायतकालताका प्रजातन्त्रको पुनर्वहाली गर्ने र सात सालपछि जनताले पाएका अधिकारहरु फेरि प्राप्त गर्ने कुरामा मानवअधिकारको आन्दोलन लक्षित थियो। राजनीतिक अधिकार मानवअधिकारको सबभन्दा महत्वपूर्ण पक्ष



हो। किनभने राजनीतिक स्वतन्त्रता वा अधिकार प्राप्त गरेपछि मात्र अरु अधिकारहरु प्राप्त गर्न सकिन्छ। तर राजनीतिक अधिकार विनाको अन्य अधिकारहरु निरर्थक र महत्वहीन हुन्छ।

२०४६ सालपछि नेपालमा प्रजातन्त्रको पुनर्वहाली भएपछि नेपाली साहित्यमा लेखन स्वतन्त्रताको एउटा नयाँ लहर आएको छ। २०४७ को संविधानले नेपाली जनताका केही मौलिक हक अधिकारको प्रत्याभूति गरेको छ। तर नेपाली जनताले संसदीय प्रजातन्त्र अन्तरगत केही राजनीतिक अधिकार पाए पनि यथार्थमा आर्थिक र सामाजिक अधिकारहरुका लागि अझै संघर्ष गरिरहनु परिरहेको छ। आर्थिक, सामाजिक अधिकार प्राप्त नभएसम्म राजनीतिक अधिकार पर्याप्त हुन सक्दैन।

त्यसैले आजका सचेत लेखकहरु प्रजातान्त्रिक व्यवस्थालाई त्यसभित्र उत्पन्न भएका विकृतिहरुबाट जोगाएर प्रजातन्त्रको सुदृढीकरण गर्ने र अझै पनि आर्थिक, सामाजिक अधिकारबाट वंचित रहेका जनतालाई त्यो अधिकार दिलाउने संघर्षमा लागेका छन्। आजका अधिकांश साहित्यिक पत्र पत्रिकाहरुमा छापिने कथा, कविता, निबन्ध, नाटक, हास्यव्यंग्य, गीत गजल आदिमा र यता देखा परेका केही कथा संग्रह, उपन्यास र कवितामा यो कुरा सहजै देख्न सकिन्छ। मानवअधिकारका लागि नेपाली साहित्यकार र कलाकारहरुले संघर्ष गरेको गौरवपूर्ण इतिहास रहेको यसबाट प्रमाणित हुन्छ।

*० साहित्य र मानवअधिकारबीचको अन्तरसम्बन्ध कस्तो हुनुपर्छ ?*

- मानवअधिकार भनेको मनुष्यलाई उसको आत्मप्रतिष्ठा र आत्मसुरक्षाका साथ सम्मानपूर्वक जीवन व्यतित गर्न पाउने भौतिक अधिकार हो। साहित्यको मूल आदर्श पनि त्यही मनुष्यलाई दरिद्रता, अशिक्षा, शोषण, दमन, तिरस्कार आदिबाट मुक्त हुने चेतना दिएर प्रतिष्ठापूर्ण जीवनको स्थान दिलाउनु हो। र, मनुष्यको व्यक्तित्वको सर्वाणिग विकास गर्ने चेतना दिलाउनु हो।

यसरी, मानवअधिकार राजनीतिक अधिकार मात्र नभएर नैतिक, सामाजिक र सांस्कृतिक दृष्टिबाट पनि उत्तिकै महत्वपूर्ण कुरा हो भन्ने विषयमा साहित्यले जोड दिंदै आएको छ। समाजमा केही सम्पन्न व्यक्तिहरुले मात्र सुख सुविधा र अन्य अधिकारहरुको भोगचलन गर्न पाउनु तर बहुसंख्यक जनताले भने तिनबाट वंचित रहन बाध्य हुनु कुनै पनि अर्थमा एक सच्चा इमान्दार साहित्यकारको लागि मान्य हुन सक्दैन। अन्तिम विश्लेषणमा साहित्यकारका युद्ध पनि मानवअधिकारकै लागि हुने युद्धको एक अभिन्न अंग हो। नेपाली साहित्यकारहरुले यस किमिसको भूमिका ज्यादा भन्दा ज्यादा रुपमा पूरा गर्नु पर्दछ।

*० मानवअधिकारको प्रश्नबारे साहित्यकारहरुबीच के कस्ता भिन्नता रहेका छन् ?*

नेपालमा मानवअधिकारको प्रश्नलाई लिएर साहित्यकारहरुबीच केही मतभिन्नताहरु रहेका हुन्। र, नेपाली साहित्यकारका बीच पनि त्यो देख्न सकिन्छ। एक थरिकाहरु मानवअधिकारलाई अमूर्त र बिल्कुलै आदर्शवादी ढंगले हेर्छन् र, पश्चिमा देशहरुको मानवअधिकार सम्बन्धी नीति र व्याख्यालाई मान्छन् भने प्रगतिशील र देशभक्त लेखकहरु यसलाई राष्ट्रिय सार्वभौमिकता र स्वाधीनता तथा बहुसंख्यक नेपालीहरुका गास, वास र कपास सम्बन्धी मुलभूत प्रश्नहरुको प्राप्तिसंग गाँसेर हेर्दछन्। र, पश्चिमाहरुको परिभाषा र व्याख्याप्रति असहमति जनाउँछन्।

आज नेपालमा गरीबिको रेखामुनि रहेका, शिक्षा र रोजगारी नपाएका बहुसंख्यक नागरिकहरुको मानवअधिकार भनेको दरिद्रता, अशिक्षा, पछौटेपनबाट मुक्त हुनु र न्यायपूर्ण, सम्मानजनक जीवन बिताउन पाउनु हो। नेपालको वर्तमान मानवअधिकारको मुख्य लक्ष्य पनि यही नै हुनुपर्दछ भन्ने प्रगतिवादी साहित्यकारको अडान छ।

*० मानवअधिकारको नाममा शक्तिसम्पन्न राष्ट्रहरुले गर्दै आइरहेको ज्यादतिबारे साहित्यकारको भूमिका कस्तो रहनु पर्ला जस्तो लाग्छ ?*

- आज मानवअधिकारका नाममा मानवअधिकार र प्रजातन्त्रको स्थापनाको नाममा संसारका केही शक्तिशाली पूँजीवादी साम्राज्यवादी मुलुकहरुले अरु विकासशील गरीब राष्ट्रहरुको राष्ट्रिय स्वतन्त्रताको उल्लंघन गर्ने, तिनका घरायसी मामिलाहरुमा ठाडो हस्तक्षेप गर्ने र सैन्य अतिक्रमण समेत गर्ने डरलाग्दो प्रवृत्ति देखाइरहेका छन्। तर त्यसले संसारका धेरै ठाउँहरुमा युद्ध र अशान्तिको अवस्था उत्पन्न गरेर विश्व शान्ति र स्थीरता माथि नै भयानक आघात पुऱ्याइरहेका छन्। विशेषगरी, सोभियत संघको विघटनपछि मानवअधिकारको नाममा संसारमा एक छत्र पूँजीवादी साम्राज्य खडा गर्ने उद्देश्यका लागि मानवअधिकार र प्रजातन्त्रको नारा अगाडि सारिएको छ, नेपालका देशभक्त, सच्चा प्रजातान्त्रिक र प्रगतिवादी लेखकहरुले आफ्ना रचनाहरुबाट यस्ता कुप्रवृत्तिहरुलाई उदांगो पार्ने र जनतालाई सचेत पार्ने काम गर्नु आजको प्रथम उत्तरदायित्व हो।

हालै मानवतावादी हस्तक्षेप भन्ने आकर्षक तर ज्यादै विशालु अवधारणा पूँजीवादी देशहरुले फिंजाउन थालेका छन्। जस अन्तरगत संसारको कुनै पनि कुनामा मानवअधिकारको रक्षा गर्ने निहुमा ठाडो सैन्य हस्तक्षेप समेत गर्न पाउने अधिकार उनीहरु प्राप्त गर्न चाहन्छन्। नेपाल लगायत संसारको सबै शान्तिप्रेमी प्रगतिवादी लेखकहरुले एकताबद्ध भएर यस अनैतिक नीतिको विरोध गर्नैपर्छ। हामी लेखकहरु मानवअधिकारका सबभन्दा बढी हिमायती र कर्मठ योद्धा हौं। हामी मानवअधिकारका विरोधी होइनौं। तर त्यस शब्दको दुरुपयोग गरेर केही व्यक्ति वा शक्ति राष्ट्रहरुको स्वार्थसिद्ध गर्नका लागि नक्कली मानवअधिकारका नाममा वास्तविक मानवअधिकारको हनन गर्ने दोहोरो चरित्र र नीतिको भने हामी अवश्य पनि कट्टर विरोधी रहनेछौं।

# सिटी हलको बूढा ज्यामीसँग

– पारिजात

तिम्रो नाम हर्कबहादुर 'रे ? पैंसठी वर्ष पुग्यौ 'रे ? जीवन के गरेर बित्यो 'रे ? सिमेन्टी प्लास्टर गरेर, गारो हालेर, ईटा बोकेर 'रे ? कतिवटा महल, कतिवटा भवन बनायौ थाहा छ ? के खान्छौ 'रे ? साविकमा गुन्द्रुक, मीठोमा मासको दाल 'रे ? कोट कहिले लाउन पाएनौ 'रे ? यत्रो पैंसठी वर्षभरिमा ? जाडो कहाँ भाग्छ आङै आङमा जान्छ 'रे ?

हरे ! निमुखा बूढा, तिमी त अझ पनि सन्तोषी हाँसो पो हाँस्दोरहेछौ। ठट्टा हो र पैंसठी वर्षभनेको ? छि: छि: कातर कुरा नगर मेरो अघि। मर्ने बेला पो भयो भन्दोरहेछ बूढा त ए ... । आजै बिहान सामान ओसार्दा मैले तिमीलाई सात-सात जवानको काम एक्लै भ्याइरहेको देखेको थिएँ। जवानहरु जिब्रो टोक्छन् तिम्रो अघि। तिम्रा यी ढुंगा माटोसँग चल्ने खैरा हातहरुमा अझ पनि कत्रो तागत लुकेको छ। चाह्यौ भने त आफैले बनाएको यो सिटी हललाई तिमी भत्काएर धूलोपिठो बनाइदिन सक्छौ। छि ! बूढा लाटा जस्तो नहाँस। पत्याएनौ मेरो कुरा ? वास्तवमा तिमीलाई कसैले भनी पनि त दिएन विश्वास गर तिमी भत्काउन पनि सक्छौ। थाहा छैन ! रे ? आजभोलि दिनको चार रुपियाँको कुरा सुन्दा त यो महंगीमा मलाई त अत्यास लाग्छ बाबै। बितेको जीवनसँग कोट हाल्न नपाएको विवशता असुल गर त ... हरे बूढा ! पसीना मात्र जम्मा गरेको भए पनि आफ्नै पसिनाको दहमा सातचोटी नुहाएर निस्किसक्थ्यौ।

तिमी यो सिटी हलभन्दा कता-कता अग्लो, कता-कता ठूलो छौ नि ! मूर्ख बूढा, यो हल त तिमीले आफ्नै छातीमा उभ्याएको जस्तै हो। ल लजाइदियौ तिमी त। धन्य हो बूढा, देश र सरकार भन्न जानेका रहेछौ। तिमी चार रुपियाँ खाने ज्यामी। तिम्रो देश र सरकारसँग के को सरोकार ? सरोकार भएको भए त तिमी त्यो अति रमाइलो भवन उपभोग गर्न पाइहाल्थ्यौ नि। विदेशबाट आएका कस्ता-कस्ता सांस्कृतिक कार्यक्रमहरु त्यहाँ देखाइन्छन्। कस्ता-कस्ता नाचहरु ल्याउँछन्। कत्रो-कत्रो पार्टी लगाइन्छ त्यहाँ तिमीले चियाउन पनि पाएको छौ के कहिल्यै ? त्यसै म तिमीलाई यो



हर्कबहादुर ज्यामी, तिम्रो पसिनाले भुत्रो बनाएको तिम्रो कमिजको खिल्ली उडाएर उनीहरु ज्यास्ती कुरा नास्ति अनि लाज मर्नु कुराहरु बोल्दछन्, माला लगाउँछन्, उद्घाटन गर्छन्, भोज खान्छन्। तिमी चाहिँ पुल, भवन, सडक बनाउँदा-बनाउँदै बूढा भइसक्यौ। कहिलेकाहीं त छाती खोलेर जोटी खोजन, थोटै तिमी काम नगरेर बूढा खैरा र कमजोड भयौ ? तिमीले कुखुराको रोष्ट खाएनौ, विदेशी रक्सी पिएनौ, मान पदवी पाएनौ, केटि कोही तिम्रा अघि घाठा हुन्छन्, जान्ने हुन्छन्, हुकूम चलाउँछन् भने तिमी सहेर किन बस्छौ ?

सिटी हल तिम्रो छातीमा उभिएको भन्छु र ? देशसँग साँच्चैको सरोकार भएको भए त एउटा कोट ल्याइसक्थ्यौ नि पैंसठी वर्षभरिमा।

यो सिटी हल त तिम्रो पो हो त हर्कबहादुर ज्यामी। ल ल बूढा त जिब्रो पो टोक्न थाल्यो। मैले झुट बोलेको 'रे। तिमी बूढा ज्यामीलाई छकाएर म के जस पाउँछु र ? तिमीले झुटा सोचेको जति साँचा हुन् तिमीले साँचा सम्झेका जति जम्मै झुटा हुन्। हो हो तिमी जान्ने नहौ। भो सरकारी पैसा परेको भवन हो यसमा विदेशी सहायता बढी छ। ठेकेदारले गतिलो भाग खाएको छ, इन्जिनियर र ओभरसियर मिलेर सिमेन्टी बालुवा तलमाथि गरिदिएका छन्। तिमी बूढा ज्यामीले इमानको पसिना बगाएका छौ। कति पाथी पसिनाले हिलो मुछ्यौ तिमीलाई थाहै भएन। हर्कबहादुर ज्यामी, तिम्रो पसिनाका बुँदहरु पनि गारो-गारोमा टब-टबमा विदेशी सिक्का जस्तै चम्केर बसेका छन् कसैले ती सबको हिसाब बुझाइदिएन तिमीलाई ? कातर छन् यी जान्ने-सुन्ने मान्छेहरु। हरे बूढा, तिमीले चार सय रुपियाँको पसिना पनि बगाएनौ ? इन्जिनियर हाकिमहरु दिउँसोको लन्चमा कबाब र भात खाँदा तिमीले धाराको चिसो पानी खान पनि पाएनौ। फोक्सो फिजाउने गरी आशा चुरोटको धूवाँ पालो-पालो गरी तानेको थाहा छ ? तिम्रो पसिनाको मूल्य तिमीले यति नै पाउनुपर्ने हो त ? झुट हुन् सब झुट हुन् तिमीलाई चार रुपियाँको बदला बाह्र रुपियाँ दिए पनि तिम्रो पसिनाको मूल्य चुक्दैन, एकदम चुक्दैन। किनभने यो सिंगो सिटी हल तिम्रो हो। तिमी कुकुर जस्तो यसको चारैतिर घुम्ने होइन तिमीले आफ्ना स्वास्नी र सुकुमार छोराछोरीहरुसंग आएर यहाँ सांस्कृतिक कार्यक्रम हेर्न पाउनुपर्छ र तिमीले पाउनुपर्ने त यो बाह्र रुपियाँ होइन तिमीले पाउनु पर्ने त यो सिंगो सिटी हल हो, सिटी हल।

तिमीलाई थाहा छैन ? बसी-बसी खाएर मोटाउने मान्छेहरु यहाँ नाच हेर्न आउँछन्, जीवनमा एक थोपा पसिना बगाउन बानी नपरेका कोरा नेताहरु आएर यहाँ भाषण गर्छन्, तिमीलाई अझ बढी पसिना बगाउनुपर्छ भनी हौसला दिन्छन्।

हर्कबहादुर ज्यामी, तिम्रो पसिनाले भुत्रो बनाएको तिम्रो कमिजको खिल्ली उडाएर उनीहरु ज्यास्ती कुरा नास्ति अनि लाज मर्नु कुराहरु बोल्दछन्, माला लगाउँछन्, उद्घाटन

गर्छन्, भोज खान्छन्। तिमी चाहिँ पुल, भवन, सडक बनाउँदा-बनाउँदै बूढा भइसक्यौ। कहिलेकाहीं त छाती खोलेर जोरी खोजन, थोरै तिमी काम नगरेर बूढा खैरा र कमजोड भयौ ? तिमीले कुखुराको रोष्ट खाएनौ, विदेशी रक्सी पिएनौ, मान पदवी पाएनौ, फेरि कोही तिम्रा अघि बाठा हुन्छन्, जान्ने हुन्छन्, हुकूम चलाउँछन् भने तिमी सहेर किन बस्छौ ?

लाछी बूढा गाँस-बासको व्यवस्था मिल्छ भनी ढुक्क परी बसेका छौ ? त्यो भाषणले त तिमीलाई बाह्र हातको टाँगोले पनि छुँदैन। छोएको छ त कहिल्यै ? को हुन् र तिनीहरु तिमीलाई गाँस बासको व्यवस्था मिलाइदिन्छु भनी भन्नसक्ने, तिम्रो गाँस-बासको राम्रो व्यवस्था त मिलेकै छ नि तिमी खोस्न पो सकिरहेका छैनौ, जुन कुरो तिमी आफैले लडेर लिन सक्नुपर्छ। ती कुराहरु उनीहरुले मिलाएर कसरी मिल्न सक्छन्? कस्ता पाखण्डी छन् तिम्रा हुकूम चलाउने मालिकहरु हर्कबहादुर ज्यामी, मर्नुभन्दा पहिले तिमी यो कुरालाई बुझेर मर है।

ल ल तिमी त रुन पो लाग्यौ ... साँझको घाममा तिम्रा आँशुका दानाहरु म त रगत जस्तो देख्न थालिरहेछु। बल्ल बुझ्यौ ? पसिना भनेर तिमीले रगत पो बगाएछौ होइन ? तिमीले रगत नबगाएको भए सिम्रिक त्यति रातो कहाँ हुनसक्थ्यो ? तिमीले रगत नबगाएको भए तिम्रो राष्ट्रिय रंगले रातो हुन कसरी पाउँथ्यो, भन त बूढा कसरी पाउँथ्यो ? सडक बनाउँदा-बनाउँदा तिमी आफै पनि सडक नै भइसकेछौ। हेर हेर तिम्रा हाकिमहरु तिमीलाई ओछ्याएर निर्धक्कसँग हिंडिरहेछन्।

हर्कबहादुर ज्यामी, तिमी जसले सिटी हल उभ्यायौ, तिमी जसले नगरका चल्ती सडक र चल्ती पुलहरु बनायौ, तिमी जसले महल र दरबारहरु बनायौ र तिमी जो तीन कोस हिंडेर आउँछौ हिंडेर जान्छौ, तिमी जो एउटा छाप्रोमा बस्छौ। उफ ! भक्कानो फुट्छ तिमीलाई देख्दा। तिमी कसरी पो बाँच्छौ यतिका लाटा दुःखहरु सहेर।

जाऊ ज्यामी बूढा, तिम्रो बिहे दिइसक्न पर्ने सुकुमारी छोरी लसुनको सागको भ्यातल पकाएर पर्खिरहेकी होली सँघारमा, बा आउला र सुखको माना खाऊँला भनी। तिमी उसलाई गएर भनिदेऊ कि कसरी तिमीले आज सिटी हलको सामुन्ने उभेर त्यो अग्लो भवनसँग आफ्नो जीवनभरि बगाएको पसिनाको हिसाब मागेका थियौ। तिमीले कसरी थाहा पायौ जब कि सडक बनाउँदा-बनाउँदा तिमी तीन कोस पैदल हिंड्ने भयौ, भवन ठड्याउँदा-ठड्याउँदा तिमीले आफ्नो छाप्रोको फूस फेर्न पाएनौ। भनिदेऊ किन जुन बलिया हातहरुले यतिका भवनहरु बनायौ त्यति बलिया हातहरुले यिनीहरुलाई उठाएर भाँचिदिन पनि सक्छौ। तिमीले आज एउटा यस्तो सत्य कुरा थाहा पायौ, जुन सत्य तिमीले जीवनभरि विश्वास गरेको तिम्रो ढुंगेधाराको नाग देउतामा छैन, तिम्रो गाउँको देवलमा छैन, अतः बूढा तिम्रो खोपभित्र राखिएको गुठीको देउतामा पनि छैन।

हिंड् ज्यामी ... बूढा, म तिम्रो फाटेको इस्टकोटलाई एउटा नरकटमा अल्झाएर यहाँ गाडिदिन्छु, तिमी आफू जस्तै ठगिएका बूढाहरुलाई लिएर हेर्न आउनू। तिम्रो यो इस्टकोटलाई आँधी-बेह्री, आगो-पानी र मान्छेको तागत केहीले पनि ढलाउन सकेको हुँदैन। तिम्रो जित्नुको चिनो यो टालेको इस्टकोट। माया नमारे है बूढा ज्यामी ...।

# जाग जाग

– धरणीधर कोइराला

जाग जाग अब जागन जाग।
लाग उन्नतिविषे अब लाग।।
घोर नींद अब ता परित्याग।
भो भयो अति सुत्यौ अब जाग।।

देशबन्धुहरु हो, उठ जाग।
लाग उन्नतिविषे अब लाग।।
धोउ धोउ मनको अब मैलो।
फालिदेउ डरको अब थैलो।।

जाग जाग अब जागन जाग
लाग उन्नतिविषे अब लाग।।
हेर लौ अरुहरु सब जागे।
देश उन्नतिविषे सब लागे।।

हामीहेरु पनि लौ अब जागौं।
देश उन्नतिविषे सब लागौं।।
घोर नींद अब ता परित्यागौं।
भो भयो अति सुत्यौं अब जागौं।।

लाज की कि खुशीकी ममता की ।
क्यै न क्यै त मनमा अब डाकी।।
देशप्रेम नगरी कन हुन्न।
हात बाँधी यसरी अब हुन्न।।

लाजले कि खुशीले जनताले।
देश-भक्ति नगरी कहिंकाले।।
जाति-उन्नति कसै गरिएको।
छैन भाइहरु हो, सुनिएको।।

फुट फाट छल छाम र काम।
ई बुझी कपटका परिणाम।।
त्यागनू कपट यो अब बेस।
अन्यथा सब बड्यो बुझ देश।।

आर्य्य गौरव कहाँ रहिजाला।
पुत्र-पौत्रहरुको कुन हाला।।

हो हुने सब विचार गरौं लौ।
धर्म कर्मतिर चित्त धरौं लौ।।

स्वार्थ-त्यागतिर चित्त लगाऔं।
शास्त्र-पाठ पटि ध्यान घुमाऔं।।
स्त्री-युवा सब मिली अब लागौं।
देश-उन्नतिविषे सब लागौं।।

बेर धेर अझ हो कति गर्ने ?
रीस डाह गरि नै कति मर्ने ?
प्रेमको अब उघारी पिटारी ।
देश-धर्म खुद आफू सहारी।।

अन्य देशहरुका अब दाँजा।
लागने समय भो बुझ ताजा।।
दाजु भाइहरु हो, उठ जाग।
जाग उन्नतिविषे अब लाग।।

घोर नींद अब ता परित्याग।
भो भयो अति सुत्यौ अब जाग।।
जाग जाग अब जागन जाग।
लाग उन्नतिविषे अब लाग।।

लाज भो अरुहरु अघि जाने।
हामीहेरु रहने रइथाने।।
हामीहेरु पनि मानिस नै हौं।
के भएर निसपट्ट भएछौं।।

जे भए पनि भयो अब भैगो।
बित्नु हो जति थियो बितिगैगो।
खोल लौ नयन खोलन खोल।
फालछौ किन ? न फालन काल।।

धर्म-शास्त्र पढ चित्त सपार।
सभ्य चाल चल देश सुधार।।
जाग जाग अब जागन जाग।
लाग उन्नतिविषे अब लाग।।

# मोतिराम भट्ट

*अचल् झन्डा फर्कोस् फरफर गरी कान्तिपुरीमा*
*रिपूको मन् थर्कोस् थरथर गरी छीन घरिमा*
*यवन्ले राज् गर्दा कति पतित हिन्दूस्थल भयो*
*फगत् यो नेपाल्को मुलुक बचि कन्चन् रहिगयो।*

# मधेशतिर


– वी. पी. कोइराला

सुनकोशी र तामाकोशीको संगममा बिहान भयो। सुनकोशी उत्तरबाट प्रशस्त बेगसँग आउँथ्यो, पूर्वतिरबाट तामाकोशीमा मिसिन्थ्यो। सुनकोशीलाई तर्न सक्ने कोही कोही मात्र होलान्, तर तामाकोशीको तिघ्रा भएको जसले पनि तर्न सक्थ्यो। यी दुवै नदीको किनारमा दुवैतिर हरियो-परियो केही उम्रेको थिएन। यिनको सम्मानार्थ रुख-पातहरु ठाडै उभिएका जस्ता थिए।

सूर्यको प्रथम किरण पर्नासाथ पृथ्वीका पाप्रा उप्केजस्तो गरेर नदीका किनारमा घुम्लुङ्ग परेर सुतेका चार-पाँच जना उठे। उठ्नासाथ सबैको मनमा प्रश्न उठ्यो- "पेट कसरी भर्ने ?" एउटाले अर्काको मनोभाव बुझेको जस्तो गरेर सबै मुखामुख गर्न थाले। विधवाको दृष्टि गोरेमाथि थियो। विधुवाले सबैलाई सम्बोधन गरेर भनिन्- "होइन, तिमीहरु घरबाट हिंड्दा पेट भर्ने के उपाय गरेर हिंडेका थियौ ?" सबै जना विधवाको कुराले विस्मित भए। भोटेले भन्यो- "मेरो त घरै छैन।" बूढोले भन्यो- "मेरो त थियो तर अब म पनि घरबार नभएको छु। तर नानी, तिम्रो भए किन यहाँ आएको त ?"

घरबार नभएका यी चारजना माग्ने भनूँ वा कुल्ली भनूँ काम पाए कुल्ली नत्र माग्नेका माझमा घरद्वार भएकी विधवा कागको हुलमा हँसिनी थिइन्। तिनले अन्नपूर्णझैं झट्ट आफ्नो पोकाबाट चिउरा झिकिन् र भाग लाउन थालिन् अनि सबैको चिउरामाथि थपथप चाकुका डल्ला राखिन्। सबैका आँखामा अकस्मात् तेज आयो र सबैको हृदयमा विधवाप्रति महान् आदरको भाव उत्पन्न भयो। गोरेलाई आफ्नू भागबाट चिउरा थपिदिंदै भनिन्- "तिमी जवान छौ। तिमीलाई अरुभन्दा बढ्ता भोक लाग्दो हो।" फेरि सबैलाई सम्बोधन गरेर भनिन्- "मधेसतिर हिंडेकी । पोइ छैनन्। सासू-ससुरा फुटेको आँखाले हेर्दैनन्। देवर रुखो माया गर्थ्यो, तर पोइ नभएको घरमा टिक्न सकिनँ।"

यो वाक्यले ती चारैजनाको हृदयमा खूब प्रभाव पर्‍यो। खान पाउने ठाउँ पोइ छैन भन्दैमा लत्याएर हिंड्नु लरतरो काम होइन। तिनीहरु



भोटेले बडो आश्चर्य मानी सोध्यो– "तपाईलाई हाम्रो किन माया लाग्यो ? हामी तपाईका पोइ होइनौं, छोरा होइनौं, बाबु होइनौं।"

ती विधवालाई झन् मान गर्न थाले।

उनी सोधिन्- "तिमीहरु कहाँ हिंडेका नि ? तिमीहरुले त राती पनि केही खाएको देखिनँ, त्यसै सुत्यौ। मेरो पनि कोही साथी नभएकाले तिमीहरुनेर आएर सुतें। रातभरि तिमीहरुको माया लागिरह्यो।

भोटेले बडो आश्चर्य मानी सोध्यो- "तपाईलाई हाम्रो किन माया लाग्यो ? हामी तपाईका पोइ होइनौं, छोरा होइनौं, बाबु होइनौं।"

विधवाले भनिन्- "तिमीहरु मान्छे त हौ।"

हिजो दिनभरि नखाएको पेटमा चिउराका कणहरु पर्दा सबै फुर्तिला भएर उत्साहसंग कराई कुरा गर्न थाले। बूढोले भन्यो- "नानी, हामीहरु चार जनाको केही नाता छैन। कसैको घर छैन। यता काम पाइन छाड्यो। कतै काम पाइन्छ कि भनेर हिंडेको। अहिले तिम्रो कुराले मधेस जानुपर्ने जस्तो लाग्यो। के भन्छौ साथी हो, मधेस झर्ने ? मधेसमा पेटभरि खान पाइन्छ। म एकचोटि भारी बोकेर मधेस गएको थिएँ।"

उतिनखेर सबैले मधेस लाग्ने निश्चय गरे। यी चार लोग्ने मानिस, एक स्वास्नी मानिस पाँचै जना दक्षिणको बाटो लागे। बूढाले आफ्नो बितेका जीवनका घटनाहरुलाई भन्यो। उसले एक चोटी निकै पैसा कमायो, सत्र रोपनी खेती गर्‍यो, पछि त्यसै बिग्री आयो। त्यसबेला त्यो जवान थियो। निधारमा नाम्लो हाली भरियाको काम गरी पेट भर्न सक्थ्यो। अब त त्यो पनि सामर्थ्य छैन। नत्र यो बूढो यसै भोकभोकै हल्लिरहन्थ्यो र ? अब मर्ने बखत पनि भयो। पेटको ज्वाला खप्न नसकेर मात्र यताउता हिंड्नुपरेको।

विधवाले भनिन्- "मेरो त मधेसमा गएर राम्ररी घरवार गरेर बस्ने इच्छा छ। सानो खेतिवारी गर्‍यो। उहाँ खेती गर्न सजिलो छ रे। जग्गा पनि त्यसै पाइन्छ रे। यहाँ त सासू ससुराका कचकचले अर्थी सकिएन। फेरि पोइ मरेकों ठाउँमा त्यसै उच्चाट लागेर आउने।"

भोटे र धने यिनीहरुको कुरा चाख मानेर सुनिरहेका थिए तर आफू केही बोल्दैनथे। गोरे थाकेजस्तो भएको थियो, त्यो सबभन्दा पछि गोडा घसारी हिंडिरहेको थियो। विधवा गोरेको निम्ति पर्खिन्। उनी थामिएपछि सबै थामिए। गोरे नजिकै आएपछि विधवाले भनिन्- "के थाक्यौ गोरे ? घाम पनि अग्घोर छ। तिम्रो टाउको तात्यो होला, लौ लेऊ, यो कपडा टाउकोमा राख।" उनले आफ्नो टाउकोमा राखेको सेतो भुगा झिकेर गोरेको टाउकोमा राखिदिइन्।

फेरि सबैजना हिंड्न थाले। त्यो बूढो, बूढो भन्नु मात्र थियो, त्यो सबभन्दा अघिअघि लमक-लमक गरेर हिंड्थ्यो। भोटे र धने त्यसका दुवैतर्फ त्यसको कुरा सुनी-सुनी हिंडिरहेका थिए। आफ्नो व्यतित जीवनको घटनालाई त्यसरी रुचाएर तिनीहरुले सुनेको देख्ता बूढो झन् सुरिएर भए-नभएको कुरा गर्न थाल्यो। भोटे र धने पक्क परेर सुनिरहेका थिए। भित्र-भित्र तिनीहरु बूढाको आदर गर्थे।

विधवा र गोरे पनि पछि बिस्तार-बिस्तार आइरहेका थिए। गोरेको उमेर पच्चीस वर्षको हुँदो हो, विधवाको तीस। गोरे धेरै नबोल्ने र लाज मान्ने स्वभावको थियो। त्यसको खपटे गाला धेरै दिनको कठिन परिश्रमले झन तल भासिएको थियो, आँखा ज्योतिहीन थिए। विधवाले सोधिन्- "तिमी मधेस गएर के गर्छौ ?"

गोरेले भन्यो- "कुन्नि।"

विधवाले भनिन्- "के तिमी घरबार गर्दैनौ ? खेतीबारी गरी बस्न मन छैन ?"

गोरेले भन्यो- "पैसा खोइ नि ?"

विधवाले भनिन्- "मधेसमा खेती गर्न त्यसै पाइन्छ। उहाँ खेत सित्तै पाइन्छ। तिम्रो उमेर के भयो होला र ? घरद्वार गर। स्वास्नी पाल, छोराछोरी पाल। यस्तो उरन्ठयाउलो भएर कति दिन बिताउँछौ ?"

विधवाले फेरि एक्कासी प्रश्न गरिन्- "तिमीलाई स्वास्नीमानिस मन पर्दैनन् ?"

गोरेले टाउको उठाएर विधवातिर तीव्र दृष्टिले हेर्‍यो र भन्यो- "किन मन पर्दैनन् ?"

विधवाले भन्न थालिन्- "म मधेस गएर खेतीबारी गर्छु। घरबार गर्छु तर स्वास्नीमान्छेले मात्र घरबार बनाउन सक्तैनन्, लोग्नेमानिस पनि चाहिन्छ। मेरो मनमा त्यसै यो विचार आयो- किन हामी दुईजना मिलेर घर नचलाऔं ?"

गोरेले विस्मयको दृष्टिले विधवालाई हेर्‍यो। विधवाले अलिक अप्रतिभ भएर भनिन्- के म तिम्रो लायक छैन र ? मेरो उमेर धेरै भएर के भयो त ? मैले आफ्नो शरीर जोगाएर राखेकी छु। मेरो लोग्ने मरेदेखि मलाई कसैले छुन पाएको छैन। मेरो सन्तान पनि कोही भएन, त्यसो हुनाले शरीर बिग्रन पाएन।" गोरेले चकित भै विधवालाई हेरिरह्यो। विधवाले भनिन्- "गोरे, मेरो धेरै दिनदेखि आफ्नो घर बनाएर बस्ने इच्छा छ। पोइ चाँडै मरिदिए। आफ्नो इच्छा मुटुमै सुकेर जालाजस्तो भयो। म के छोराछोरी पाउन सक्तिनँ र ? खोइ मेरा छोराछोरी खोई मेरो आफ्नो घर ? खोइ मेरो आफ्नो मान्छे ?

विधवाको मुख अकस्मात रुन्चेजस्तो भयो। उनको मुख रातो भयो। मुन्टो तल गाडेर नबोली हिंड्न थालिन्। धेरै बेरसम्म उनीहरु नबोली हिंडिरहे। साँझ पर्ने बखत हुन थाल्यो। विधवाले निस्तब्धतालाई भ गरेर भनिन्- "गोरे, मसँग अलिक गहना पनि छ। रुपियाँ पनि छ, त्यसैले गएर खेती किनौंला, घरद्वार बनाउँला, तिमी मेरो भयौ भने यो सब तिम्रो हुन्छ।"

अलिक पर बूढो, भोटे र धने एउटा ठूलो ढुंगामा बसेर तिनीहरुलाई पर्खिरहेका थिए। उनीहरुलाई आएको देखेर टाढैबाट बूढोले भन्यो- "अब बस्ने होइन ? खाने के नि ?"

सबैको दृष्टि विधवामाथि पर्‍यो। उनले भनिन्- "अलिकता चिउरा बाँचेको छ, पेटभरि नभए पनि अलि त थेग्ला।" तिनीहरु बसेर चिउरा फ्यांक्न थाले र आकाशलाई छानो बनाएर गुडुल्किएर त्यही बाटाको छेउमा सुते।

दिनभरि हिंडेको हुनाले तिनीहरु लड्न पनि पाएका थिएनन्, भुसुक्क निदाए।

बिहान सूर्यको पहिलो किरणका साथसाथै बूढो उठ्यो र खोक्न थाल्यो। सब जना उठे। तर गोरेको पत्ता थिएन। विधवाले आत्तिएर सोधिन् गोरे खाइ ?"

बूढोले शान्त भएर भन्यो- "गयो होला कतै, अब हामीले हिंडिहाल्नुपर्छ। अहिले खानलाई केही छैन। साँझसम्म त ... पुग्नुपर्छ। त्यहाँ केही खाने उपाय हुन सक्छ।"

विधवाको हृदय भारी भयो र उनी बूढो, भोटे र धनेको हृदयहीनता देखेर छक्क परिन्। दुर्दिनको संगी यसरी अल्पिंदा यिनीहरुको मनमा अलिकता पनि दुःख नहुनु? तिनी आफ्नो पोका बटुल्न थालिन्। उनको हृदय ढक्क भयो। उनको गहनाको पोको छैन।

सब जना हिंड्न तयार भए। तर विधवा बसेर पोकाहरु बाँधबुँध मात्रै गरिरहेकी थिइन्। त्यो देखेर बूढोले सोध्यो- "के गरिरहेकी। हिंडिहालौं, नत्र, साँझसम्म ... पुगिदैन। भोकै सुत्नुपर्ला।" विधवाले रुन्चे स्वरले भनिन्- "मेरो गहनाको पोको छैन।"

सब जना छक्क परेर विधवातिर टुलुटुलु हेर्न थाले। बूढाले भन्यो- "तिमी गहना-गुरिया लिएर कहाँ हिंडेकी त ? लग्यो होला गोरेले। अब चोरिने कुरा चोरिइहाल्यो, रोएर के गर्नु ?" विधवालाई त्यसको कुरा सुनेर रीस उठ्यो, उनले चिच्याएर भनिन्- "चुप लाग बूढा। त्यस गहनाले मैले के के गरुँला भन्ने विचार गरेकी थिएँ। खेती किनुँला, बिहा गरुँला, घर जमाउँला, छोरा .... पाउँला। मेरो सारा आशा नष्ट भयो।"

यति भनेर डाँको छोडेर रुन थालिन्। बूढो तिनी भएनेर गएर उनको काँधमा हात राखेर भन्न थाल्यो- "किन रोएकी नानी ? चोरिने कुरा चोरियो। मधेसमा केही न केही उपाय भैहाल्छ, तिमीले पोइ पनि पाउँछ्यौ। तिम्रो घर पनि हुन्छ। नआत्तियौ, लौ हिंड।"

विधवा टोलाएर उभिइन् र बूढाको पछिपछि लागेर हिंड्न थालिन्।

त्यो टाढाको टाकुरामा पुगेर बूढोले बडो उत्साहसँग दक्षिणतिरको, आँखाले भ्याउन्जेलसम्मको, ठूलो विस्तीर्ण मैदानलाई देखाएर आफ्ना साथीहरुलाई भन्न थाल्यो- "उ त्यही हो मधेस। त्यहीं हाम्रो उद्धार हुन्छ। त्यहीं हामी अघाउन्जेल खान पाउँछौं।"

भोटे र धनेको आँखामा उत्साहको आभा दगुर्‍यो। भोकले सुकेका गालामा पनि आनन्दको गुलाफी देखियो। कानसम्म मुखको कुना पुर्‍याएर मुखभरि चाउरी पारेर तिनीहरु हाँसिरहे।

तर विधवामा उत्साह थिएन। आफ्नो उमेर ढलिसकेको थियो। उनले तिनै गहना र रुपियाँको आकर्षणले कुनै युवकलाई तानेर आफ्नो बनाउने इच्छा गरेकी थिइन्। आफ्नो सानै उमेरदेखिको सपनालाई आफ्नो सानो घर, छोराछोरी, सफल बनाउने इच्छा गरेकी थिइन। सब तासको घरझैं भताभुंग भयो। उनले पनि देखासिकी गरेर उत्साहहीन दृष्टिले दक्षिणतिरको मैदानलाई हेरिन्।

## माग्नेको गीत

– सिद्धिचरण श्रेष्ठ

मध्य निशामा, शहर कुनामा
यौटा प्राटी रोइरहेछ,
भित्र हृदयको घाउ निचोर्दै
यौटा माग्ने गाइरहेछ।

दृग्-गमलाको नींद लताका
स्वप्न सुमनहरु टिप्दै झार्दै
कालो जगको फाँट बडेमा
उसको गाना गुञ्जिरहेछ।

संचित उसको निष्ठुरतम छिन
स्वरमाथि चढी निस्किरहेछ,
कैयन श्रवण तीर्थ चहारी
नीरवतामा दौडिरहेछ।

शब्द शब्दमा पीडा घोली
दूर दूरको मर्म छिचोली
करुण-ध्वनिको लहर चलाई
उसको गाना फैलिरहेछ।

भाग्य फुटेको, आश डढेको,
भग्न मनोरथ थुप्रिरहेको
ऊ नै यौटा पर्वत क्यारे
गाना छहरा पीर झरेको।

भीख दयाको मार्दै थाकी
उसतिर जाने चौतारोमा
संसृति-पटको पोका पोखी
दस्तुर विधिको तिरिरहेको।

युगको आंचललाई भिजाई
बेथिति युगको उम्लिरहेको,
दृश्य करुणको बोल फुटेको,
घोर निराशा आज चुहेको।

कुक्कुर, भुक्दै गीत नछोप,
पशुपति जाने, पर्ख ननिस्क,
उसको गायन टुंगिन देओ
पीडित स्वरमा पग्लिरहेको।

पल्लो घरको सानू रोयो
आमा, दूध चुस्न लगाऊ,
कत्ति नथामोस् उसको गायन
हरुवा-जीवन धार बहेको।

पाईकन पनि अपमान घृणा
हुर्केथ्यो जो लघु प्राण बियाँ
थोत्रो बच्चो त्यै तन-तरुमा
"मर-मर" गाना आज फुटेको।

# भोको घर

- गोविन्दबहादुर मल्ल गोठाले

**(कोठामा गरीवि दर्शाउने मालसामानहरु यताउता देखिन्छ । दुई झ्याल छन । सरिता एक छेउमा टोलाएर बसरिहेकी छ । ढोका बिस्तारै खुल्छ। सरिताको दाजु राजेन्द्र देखा पर्दछ ।)**

**राजेन्द्र :** (सुस्तरी बढ्दै) तिमी सुतिरहेकी ? - (सरितानिर जान्छ), कोठा कस्तो अँध्यारो ! (झ्यालतिर बढ्छ)

**सरिता :** (रुन्चे स्वरमा) झ्याल नखोल्नोस् ! !

**राजेन्द्र लाइट फेस किन ?** (झ्याल खोल्छ र बाहिरतिर हेर्छ)

**सरिता :** नखोल्नोस् भनेको, मलाई उज्यालो मनपर्दैन।

**राजेन्द्र :** (हेर्दै) हेर, बाहिर कस्तरी घाम लागेको।

**सरिता :** मलाई अँध्यारो मनपर्छ !

**राजेन्द्र :** आँखा खोल।

**सरिता :** (आँखा खोल्छे, तर तिर्मिराएर बन्द गर्छे) मलाई अँध्यारै मनपर्छ।

**राजेन्द्र :** तिमीलाई भोक लागेको छ ?

**सरिता :** भोक ? (हाँसेर) अघि लागेको थियो। अब लाग्न छोड्यो।

**राजेन्द्र :** (सुस्तरी हाँसेर बस्दै) यो पनि एउटा अनुभव हो। खालि कति भने जीउ गल्दोरहेछ। बसे उठ्न मन नलाग्ने, सुते बस्न मन नलाग्ने। छातीदेखि मगजसम्म शून्य ! शून्यमा विलीन भए जस्तो ! कतै अल्झे जस्तो ! कतै आफै हराए जस्तो ! तिमीलाई पनि त्यस्तो हुन्छ ? ... तिम्रो आँखा किन त्यस्तरी चम्केको ?

**सरिता :** (टाढा हेर्दै) म कथाकी राजकुमारी ! (राजेन्द्र मुस्कुराएर हट्छ। यसै बेला नेपथ्यमा कराएको सुनिन्छ। राजेन्द्र रन्थनिएर घुम्न थाल्छ)

**नरबहादुर :** (नेपथ्यमा) मलाई धेरै भोंक नचला है। जा, मर्न मन छ भने मर्न जा। मलाई तिमीहरुको वास्ता छैन। वर्त बस्दा तैंलाई भोक लागेन, अहिले भोक लाग्यो। यत्ति पनि भोक खप्न नसक्ने। जा, जे मन छ गर्। बन्धक राख् कि जेसुकै गर। बरु यी यो फोटेको सुकुल लैजा। चार पैसा आउने हैन। (राजेन्द्र भित्रतिर हेर्छ र उभिन्छ। सरिता टोल्हाइरहन्छे) "ए पर्खी बाबा, प्लान गर्दै छु, केही दिन त पर्खी, म तेरो घरमा लखौं रुपियाँ ओइराइदिन्छु" भनेको, मान्ने हैन। कचकच कचकच गरेर मेरो सारा प्लानै चोपट पारिदिई।

**मन्दिरा :** (नेपथ्यमा) लौ तपाईको प्लान ! घरभरि सारा भोकै परिसके। अब अरु के के गर्ने सूर छ ! हामी जम्मै मरेपछि मात्र तपाईलाई सञ्चो हुने होला।

**राजेन्द्र :** चामलमा ताकत छैन ! विटामीन जम्मै मिलले खान्छ। अस्ती ल्याएको अमेरिकन गहुँ खान पाउँदा भन्ठानेको थिएँ- अब बल्ल शरीरमा प्रोटन पुग्छ। अब त्यही गहुँबाट पनि खस्केर एक छाक मकैको ढिंडो खाँदा एकै छाकले दिनभरिलाई पुग्छ हगि ? फेरि (भित्र खलबल हुन्छ)

**नरबहादुर :** (नेपथ्यमा) मैले तिमीहरुलाई मार्न लागेको हैन कि तिमीहरुले मलाई मार्न लागेको। बड बढेर कुरा गर्छे- बद्ता ! ! जान, त्यसरी नखाई नहुने भए बाटोमा "एक पैसा हजूर" भनेर माग्न जा।

**मन्दिरा :** (नेपथ्यमा) अब त्यसै पनि त गर्नुपर्ला ।

**राजेन्द्र :** (घुम्दै) घरभरि अन्न होस्, खानेकुरा होस्- अनि पो वर्त बस्दा पनि भोक खप्न सकिन्छ। केही पनि नभएको बेलामा कस्तो-कस्तो ! मुख देखाउन पनि लाजलाग्दो। ऐनामा आफ्नो अनुहार हेर्न पनि लाज लाग्ने। (जिउ हेर्दै) जीउ त्यसै खंग्र  ! जीउको नसा-नसा त्यस्सै सुस्त, लस्त हुने ! मर्नै लागे जस्तो।

**सरिता :** (उद्वेगमा) म दन्त्यकथाको राजकुमारी !

**मन्दिरा :** (नेपथ्यमा) छोरा भोकै, छोरी भोकै ! म भोकै, तपाई भोकै ! अब मागेर नखाई।

**नरबहादुर :** (नेपथ्यमा) हुन्छ जा ! अहिल्यै जा । शहरभरि झ्याली पिट् हाम्रो घर भोकभोकै छ भनेर।

**सरिता :** (सुदूरसम्म हेर्दै) ठुल-ठूलो घर। फराकिलो सडक। सुनै सुनको महल भएको शहर। कति राम्रा-राम्रा घरहरु ! तर शहरमा एउटा मान्छे पनि छैन। यज्ञरथ शहरको ढोकाभित्र पस्छ। एउटा मान्छे पनि देख्दैन । सडक सुनसान छ। अनि ... !

**राजेन्द्र :** (झस्केर हाँस्दै उठी सरितासित) अहो, तिमी यज्ञरथको कथा भन्न लागेको ??

**सरिता :** (राजेन्द्रसित) म त्यसैको राजकुमारी ! तपाईलाई पत्यार लागेन ?

**राजेन्द्र :** जे पनि पत्यार लाग्छ। अब नपत्याउने कुरा के छ यस संसारमा ! नेपालको प्रजातन्त्र यस्तै हो भन्ने कुरामा पनि पत्यार लाग्छ। हामी भोकै हुनु नै प्रजातन्त्र हो भन्ने कुरामा पनि विश्वास लाग्छ। बाँकी प्लानमा पनि विश्वास लाग्छ। (शान्ति) मैले

> साटाका साटा बच्चा, आमा, बूढा, लुला लंगडा, मेरो बुबा, मेरो मुमा, सबैका सबै राक्षसहरुले टुक्राटुक्रा पारेर लुछालुछ गरेर कपाकप खाइदिए मैले कसरी त्यो दृश्य हेरे हुँला ? यो राक्षसको देश, यहाँ राक्षस रात रातभरि उफ्रन्छन्, नाच्छन्, गाउँछन् । एउटा मान्छे पनि जिउँदो छैनं । मलाई बचाउनोस् । मलाई बचाउनोस् । नभए तपाई भाग्नोस्, नत्र तपाई पनि मेरो आँखा अघिल्तिर राक्षसको आहार बन्नु हुनेछ ।

कतिसम्म पढेरे ? ए: हो, आई. ए. पास ! (आफैसित) आफ्ना अनुहार आफैले हेर्न लाज मानेकोले अर्कालाई देखाउन पनि लाज मानेर पढ्नसङ्न छोडिसक्यो। किनकि पढ्न यस शरीरमा सामर्थ्य छैन। अब काम खोज्दैछ। तर पाएन।

हामी ठूलो मान्छे। पहिले पहिले हाम्रो घरमा अन्न भरिभराउन थियो। हामी कत्तिलाई कति कति बकस दिन्थ्यौं। बा भन्नुहुन्छ पर्दैन काम खोज्न, अर्काको चाकरी गर्न, बाको योजना सफल भयो भने कत्तिका रुपियाँ, धन सम्पत्ति त्यस्सै ओइरहन्छ। धानको भकारी हैन सुनको भकारी ! (शान्ति) तिमी सुतेकी ?

**सरिता :** (आफ्नै धुनमा) अनि जाँदा-जाँदा यज्ञरथ, होइन यज्ञरथलाई डर पनि लाग्यो आश्चर्य पनि। यो क्या हो? के हो। शहरमा को बस्छ ? अनि यज्ञरथ एउटा ठूलो महलमा पुग्यो राजाको दरबारमा। त्यहाँ त ढोके पनि छैन ! पाले पनि छैन ! ढोका त्यस्सै खुलेको ! सुनसान ! एउटा मान्छे पनि छैन। यज्ञरथ हच्की-हच्की भित्र पस्यो। एउटा मान्छे पनि छैन। ऊ बिस्तारै त्यसै गरी फेरि अघिल्तिर बढ्यो ! (मन्दिरा भित्र पस्छे)

**मन्दिरा :** खोइ, तिमीहरुलाई लाज पनि लाग्दैन भोकै बस्न ? त्यसै भोकै हाँसिरहन ?

**राजेन्द्र :** हाँसेको होइन।

**मन्दिरा :** तिमीहरु किन मर्दैनौ ? (रन्थनिएर बस्दै) हामीलाई काल पनि आउँदैन।

**राजेन्द्र :** काल ? आउँछ ! किन धन्दा मान्नुहुन्छ ?

**मन्दिरा :** खै त ?

**राजेन्द्र :** आउँदै छ, (कुनातिर देखाउँदै) ऊ हेर्नोस् । बिस्तार बिस्तारै घस्रँदै पस्दैछ ! ऊ त्यहाँ कालो बिरालो छ। दाँत देखाएर ङिच्च हाँसिरहेको छ। देख्नुभयो ? देख्नुभएन ? आधा पेट खाएको धेरै दिन भयो। एक दिन आधा पेट खानासाथै एकवर्ष अघिल्तिर बढ्छ त्यो कालो बिरालो। आज हामी भोकै छौं, अब हाम्रो आयुको आधा बाटो त्यो बिरालोले पार गरिसक्यो।

**मन्दिरा :** तिमीहरु किन जन्मेको भन ? यसरी दुःख पाउन। मैले किन जन्माएँ- यसरी दुःख दिन।

**राजेन्द्र :** (डुल्दै) आकस्मिकता ! न हामी जन्मेका हौ, न तपाईले जन्माएको। न यो दुःख तपाईले दिएको, न हामीले पाएको। यो प्रकृतिको स्वाभाविक गुण।

**मन्दिरा :** (झोक्रँदै) तिमी जन्मेको बेलामा तिम्रा बाले कति साथीलाई भोज ख्वाएको। त्यस बेला पुगेकै थियो। चार थोक मासु कवाफ, कवाफ कति मीठो मैले पकाएको! त्यस्तो कवाफ अझसम्म मैले खान पाएको छैन। नून ठिक्क, खुर्सानी ठिक्क। सबैले कति थपी थपी खाएको। हो, आस्ति रमेशमानको छोराको विहेमा झोल पारेको मीठो थियो। मासुको झोलसित चिउरा मुछेर खान मीठो हुन्छ। मलाई साह्रै मीठो लाग्छ। तिमीहरुलाई पुलाउ मनपर्छ। मलाई त घिउ धेरै हुने भएकोले वाक्क लाग्छ। हो पुलाउसित अमिलो अचार भयो भने।

**राजेन्द्र :** अहो ! खानेकुरोको नामै नलिनोस्। खानेकुरा त बिर्सेकै जाती ! (बस्छ)

**मन्दिरा :** (सरिताको नजिकै जाँदै) सरिता, तिमीलाई खीर मनपर्छ कि पुलाउ ?

**सरिता :** (गम्भीर मुद्रामा) राजकुमारीलाई मनपर्ने कुरा केही छैन, मन नपर्ने कुरा पनि केही छैन। राजकुमारी चाँदीको लठ्ठीले छुनासाथ मर्छे, सुनको लठ्ठीले छुनासाथ बिउँतन्छे। त्यस बखत राजकुमारी त्यत्रो महलमा एक्लै थिई र पलङमा मरिरहेकी थिई। यज्ञरथलाई थाहा थिएन। यज्ञरथ बिस्तारै महलको भऱ्याङ चढ्यो।

**मन्दिरा :** सरिता के भनिरहेकी राजेन्द्र ? सरितालाई के भयो ?

**राजेन्द्र :** सरिता दन्त्यकथाकी राजकुमारी ! दन्त्यकथा भनिरहेकी।

**मन्दिरा :** सरिता हेऱ्यो सरिता दन्त्यकथा गुन्नमा ठिक्क। तिमीलाई हेरे अनेक किसिमको टुक्का जोरेर कुरा गर्नमा ठिक्क। तिम्रो बाचाहिं आफ्नै धेरै धेरै कमाउने प्लान कि योजना बनाउनमा ठिक्क। म ? के गरुँ ? भण्डारमा जान्छु- रित्तो ध्याँम्पा, खंग्रङ्ग सुकेको भकारी, चिसो चूलो, खोक्रो भाँडो हेरेर त्यसै ताजुब भएर बस्छु। तिमीहरुलाई मेरो वास्ता भएको होइन।

**राजेन्द्र :** नरुनोस् आमा, संसारमा सबै अकेला छन्। तपाईको मन तपाईको मन, मेरो मन मेरो ! तपाईको भोक तपाईसित छ, मेरो मसित। त्यस्तै सरितालाई छ, त्यस्तै बालाई छ।

**मन्दिरा :** म के गरुँ त ? (रुन्छे)

**राजेन्द्र :** रुनोस् आमा रुनोस्। न आँसुले केही सपार्छ, न आँसुले विशेष बिगार गर्छ।

**मन्दिरा :** मैले के के गुनेर बसेको थिएँ। तिमीहरु ठूलो हुनेछौ, मास्टर बन्नेछौ। सरदार काजी हुनेछौ। धेरै जग्गाजमिन हुनेछ। घरभरि ........

**राजेन्द्र :** (कुँडिएर) खानेकुरा मीठोमीठो ! मासु कवाफ, पुलाउ ! ओहो तपाईको कल्पना ! सपना देख्नु मानिसको गुण हो- स्वाभाविक गुण। जुन हुँदैन त्यो सपना हो, जुन हुन्छ त्यो विपना, सरिता त्यो दन्त्यकथा भन। तिम्रो कथा साह्रै राम्रो छ। (मन्दिरा उठ्छे) कहाँ जान लाग्नुभएको ? सुन्नोस् आमा !

**सरिता :** त्यस बखत राजकुमारी मरिरहेकी थिई, पलङमा कति राम्रो अनुहार! चिम्लेको आँखा, सुलुत परेको नाक, रातो गुलाबको फुल झैं राता ओठ। रातो गुलाफको फूल झैं .... मेरो हंसले त्यो राजकुमारीलाई परबाट हेरिरहेको थियो। यज्ञरथ (भाउ गर्दै) यसरी भऱ्याङ चढ्यो डराई डराई ! तर्सी तर्सी ! कोही भेट हुन्छ कि भनी कम्मरमा रहेको तरवारको वीड समात्दै ऊ भऱ्याङ चढ्यो। राजकुमारी सुतेको कोठा उदांग थियो। त्यो राजकुमारीको खोपी थियो, ढोकाबाट भित्र हेरेर राजकुमार एकदम जिल्ल पऱ्यो। खोपी मोतीले झकिझकाउ थियो। झल्लरको पारिपट्टि हो, होइन जस्तो एउटा पलङ देख्यो। ऊ बिस्तारै अघिल्तिर बढ्यो। साँच्चिकै पलङ्गै रहेछ। दंग पर्दै मोती नै मोतीको झूल ! भित्र एउटी तरुनी आइमाई सुतिरहेको उसले देख्यो।

**मन्दिरा :** कोठाभरि हीरामोतीको झल्लर ?

**सरिता :** सुनै सुनको खम्बा ! चाँदीको भइँ।

**मन्दिरा :** चाँदीको भइँ ?

**सरिता :** हो । भित्तामा पन्ना जडिराखेको।

**मन्दिरा :** अहो ! सत्ते ?

**सरिता :** सत्ते।

**मन्दिरा :** त्यस्तो ठाउँमा सुत्नेले के के मात्र खाने होला ?

सरिता : धेरै कुरा। स्वर्गको फलफूल। पातालको मिठाई। अमृत जस्तो खानेकुरा । (बस्छे)

राजेन्द्र : अनि कथा भनन।

सरिता : त्यो आइमाईको रुप देखेर यज्ञरथ मोहित भएर मूर्छा झैं भयो। कति राम्रो चन्द्रमाको जस्तो रुप आहा ! यज्ञरथ चलहल गर्न सकेन। तस्वीर भएर हेरेको हेर्‍यै भयो। म त्यही राजकुमारी !

मन्दिरा : तिमी राजकुमारी ? कुन जन्ममा ? पूर्व जन्ममा ?

सरिता : यही जन्ममा।

मन्दिरा : म के नि ?

सरिता : तपाई राजकुमारीको मुमा। राक्षसहरुले भोज बनाएर खाएको।

मन्दिरा : मैले बुझिन राजेन्द्र, के भनेको यल्ले ?

राजेन्द्र : तपाई हामी सबै राक्षसको भोज रे। राक्षसले कसरी मासु लुछेर खायो रे ? चोक्टा कोटर खायो रे भन त राजकुमारी।

सरिता : अहो, म त्यो भन्दिनँ। मलाई डर लाग्छ।

राजेन्द्र : म भन्छु। यसरी, जसरी हामी भोकै मर्देछौ। जसरी यहाँका राक्षसहरुले हाम्रो मासु लुछेर खान पर्खिरहेका छन्। बेइमानी र अत्याचार फलिफाप हुने ठाउँ हो यो। त्यही भनेको हैन मेरी राजकुमारी ?

सरिता : मेरो हंस, मेरो आत्मा छटपटाइरहेको थियो। पुतली फुलमा मडराए झैं। मेरो लाशमा म घुमिरहेको थिएँ। त्यसबखत यज्ञरथ आयो। मोहित भएर ठिंग टोलाएर उभिरह्यो। म बोल्न सक्तिनथें। बोले पनि मेरो आवाज यज्ञरथले सुन्दैनथ्यो। म उसलाई भन्न खोजिरहेको थिएँ- ऊ त्यहाँ लठ्ठी छ, त्यसले मेरो लाशलाई छोऊ लाश जिउँछ।" मैले भनें। तर तर त्यो आवाज सुस्केरा बनेर पुगे झैं मलाई लाग्यो। खालि सुस्केरा भएर ! यज्ञरथ बिस्तारै पलङमा आएर टाँस्सियो र मेरो लाशलाई बिस्तारै घचघच्यायो। लाश चिसो थियो, त्यो लाशमा प्राण थिएन। त्यो लाश मूर्दा ! ! !

यज्ञरथले आफ्नो हात सुलुत्त परेको नाकमा लग्यो। अहँ, त्यो नाकले सास फेरेको थिएन। नाक पत्थरको झै निष्प्राण ! अनि यज्ञरथ अकस्मात् पछिल्तिर हट्यो। र सतर्क भएर तरबारको बीड समात्यो अनि पलङको चारैतिर यताउति हेर्दै घुम्यो।

मेरो हंस मेरो मृत आत्माले भन्यो- "राजकुमार तिमी नजाउ। बिन्ति छ यज्ञरथ, तिमी नजाउ। तिमी नभाग, मलाई बचाऊ। मलाई मेरो लाशभित्र घुस्न देउ, र मुक्त गर।"

मानो मेरो शब्दहीन, रुपहीन बिन्तिभाउ शून्यमा ठक्कर खाँदै यज्ञरथको शरीरलाई टक्कर दियो। यज्ञरथ अकस्मात् झस्क्यो। त्यसरी झस्कँदा यज्ञरथको हातले झुन्ड्याइराखेको सुनको लठ्ठीमा ठक्कर दियो र त्यो सुनको लठ्ठी मेरो लाशमा खस्यो। म हुरीको बेगमा मेरो लाश भित्र पसें। अनि म सपनाबाट बिउँझे झै बिउँझें।

अनि त मैले सपनामा देखेको मान्छेलाई एकटकले मतिर हेरिरहेको देखें। मेरो रुप पान गरिरहेको। मैले शरम र भयले फेरि आँखा चिम्लें। एक छिनपछि त्यो मान्छे हो होइन भनी हेर्नलाई आँखा खोलें। ऊ त्यसै उभिएर मलाई हेरिरहेको थियो।

उसले सोध्यो- "तिमी को ?"

मेरो वक फुटेन। त्यो मान्छेको आवाज हो, राक्षसको हैन। तैपनि मलाई शंका लाग्यो- त्यो मानिसको रुपधारी राक्षस त होइन ?

मैले सुस्तरी सोधें- "तपाई पनि राक्षर ?" त्यो मान्छे आश्चर्य चकित भयो र भन्यो- "के भनेको ?"

"उसो भए तपाई मान्छे ?"

"मेरो नाम यज्ञरथ ।"

"उसो भए मैले सपनामा देखेको तपाई नै ?"

"तिमी भर्खर मरेको जस्ता थियौ।"

"हो म मरेको। दिनदिनै मर्छु। दिनदिनै ब्यूँतन्छु !" अनि मैले भनें।

राजेन्द्र : (सरिताको धूनमा बहेर) तिमी को ? देवकन्या हौ कि, वनकन्या हौ कि, राजकन्या हौ कि, यक्ष कन्या हौ अथवा राक्षस कन्या हौ ?

सरिता : म राजकन्या । अहिले राक्षस कन्या। म यस देशको राजकुमारी।

राजेन्द्र : (त्यही धुनमा) खोई त यस देशमा एउटा प्राण, एउटा मान्छे पनि देखिदैन। शहर उजाड ! बाटो शून्य छ। ठुल-ठूला घरहरु ड्वांगड्वाँगति खाली छन्। तिमी एक्लै यस देशमा के गरिरहेको ?

सरिता : हो, यहाँ म बाहेक एउटा प्राणी पनि छैन। हजारौं, लाख्खौं, प्राणीहरु राक्षसको आहार भैसके। साराका सारा बच्चा, आमा, बूढा, लुता लंगडा, मेरो बुबा, मेरो मुमा, सबैका सबै राक्षसहरुले टुक्राटुक्रा पारेर लुछालुछ गरेर कपाकप खाइदिए। मैले कसरी त्यो दृश्य हेरे हुँला ? यो राक्षसको देश, यहाँ राक्षस रात रातभरि उफ्रन्छन्, नाच्छन्, गाउँछन् । एउटा मान्छे पनि जिउँदो छैन। मलाई बचाउनोस्। मलाई बचाउनोस्। नभए तपाई भाग्नोस् ! नत्र तपाई पनि मेरो आँखा अधिल्तिर राक्षसको आहार बन्नु हुनेछ। राक्षसले तपाईको आँखा, तपाईको मुटु लुछ्छन्।

मन्दिरा : (तर्सेर) मान्छेको मासु। (डराउँदै ढोकानिर पुगेर) मान्छेको मासु मीठो हुन्छ ?

राजेन्द्र : हुन्छ नुनिलो हुन्छ। अझ त्यो भन्दा पनि मीठो मान्छेको बुद्धि, कल्पना, सभ्यता, संस्कृति रहने सेलैसेलले भरिएको मगज।

मन्दिरा : गिदी त्यस्तो मीठो हुन्छ ? (बिस्तारै बस्छे)

राजेन्द्र : अझ माटो त प्रेम, माया, स्नेहको ढुकढुकी भरिएको मुटु खान।

मन्दिरा : ओहो ! ! !

राजेन्द्र : एक दिन तपाई हामी सब आहार हुन्छौं।

मन्दिरा : (डराएर उठ्दै) हामी पनि ! फटाहा कुरा ! त्यो त कथाको राक्षसको देश। यो मान्छेको देश।

राजेन्द्र : (व्यंग्यपूर्वक) अँ- मान्छेको देश।

मन्दिरा : त्यसो भए त ... । (डराउँदै ढोकामा पुग्दछ। त्यसै बखत भऱ्याङमा केही गुटकिन्छ, मन्दिरा सरितालाई समाउन पुग्दछे।)

राजेन्द्र : बाको प्लान बन्दैछ क्यारे ! नडराउनोस् आमा, राक्षस यसरी आउँदैन। तपाई चूप लागेर बसे पनि, हाँसेर बसे पनि, हावामा सुस्केरा हाल्दै आउँछ। हाँस्दै आउँछ, गाउँदै आउँछ, रुँदै आउँछ।

मन्दिरा : नानी सरिता ! !

सरिता : ज्यू ! !

**मन्दिरा** : तिमी एकदम चिसी छ्यौ। तिमीलाई के भयो ?

**सरिता** : मलाई भर्खर राक्षसले चाँदीको लठ्ठीले छोयो।

**राजेन्द्र** : (झ्यालमा पुगिसकेको हुन्छ, अकस्मात फर्केर) ओहो ! अकस्मात् मेरो मगजमा कहाँबाट सासलिज्म टक्कर खान आइपुग्यो। समाजवाद ! (गिज्याएर बस्दै) समानता, भातृत्व ! यो मेरो भोकको शब्द हो। यो भोकले तानेको शान्तिदायक शब्द हो। जस्तो भोकले नाशलाई तान्छ। तर कार्लमाक्स, रबर्ट ओवेन ! ! भोकमा स्वतन्त्रता पनि छ, जत्तिको तृप्तिमा छैन। भोकले शीघ्र मृत्यु प्रदान गर्छ। (जोरसित भ्याउ ओर्लेको आवाज)

**नरबहादुर** :(एउटा हातमा उर्दीको कोट र अर्कामा सेतो लवेदा सुरुवाल लिएर पस्दछ) लौ यो कोट लबेदा सुरुवाल अब जलाए पनि भयो, अब यसको माया ममता मलाई छैन। मैले लखौं रुपियाँ कमाउने प्लान सोचिसकें। जागिर खोसिएर के भयो र ? अब त म जागिर थियो भनेर सपना पनि ठान्दिनँ। हेर मेरो प्लान। ... अब म यो घर बेच्छु।

**मन्दिरा** : घर बेच्ने ! (झस्केर उठ्छे)

**नरबहादुर** :(रिसाएर) हो हो घर बेच्ने । यसको अनुहार देख्यो कि मेरो प्लान एकदम गडबडिन्छ।

**मन्दिरा** : हो म अलच्छिनी ! !

**नरबहादुर** : राजेन्द्र, सरिता, सुन मेरो प्लान (अघि सर्छ) होइन, पहिले तेरो आमालाई कोठाबाट निस्कनु भन्नू।

**मन्दिरा** : म सुन्न सक्तिन तपाईको प्लान। (निस्कन्छे)

**नरबहादुर** : बेस ! सुन, सरिता उठेर बस। ध्यानदिएर सुन। यो घर बेच्ने ! दश हजारले बन्धक त छँदैछ। पन्ध्र हजारले बेच्ने। अरु काम केही नगरी त्यसै बसे यो घर ब्याजै ब्याज बढेर हाम्रो हातबाट छुट्छ। त्यसकारण बेचेर दुबैतिरबाट फाइदा छ। एक त व्यापारलाई पूँजी हुन्छ, दोस्रो अँ दश हजार कट्टि गरी बाँकी पाँचहजार। पाँच हजारको एक हजार ब्याज वर्ष दिनको। व्यापार गर्नलाई पूँजी चार हजार। कसो ठीक छ ?

**राजेन्द्र** : ठीक छ।

**नरबहादुर** :सरिता, तिमी सुत्यौ ? उठेर बस न। अँ, एक हजार बैकिंग क्यापिटल बैंकमा राख्ने। तीन हजारको धान किन्ने। मानिसलाई नभई नहुने कुरा जुन नभई मान्छे बाँच्तैन। धान किनेर स्टकमा राख्ने। बेच्ने होइन यसपाली पानी परेको छैन। अर्को साल अनिकाल पर्छ। मानिसहरु भोकभोकै मर्छन्। अनि त दोब्बर ! तेब्बर ! चौबर ! ! फेरि घरै किन्ने। बाँकी रुपियाँको फेरि धान किन्ने। अर्को साल अनिकाल नपरे पनि लडाइँ जरुर हुन्छ।

**राजेन्द्र** : अनि मान्छेले मान्छे खान थाल्छ।

**नरबहादुर** :कस्तो छ प्लान ? (आफैं दंग भएर) जागिर खोसिएर के भयो र ? बेसै भयो। अकस्मात् अचानक खोसियो। खोसियो। मेरो सट्टा कसैको साला, कसैको भतिजा, कसैको ज्वाइँ, कसैको के, कसैको के भर्ना भयो। म अब लखपति हुने भएँ। यो कोट लवेदा सुरुवालमाथि मेरो स्वार्थ थियो र यो झुण्ड्याइराखेको कोठामा, मायाले हो र ? आउनेहरुको अघिल्तिर फूर्ति र रवाफ राख्न। अब सल्काए पनि भयो। जागिर छँदै मलाई लागेको थियो, यो जागिरबाट हट्न पाए हुन्थ्यो। दुई सय तलबले नपुग्ने। दुई-चार रुपियाँ घूस खाए रात रातभरि पाप गरेको छटपटि हुने। किताब खानामा हरिवंश थाप्लोमा राखेर धर्मभाकेको आँखा अघिल्तिर आइरहने। बेस भयो जागिर खोसिएको। राजिनामा गर्ने आँट थिएन, त्यसै जागिर खोसिएको। (शान्ति) अनि धानबाट कमाएको रुपियाँ के गर्ने थाहा छ एउटा ठूलो मिल राख्ने- पेपर मिल, सुगर मिल, नभए सिमेन्टका फ्याक्टरी। नेपालमा यही काम सुहाउँछ। जागिर खोसिएर के भयो ? झन् त भाग्य चम्कियो। अब हावाबाट रुपियाँ झर्छ। माटोबाट रुपियाँ फल्छ, विरुवामा उम्रन्छ तब फूल टिपे झैं रुपियाँ टिप्नुपर्छ।
ओहो, बिर्सिरहेको, तराईमा चार-पाँच हजार बिगाहा खेत पनि किन्नुपर्छ। त्यसो भयो भने पूँजी एकदम सुरक्षित रहन्छ। (शान्ति) विनाकारण जागिर खोसियो। कल्ले भन्न सक्छ- बिना कारण खोसियो ? कारण भएर त खोसियो। मलाई लखपति-करोडपति बनाउने कारण भएर।

**मन्दिरा** : (प्रवेश गर्दै) ज्ञानप्रसाद कहाँ भोज कहिले रे ? (सम्झेर) ए, हो सातदिन बाँकी छ। पासनीको भोज। ज्ञानप्रसाद साह्रै धनी छ। एक्लो छोराको पासनी। कति धर्मकर्म गरेर पाएको। बँदेलको मासु, पनि ख्वाउने रे। होइन ब्यारे बँदेलको मासु त तारेको भन्दा उसिनेर नून-खुर्सानी चोपेर खान मीठो।

**राजेन्द्र** : त्यो त रक्सी नभई पचाउन गाह्रो छ।

**मन्दिरा** : बोसो र चिउरा मुछेर खान झन् मीठो।

**नरबहादुर** :खाने वर्ने कुरा नगर मेरो अघिल्तिर। यसले बोल्यो कि मेरो प्लान मगजैमा हराउँछ। खालिस्, खालिस्- म लखपति, करोडपति भएपछि।

**सरिता** : (एकाएक) राजकुमार, राक्षसहरु किसिम-किसिमका जीवजन्तु, हात्ती, घोडा, गाई, किसिम-किसिमका पक्षीहरु शिकार गरेर ल्याउँछन्। मान्छे ल्याएको दिनमा त रक्सी खाएर नाची-नाची भोज मनाउँछन्। मलाई पनि मान्छेको तातातो मुटु ख्वाउँछन्। नखाई हुँदैन, के गरुँ राजकुमार ? (शान्ति) हजुर सवारी होस् झट्ट सवारी होस्। राक्षसहरु आउने बेला भो। नत्र हजूरलाई पनि मारेर हजूरको मुटु मलाई ख्वाउँछन्।

**नरबहादुर** :यो के भनिरहेको ?

**राजेन्द्र** : दन्त्यकथा। सरिता दन्त्यकथाकी राजकुमारी।

**नरबहादुर** :राजकुमारी जस्तै छ नि मेरी छोरी। हेर न, मेरो प्लान सफल भएपछि साँच्चिकै राजकुमारी हुन्छे। म हरर मोटर चढेर शहरभरि घुम्छु। मोटरमा गमक्क परेर चुरोट तान्दै बस्छु। राजेन्द्र, तिमीलाई अमेरिका पठाउने आफ्नै खर्चले।

**मन्दिरा** : होइन क्यारे रसवरीभन्दा त जिल्फी नै मीठो। जिल्फीमा त ताकत पनि छ।

**टंकमान** : (नेपथ्यबाट) ए नरबहादुर दाइ, नरबहादुर दाइ।

**नरबहादुर** :ऊ हेर आयो । मेरो प्लान सफल गर्न आएको। तँ जा, तँ बस्यो कि मेरो वाक्य फुट्दैन। कस्तो छ राजेन्द्र, यता मेरो प्लान बन्यो उता बोलाउनै नपर्ने गरी टंकमान आइपुग्यो। भाग्य चम्कँदैछ

चम्कँदैछ। भाग्यले त्यसै डोराएर ल्यायो। माथि आउनोस् टंकजी। सरिता राम्ररी उठेर बस। ( मन्दिरा निस्कन्छे)

**टंकमान :** (पस्दै) तपाईहरु के सल्लाह साविति गर्न लाग्नुभएको, यति राम्रा-राम्रा छोराछोरी एकै ठाउँमा बसेर ? एकै कोठामा । ओहो अब त तपाईकी छोरी पनि ठूली भइछ। पोहरसम्म यत्री सानी थिई। छोरा के गर्छ नि छोरा ? पढ्छ हैन ? (शान्ति) आज तपाईहरु सबैको अनुहार निन्याउरो देख्छु नि। सबै बिरामी भए जस्तो !

**नरबहादुर :** होइन केही पनि भएको छैन। यही कि, यही आज पूजा छ, पूजा छ, वर्त। यो घर तपाई किन्नोस्।

**टंकमान :** मैले ?

**नरबहादुर :** हो।

**टंकमान :** मैले किन्ने ? त्यही कुरा त म भन्न आएको। कि वर्षदिनको ब्याज दिनोस् कि घर छोड्नोस्।

**नरबहादुर :** कस्तो छ राजेन्द्र मैले सोचेको ? मेरो प्लान सफल हुन लाग्यो कि लागेन ? यो घर १५ हजारले किन्नोस्। एघार हजार तपाईको साउँ र ब्याज भयो। चार हजार मलाई दिनोस्। आजै रजिष्ट्रेशन पास गर्नोस्।

**टंकमान :** मैले बुझिन कुरा। दश हजार मैले पूरा मोल तिरिसकें .. तपाई इष्ट-मित्र ! तपाई अड्डामा छँदा मेरो धेरै काम सपारिदिनुभएकोले पो मैले घरको पूरा मोल सापटी दिएको।

**नरबहादुर :** (एकछिन सोचेर) होइन त्यसो नगर्नोस् मेरो सारा प्लान चौपट हुन्छ।

**टंकमान :** बढी मोल आउँछ भने अरु कसैलाई बेच्नोस् घर। मलाई आजै ब्याज चाहिन्छ। कि छोड्नोस् घर। म आजै मान्छे राख्छु।

**नरबहादुर :** आज म ब्याज कहाँबाट तिरुँ ? खानलाई त तपाईसित के फटाहा कुरा गरुँ - खानलाई त ! आज ...... !

**राजेन्द्र :** भोकै छौं। सारा घर भोकै छ।

**टंकमान :** भोकै कसरी ?

**राजेन्द्र :** तपाईलाई खुशी लाग्यो ?

**टंकमान :** त्यसैले त म यहाँ आएको। यति भन्न कि घर छोड्नोस् कि ब्याज दिनोस्।

**सरिता :** (जुरुक्क उठेर टंकमानतिर पुग्दै) राक्षस बा, राक्षस बा। तपाईको ज्यान केमा छ ?

**टंकमान :** के भनेको ?

**सरिता :** तपाई मलाई यति माया गर्नुहुन्छ, यति माया गर्नुहुन्छ । कस्तो राम्रो-राम्रो मान्छेको मासु ख्वाउनु हुन्छ। केही गरी मर्नुभयो भने, केही भयो भने म के गरुँ ? म एक्लो कसरी बाँचु ? हो हो, तपाईहरुको ज्यान त्यसै जाँदैन, त्यसै मर्नु हुन्न। तपाईहरुलाई मार्न त्यस्तै ठूलो भवितव्य आउनुपर्छ। तैपनि थाहा पाइराखे मलाई सञ्चो हुन्छ। भन्नोस् तपाईको ज्यान केमा छ ?

**टंकमान :** (रिसाएर) के भनेको यल्ले ? मलाई गिज्याएको ?

**राजेन्द्र :** फेरि समाजवाद मेरो मगजमा आयो। समाजवाद समाजवाद धनले ठोके झैं मेरो मगजमा ठोकिरहेछ ठोकिरहेछ। समाजवाद मलाई मनपर्दैन। मनपर्दैन। सारा पूँजी सारा उत्पादनमा समाजको अधिकार ? जनताको अधिकार ? राष्ट्रियकरण ? हूँ ! ! ! (आफैलाई सम्झाउन खोजे झैं) ए लाटा, विज्ञानको उन्नतिले समस्याको हल गरिहाल्छ नि। विज्ञानको उन्नतिको पनि त सीमा छ। अनि असीमित उन्नति ह्रासतिर लम्कँदैन ? त्यसो भएमा समानतापूर्वक मृत्यु होइन ? लाटा, मानिसको मानसिकताबाट ह्रासको भावना हुन्छ। (व्यंग्यपूर्वक) वेल्फियर स्टेट, वेल्फियर स्टेट, वेल्फियटर स्टेट!

**नरबहादुर :** चूप लाग। मेरो कुरा सुन्नोस्। मेरो प्लान सुन्नोस्। तपाईले चार हजार रुपियाँ दिनुहुन्छ। अनि त्यसको धान किन्छु। यसपाली अनिकाल पर्छ। धानको भाउ दोब्बर, तेब्बर, चौबर हुन्छ। अनि नाफा आएको रुपियाँको फेरि धान किन्छु। अनि अर्को साल त्यस्तै अनिकाल ! नभए अर्को केही। अनि त ४०/५० हजार रुपियाँ हुन्छ। अनि त फ्याक्टरी खोल्छु। मिल खोल्छु। सिमेन्टको कारखाना, फलामको कारखाना ! बैंक ! ! (दंग हुँदै) अनि त, अनि त, तपाईको नरबहादुर लखपति करोडपति।

**मन्दिरा :** (कोठाभित्र पस्दै) भर्खर मैले भोज खाएर आएको। तपाईहरुले खानु भएको छैन ? जानोस् माथि जानोस्।

**टंकमान :** (रिसाएर कराउँदै) तिमीहरु बौलाएर मलाई बौलाहा बनाउन लागेको ?

**मन्दिरा :** (खस्कँदै) उसो भए मैले भोज खाएको हैन ? सपना देखेको - ! ! (बस्छे)

**टंकमान :** बौलाहा बनेर मलाई छकाउन पाइँदैन। म छकिने हैन। भोकाएका बौलाहाहरु। हेर्नोस्, कि घर छोड्नोस्, कि ब्याज तिर्नोस्।

**नरबहादुर :** सत्ते यही कुरा ? उसो भए (दाह्रा किट्दै) उसो भए (प्लानको कागज ध्यार-ध्यार च्यात्छ र बस्छ) अब अर्कै प्लान बनाउनु पर्ला। ( टंकमान निस्कन्छ) अर्कै प्लान बनाउनु पर्ला। त्यतिका सोचेर बनाएको प्लान खेर गयो। (जुरुक्क उठेर निस्कन्छ। मन्दिरा पछिपछि लाग्छे) तँ किन पछि लागेको ? (नेपथ्यमा कुटेको आवाज) ला मोरी, ला ! मर अहिल्यै मर ! यो अलच्छिनी अनुहार नदेखा।


**मन्दिरा :** **(नेपथ्यमा) हुन्छ मार्नोस् लौ मार्नोस् यो अलच्छिनी मरेकै बेस आज म आफै झुण्डिएर मर्छु**

**राजेन्द्र :** (सुस्केरा हाल्दै) आमा झुण्डिएर मर्न सक्नुहुन्न। आमालाई भोकभन्दा ज्यान प्यारो छ। अँध्यारो भएको हो कि साँझ परेको ! ओहो मैले फेरि आफ्नो अनुहार देखें- ऐनामा देखे जस्तै। झ्याल थुन सरिता। झ्याल थुन। त्यो अनुहार कति निन्याउरो, कति पहेंलो, कति शक्तिहीन र शुष्क ! तिमीलाई समाजवादको विश्वास छ सरिता ?

**सरिता :** यज्ञरथ राजकुमार, त्यों राक्षसको ज्यान भएको पुतली समातेर मान गाहारो छ। भैहाल्यो कोसिस नगरी बक्स्योस्। त्यति टाढा बाघ, भालु, सर्प भएको जंगल जानुपर्दछ। अनि ठूलो तलाउ आउँदछ। तलाउको बीचमा एउटा ठूलो खम्बा छ। त्यो खम्बालाई एकै चोटले छिन्नुपर्छ। खम्बाबाट एउटा पुतली भुर्र बाहिर निस्केर उड्छ। त्यो पुतलीलाई झट्टै समातेर मार्नुपर्छ। रगत तलाउमा खस्यो भने उल्टो राजकुमार हजुरको ज्यान जान्छ ! राजकुमार, सवारी नहोस् सवारी नहोस् ! फर्किबक्स्योस्, फर्किबक्स्योस्।

# पिंजराको सुगा

– लेखनाथ पौडेल



बालक बबुरो द्विज शुकनामा
हूँ म परेको छु पिंजरामा।
मकन हरे ! शिव ! शान्ति र चैन
सपना बिच पनि रतिभर छैन।।

मेरा बान्धव बाबु र आमा
बसछन् वनका एक कुनामा।
कोसित पोखूँ मनको ताप
गरदै पिंजराबाट विलाप।।

आँशु बगाई कहिले रुन्छु
कहिले मूर्दा-तुल्य म हुन्छु।
कहिले पागल सरि उफ्रन्छु
केवल वनका सुख सम्झन्छु।।

फलफुल खाई नित्य रमाई
वनमा फिरने विचरालाई।
विधिले पार्‍यो पिंजराभित्र
कर्म हरे ! शिव ! हुन्छ विचित्र।।

कति फिरदो हूँ कति उड्दो हूँ
कति कति देशान्तर डुलदो हूँ।
दैव ! हरे ! किन बालकलाई
बन्धन पार्‍यौ व्यर्थ भुलाई।।

शीतल पानी कुन्ज-निवास
भोजन मीठा फलको खास।
त्यो सब हुनगो आज विनाश
बाँकी छ एकै मनको त्रास।।

हरिया वनको शीतल छाया
बान्धवसँगको मोह र माया।
डुलनू फिरनू फल-फुल खाई
सपनामय भो हाय ! मलाई ।।

बृद्ध महातुर बाबा जननी
आँशु खसाली दीन बनी।
नित्य रुँदा हुन् हाय ! विधाता !
तोडिदियौ किन त्यो दृढनाता ?

वरिपरि बैरीहरु छन् सारा
छैन कतैतिर कोही सहारा।
के गरुँ ? कसरी उम्की-जाऊँ ?
कोसित मनको दर्द बिसाऊँ ?

यो सब गगनैभरमा खास
जसका हुन्थे भोगविलास।
उसको अब हा ! ! जीवन-पात्र
केवल सानू पिंजरा मात्र।।

पिंजरा फोरुँ भनिकन चुच्चो
बलसँग धसदा भो सब बुच्चो।
बेसरी कुँजिए पक्ष र पाउ
कसरी अब हा ! ! काल बिताऊँ।।

कहिले ठण्डी कहिले धूप
कहिले बकबक कहिले चूप।
बालकहरुको मनअनुसार
हुन्छ निरन्तर भाग्य-विचार।।

भाग्य-तमासा जब सम्झन्छु
अनि पछि सिल्ली तुल्य म हुन्छु।
आँशु बहन्छन् छाति चिरिन्छ
चित्त निरन्तर रोइरहन्छ।।

उठदछ मनमा घोर तर
सबतिर हेरी हुन्छु भर ।
प्राण नजाने काल नआई
के गरी कसरी बाँचूँ हाई ! !

खानु छ खाली तौली धान
त्यों पनि आधा पेट छ जान।
हेर्दछु भाँडो पानी छैन
भोगिरहेछु यस्तै चैन।।

शुष्क छ घाँटी, बन्धन चर्को
बोलनु परने झर्को अर्को।
बोलि नबोलूँ लट्ठि उजाई
हुन्छ तयारी पिटनालाई।।

यौटा भन्दछ यो हो पाजी
अर्को भन्दछ यो छ बिराजी।
भन्दछ तेस्रो आत्माराम।
पढो पढो जी, राखो नाम ।

यो कस्तो हो ? कसरी आयो ?
बसिकन पिंजरा-बीच के खायो ?
यो सब बुझ्ने कोही छैन
हाय ! यसैले मन रहँदैन।।

जीवन अर्पी बन्धनभित्र
बोलनुपरने बोलि विचित्र ! !
तैपनि चारा आधा मात्र
दैव ! रहेछौ करुणा-पात्र।।

दैव ! दिएथ्यौ तिमीले एक
बोलन सकने शक्ति विवेक !
पाइरहेछु त्यसकैद्वारा
बन्धन, गाली, धम्की सारा।

मकन दिलाई संकट जेल
मानिस गरने कौतुक खेल।
यो कस्तो हो पापाऽऽचार।
दीनदयालू ! लाऊ पार।।

गुणको बैरी मानुष-जाति
शुष्क गराई गुणिको छाती।
प्राणपखेरु नलिएसम्म
खुस किन हुन्थ्यो, हाय ! अचम्म ! !

पृथिवीतलमा यौटासम्म
मानिस बाँकी रहँदासम्म।
नाथ ! सुगाको जन्म नहोस्।
बल्ल मलाई आयो होश।।

# अभागी

- गुरुप्रसाद मैनाली

पण्डित माधवप्रसादले आफ्नी बिरामी स्वास्नी गंगाको निधारमा हात राखेर भने- "बाबा, तिमीलाई कस्तो छ ?"

गंगाले गहभरि आँसु पारेर उत्तर दिइन्- "कस्तो हुन्थ्यो, अब बिछोड हुने बेला भो ।"

फेरि एक छिनपछि हात जोरेर भनिन्- "हजुर के के न गरिदिउँला भन्थें मेरो यही गत भो ! कृष्ण बालख छ, त्यस अनाथमाथि दया गर्नुहोला।"

"हरे, त्यो बालख सन्तानमाथि मैले माया होइन दया गर्नु अरे, मलाई कस्तो निठुरी देखेकी।" भनी माधवप्रसाद दुवै हातले मुख छोपेर रुन लागे।

सास छउन्जेल आशा। माधवले डाक्टर, वैद्य, धामी, झाक्री सबैलाई बोलाएर देखाए। डाक्टरले टी. वी. को शंका गऱ्यो, वैद्यले जीर्ण ज्वरो भन्यो, धामीले मन-कामनाको भाकल देखायो। सबैले एक-एक थोक नाउँ राखेर आफ्नो-आफ्नो फिस खल्तीमा हालेर हिंडे, तर कसैको ओखतीले छोएन। रोग लागेको भए पो ओखती लाग्थ्यो ? कालको ओखती कसले जानेको थियो र लागोस् ? व्यथाले झन् च्याप्तै ल्यायो।

गंगाको वाक्य रहेको तीन दिन भो। दुवै आँखामा जालो बसेको थियो, मुख श्रीहीन देखिन्थ्यो। नाक सुकेको, ओठ नीलो, दाँत काला, कानका लोती फर्केका थिए। फुकेको रुखो केशराशी निधारका यताउती छरिइरहेको थियो। शरीरमा हाड-छाला सिवाय केही थिएन। आँखाबाट अविरल आँसुका धारा बगिरहेका थिए।

के-के भनुँ ? गंगाको त्यो दिप्तीमय सुन्दर शरीर कंगाल जस्तो देखिन्थ्यो। कुनै मानिसहरु दलानभरि बसेका थिए। माधवप्रसाद रोगीका सिराननेर बसेर बखत-बखतमा चम्चाले पानी ख्वाइ रहेका थिए। गंगा कहिलेकाहीं ओठ मात्र चलाएर बोले जस्तो गर्थिन्, तर त्यो भूक भाषा जान्ने मानिस त्यहाँ कोही थिएन। नाडी कहिले हराउँथ्यो, कहिले देखा पर्थ्यो। पिंजडा यस्तो जर्जर हुँदा पनि किन हो गंगाको प्राण पखेरु अझ उड्न सकेको थिएन।

खत्रिनी बूढी रोगीको लुगा स्याहारिदिन लागेकी, गंगाको पटुकाभित्र सानु एउटा पोको घुसारी राखेको फेला पारिछन्। के रहेछ भनी झिकेर हेरेको त कृष्णको पेटेभोटोमा दुईटा गुज्जा, काँचको सानु पुतली, टिनको सानु बट्टा राखेको रहेछ। त्यही बेला कताबाट हो- "गोलेले मेलो गुज्जा खोछ्यो भनेर कृष्ण रुँदै आयो।" "माधवले काखमा राखेर फुल्याउन लागे। कृष्ण रोएको सुनेर हो कि केले हो गंगाले अलि हात लम्काएर छामेजस्तो गरिन्। त्यो देखेर भट्टराई बूढाले माधवसंग भने- "नानी, दुलहीलाई पक्का छोराको घिडघिडो रहेको हो, एकचोटी सम्झाउन पाए हुन्थ्यो।"

माधवले गंगाको कानमनेर मुख लगेर- " बा बा छो ... रा .... को ...।" भन्दा भन्दै रुन लागे। बाबु रोएको देखेर कृष्ण पनि रुन थाल्यो। अरु हेर्नेले पनि मन थाम्न सकेनन्। सबैको गहभरि आँसु भो।

एकछिनपछि अलिअलि कामेर गंगाले आँखाको नानी घुमाउन लागिन्। भट्टराई बूढाले- "लौ- लौ, बाहिर सार्ने बेला भो" भने। खत्रिनी बूढीले हतपत गरेर तुलसीको मठनेर गोबरले पोतिदिइन्। एक जनाले जौ, तिल छरिदियो। तीन-चार जना भएर गंगालाई पोतेको ठाउँमा सारे। माधवले रुँदै मुखमा गंगाजल हालिदिए। अनि दुई पटक हिक्कहिक्क गरेर गंगाले आफ्नो जीवनलीला समाप्त गरिन्। बसेका स्वजनहरु रुन लागे। दुई घडीपछि शव उठाएर घाटमा पुऱ्याए। केही समयपछि माधवको त्यो सुनको संसार दनदन बलेर खरानी भो। आखिर सीता र सावित्रीजस्ती स्वास्नी घाटमा सेलाएर माधव रित्तै घर फर्के।

अघि माधव बाबु मात्र थिए, अब उनलाई प्रारब्धले आमा हुन पनि कर लगायो। कृष्णलाई ख्वाउनु-प्याउनु, फुल्याउनु, सुताउनु सबै अभिभारा उनको थाप्लोमा पऱ्यो। कृष्ण कहिले भान्छा छोइदिन्थ्यो, कहिले ओछ्यानमा पिसाब गरिदिन्थ्यो। भोलिपल्ट विचरा रुँदै बिछ्याउना सुकाउँदै गर्थे। आफू चुल्हामा भात पकाउन थाल्थे, कृष्णचाहिं कुन सड्को कुन सडकमा खेल्न पुग्थ्यो। मोटर बग्गीले किल्छ कि भन्ने जगजगी थियो। पर सडकमा केटाकेटी रोएको सुने भने माधव दौड्दै झ्यालमा आएर हेर्न थाल्थे। सानुचा कसाईका छोराहरु दौड्दा दौड्दैको मोटर समातेर झुण्डिन्थे। त्यो देखेर कृष्ण पनि मोटर आयो भने दगुर्दै पछि-पछि जान्थ्यो। माधव गई समातेर ल्याउँथे। हात्ती आएको देख्यो भने "हात्तिमाथि दानाचोर, हात्तीमाथि दानाचोर।" भनेर कराउन थाल्थ्यो।

घर-गृहस्थीको पीर बेग्लै, छोरोको सुसुल्को खेलले विचरा माधव कहिलेकाहीं साह्रै विरक्त हुन्थे। दिउँसो चौतारियाकहाँ पढाउन जानुपर्थ्यो, जाँदा कृष्णलाई पनि संगसंगै लैजान्थे। एक दिन चौतरियाले भने- "पण्डित छोरालाई कति पिठ्यूँमा बोकेर हिंड्छौ। झर्को लाग्दैन ?"

"के गर्नु प्रभु, पापिनीले दूध चुस्ता-चुस्तैको पिउसो छोडेर गई, घरमा राखेर आउँभने हेरिदिने कोही छैन, माया लाग्छ, मन मान्दैन, बोकी-बोकी हिंड्छु। पासो लाएर मरुँ भने पाप लाग्छ भन्छन्, यस जुनिको कमाइ भोगिरहेछु प्रभु।"

ठूलो एकादशीको दिन, कृष्णलाई छोडेर माधव पशुपति जान लागेका थिए, कृष्ण पनि जान्छु भनेर भुइँमा गोडा बजारेर रुन लाग्यो। खत्रिनी बूढीले भनिन्- "आ, लाडे भएको ब्यारे ! यत्रो बडेमा भएर पनि बाबुको बुई चढेर हिंड्न खोज्ने।"

कृष्ण किन मान्थ्यो ? झन् लडिंबडी गरेर रुन लाग्यो। माधवले कृष्णलाई उठाएर साथीहरुसँग भने- "मलाई यस केटोले बाँधेर हल न चल पारिरहेछ, तिमीहरु जाओ।"

इष्टमित्रहरु माधवलाई विहे गर्नुपर्छ भनेर कर लाउँथे। माधवचाहिं भन्थे- "एउटा बिहे गर्दा यो गत छ, अर्को गर्दा कुन गोता पाइने हो ? कर्मले नदिएपछि बल गरेर हुँदैन। एउटा पिउसो जन्मेको छ, हुर्काएर यसको जरोकिला बाँधिदिन पाए पुग्यो। नदुखेको कपाल किन डोरी लाएर दुखाउनु ?"

तीन-चार वर्षपछिको कुरा हो। माधवले बिहे गरेर ल्याए। रानीसाहेबले कन्यादान दिएको भन्ने सुनिन्थ्यो। केटी पनि बढेकी रहिछन्, नाउँ करुणा भन्थे। "छोराको सम्भार गर्ने कोही नहुनाले यस उमेरमा पनि बिहे गर्नुपऱ्यो" भनेर माधव अपशोच गर्थे तर यो कुरा कहाँसम्म

सत्य हो परमेश्वरै जानून्।

धेरैदिनसम्म बाबु र आफू मात्र भएको घरमा अचानक एउटी नौलो स्वास्नी मानिसले प्रवेश गरेको देखेर केही दिन कृष्णले आश्चर्य मान्यो। माधव करुणातिर औंल्याएर, बाबु, आमा भन्नुपर्छ भनेर कृष्णलाई सिकाउँथे, कृष्णचाहिं लाज मानेर माधवको छातीमा मुख लुकाउँथ्यो।

अब यताउती जाँदा माधव कृष्णलाई उस्तो साथमा लिएर हिंड्दैनथे, घरमै छोडेर जान्थे। बेलुका आउँदा कृष्ण सुतिरहेको हुन्थ्यो।

यस उमेरमा बालकहरु विशेष खेलबाडमै रमाउँछन्। खेल्न पायो भने भोकप्यास केही कुराको वास्ता गर्दैनन्। यस अवस्थामा छोराछोरी खान छोडेर खेल्न जान लागे भने आमाहरु पक्रेर ल्याएर कर लगाइ-लगाई ख्वाउँछन्। रोए पनि वास्ता नगरेर जबर्जस्ती नुहाइदिन्छन्। बलजफतीसँग तेल घसिदिन्छन्। मैलो लुगा फेरेर सुकिलो लुगा लगाइदिन्छन्। जाडो भएको बेलामा आफ्नो ओढ्नेले ढाकेर काखमा गुटुमुटु पारेर राख्छन्। तर गंगाको बदलामा कृष्णको लालनपालन गर्न आएकी करुणा सन्तानका उपर आमाले गर्नुपर्ने यी प्रधान कर्तव्यहरुको पालना गर्थिन् गर्दैनथिन् त्यो कुरो अन्तर्यामी जानून्।

कृष्ण आठ वर्षको भो। यस बीचमा करुणाले पनि छोरो पाइन्। कृष्ण पढ्नपट्टि उति मन लाउँदैनथ्यो, खालि खेलावडमै हिंडिरहन्थ्यो। माधव बेलुकीपख चौतरियाकहाँबाट फर्कंदा कृष्णलाई कहिले सानुचा कसाईको छोरो तुइचा र कुलबहादुर थापाको छोरा गोरेसँग देवलमा खोपी खेलिरहेको फेला पार्थे- कहिले साथीहरुसँग मिलेर सुसेल्दै तिघ्रा ठटाउँदै पाटीनेर साँढे जुधाउन लागेको हुन्थ्यो। घरवाट पैसा चोर्दै लाँदै खोपी खेल्दै गर्थ्यो। कृष्णको चालचलन देखेर माधव दिक्क हुन्थे।

दशैं आयो। माधव चौतरियाको दशैंघरमा पूजा गर्न गए। वर्षैपिच्छे जान्थे। नौरथाभरि राता लुगा लाएर एक छाक खाएर उहीं बस्नुपर्थ्यो। टीकाको दिन बिसर्जन पूजा गरेर मालिक मालिक्नीको हातको टीका लगाएर मात्र घर आउँथे। घरमा करुणा मात्र थिइन्।

महाअष्टमीको दिन थियो। टोलका नरनारी, केटाकेटी सबै जना नयाँ-नयाँ लुगा लगाएर ठाँटिएर हिंडिरहेका थिए। दशैं हाम्रो ठूलो चाड हुनाले यसबखत मानिसहरु ऋण काढेर पनि राम्रो लाउँछन् मीठो खान्छन्। यस्तैं गरीबका घरमा पनि आनन्द र समारोह हुन्छ।

आधा दिनतिर खत्रिनी बूढी धाराबाट पानी भेरेर आउन लागेकी, कृष्ण पाटीमा तुइचासँग खोपी खेल्न लागेको रहेछ। घुँडा फाटेको, मैलो सुरुवाल लाएको, दौरा टोपी पनि मैलो, बाहुला, खल्ती फाटेको भ्रुत्रो कोट लाएको, गोडा काला फुटेका, लुगा र हात-गोडामा धुलो लागेको, कृष्णको भेषभूषा देखेर खत्रिनी बूढीले एकछिन उभिएर हेरिरहनि्। गंगासँग खत्रिनी बूढीको साह्रै स्नहे थियो। त्यसो हुनाले कृष्णलाई उनी निकै माया गर्थिन्। एक छिनपछि हत्केलाले घाम छेकेर खत्रिनी बूढीले भनिन्- "हेर हेर इलम गरेको, पण्डितको छोरो भएर कसाईका छोरासँग खोपी खेलेर हिंड्छन् । यस्तो वुद्धि छ र त दिनदिनै कुटाइ खान्छस् । दशैंलाई लुगा हालिदिएका छन् ?"

कृष्णले खेल्न छोडेर अलि लाज मानेजस्तो गरेर भन्यो- "छैन " भात खाइस् कि खाइनस् नि ? सके यस बेलासम्म मुख धोएको पनि होओइन।"

मुख धुने, भात खाने कुरा सुनेर कृष्ण एकछिन टोलाएजस्तो भयो अनि बिस्तारै घरतिर गयो।

खत्रिनी पानीको गाग्रो लिएर धारानेर पुगेकी थिइन् उताबाट पानी लिन करुणा पनि गाग्री काखी च्यापेर आउन लागेकी रहिछन्। खत्रिनी बूढीले करुणालाई देखेर भनिन्- "दुलही नानी, आज कृष्णले भात खाएको छैन ?"

"बिहानै थैलीको चाराना पैसा चोरेर हिंडेको, अहिलेसम्म नाक-मुख देख्न पाएको छैन।"

"चाडबाडको दिन बोलाएर पनि खान दिनुपर्दैन त ?"

"खाँचो लागिरहेछ, चोरलाई भात पस्केर राखिदिएकी छु, भोक लागे आएर खान्छ, होइन भने मरिरहन्छ।"

पर्सिपल्टको कुरो हो, टीकाको दिन थियो। अघि-अघि कृष्ण भागिरहेको थियो, पछि-पछि हातमा लौरो लिएर करुणा लगार्दै आउन लागेकी थिइन्। खत्रिनी बूढीका घरनेर गल्लीमा आइपुगेपछि कृष्णलाई भेट्टाइन् र पाखुरामा समातेर गाली गर्दै कुट्दै गर्न थालिन्। कृष्ण कंकला शब्द गरेर रुन लाग्यो। कहिले चोट लागेको ठाउँमा हातले सुमसुम्याउँथ्यो, कहिले कपालमाथि हात उचालेर चोट छेक्न खोज्थ्यो। टोलका आइमाईहरु झ्याल-झ्यालबाट हेर्न लागे।

पहिले त एकदुई चोटी कुटेर छोडिदेलिन् भन्ने लागेर कोही छुट्याउन गएनन्। परन्तु जव तारन्तार कुट्न लागिन्, अनि खत्रिनी बूढीले मन थाम्न सकिनन् र गएर "हत्तेरी ! बालखलाई पनि यसरी दया छोडेर कुट्नु ?" भनेर छुट्याइदिइन्। कृष्ण डरले खत्रिनीका जीउमा टाँसियो। करुणा कुट्न भनेर फेरि चुरिंदै आएकी थिइन्, खत्रिनीले हात छेकेर भनिन्- "होइन, के उपद्रो गऱ्यो र यसरी रिसाएकी ?"

करुणाले हातको लट्ठी फ्याँकेर फरियाको छेउले कपाल ढाक्दै भनिन्- "के के भनूँ बिहान चौतरिया साहेबकहाँ दछिना दिएका रुपियाँ डसनाका पत्रमा राखेर पँधेरा गएकी, कुन सड्को कुन सड्को आएर रुपियाँ चोरेर हिंडेछ। ठेकीमा दही थियो, दही पनि झिकेर खाएछ।"

"त्यत्रो लाठे भैसकेको हाम्रो पुड्केले पोहर तिहारमा बालख बहिनीको कानको मुन्द्री फुकालेर जुवा खेलेको थाहै छ। खै त, हामीले त यसरी कुटेनौ ए ! जाबो एउटा रुपियाँ चोऱ्यो भनेर पनि बालखलाई चाडबाडका दिनमा कुट्नु ?

"कति सहनु ? सधैं यही चाल छ ! आँखा झिम्क्याउन हुँदैन, जे भेट्टायो टिपेर हिंड्छ," भनेर करुणा फतफताउँदै घरतिर गइन्। खत्रिनी बूढीले कृष्णलाई पाखुरामा समातेर "अभागी काठा ! कुन दिन अकालमा मर्छस् !" भनेर डोऱ्याउँदै आफ्नो घरतिर लगिन्।

कृष्ण खत्रिनी बूढीका दलानको कुनामा बसेर धेरै बेरसम्म सुँक्क सुँक्क गरेर रोइरह्यो। अनि बेलुकीपख त्यहीं घुप्लुक्क निदायो।

साँझ परेपछि माधव आए। करुणा र सानु छोरो केशवलाई त बिहान चौतारियाकै घरमा टीका लगाइदिइसकेका थिए, कृष्णलाई लगाइदिन बाँकी थियो। खोजेको, घरमा रहेनछ। करुणासँग सोधेको, जवाफ नदिएर गोडा बजार्दै घरभित्र पसिन्। माधव करुणाको स्वभाव जान्दथे, यस बखत त्यसभन्दा बढ्ता प्रश्न गर्नु उनको मनले ठीक ठानेन।

कृष्ण साँझमा धेरैजसो खत्रिनी बूढीकहाँ

गएर बस्थ्यो। त्यसो हुनाले उहीं छ कि भनेर माधव खत्रिनीका घरमा गए। कृष्णलाई दलानको कुनामा एउटा फ्याङ्लो गुन्द्रीमा सुतिरहेको देखेर घचघच्याएर बोलाउन थाले। माधवको स्वर सुनेर खत्रिनी बूढी हातमा बत्ती लिएर बाहिर निक्लिन्।

कृष्ण उठेर टुक्रुक्क बस्यो। उही फाटेको मैलो लुगा लगाएको, दुब्लो, खल्ती छामे- धूलो, तीन चारवटा गुज्जा, एउटा पेन्सिलको टुक्रो, एउटा भाँचिएको सीसाकलम, एउटा टाँक, चारवटा पैसा, दुइटा चुरोटका ठुटा रहेछन्। चुरोटका ठुटा देखेर माधवले लामु सास फेरेर भने- "हेर, पाजीले चुरोट पनि खान थालेछ !"

खत्रिनी बूढीले दिउँसोको सबै कुरा भनिदिइन्। माधवले कृष्णको लुगा फुकालेर हेरे। पिठ्युँ, तिघ्रा, पिंडुला, चार-पाँच ठाउँमा नील परेको रहेछ, छाती र घुँडामा मयलको टाटो बसेको गिडरि करङ निस्केको, कृष्णको दीन-हीन भेष देखेर माधवले एकछिन घोरिएर गहभरी आँसु पारेर भने- "डंकिनीले उसका बाबुलाई किन कुटेकी होली ?"

खत्रिनी बूढीकी नातिनी ठूलीले अगाडि सरेर भनी- "यी पनि ख्याल वदमाश छन् बाजे ? हिजो मलाई ढुंगाले हानेर कपालमा कत्रो टुटिल्को पारिदिए !"

ठुलीकी बहिनी बाटुलीले भनी- "अस्ति देवल अगाडि नेवार्नी बूढीले नाङ्लामा बेच्न राखेको तिलौरी भिकेर भागे र बूढीले कसरी कुटी नि ? केही भन्यो भने लाज हुने कुराको गाली गरेर भाग्छन् !"

खत्रिनी बूढीले बाटुलीलाई हातले पन्छाउँदै भनिन्- "हा, हो, चूप लाग् तँ पनि निकी छैनस् !"

माधवले आँसु झार्दै भने- "चण्डाल ! दिनरात बदमाश केटाहरुको संगत गरेरहिंड्छ, किन गतिलो हुन्थ्यो ? सानुचा कसाईका छोरा तुइचा, माकलहरु आमा-बाबुले केही भन्यो भने आँगनमा निस्केर कसरी गाली गर्दै भाग्छन् ? त्यही सिकेको होला ?" भनेर कृष्णलाई पाखुरामा समातेर घरतिर लगे।

यस्तै रीतले भोक, प्यास, दु:ख लाञ्छना सहेर कृष्ण तेह्र वर्षको भो, केशव पनि पाँच वर्षको भो। कृष्ण केशवलाई साह्रै माया गर्थ्यो। कहिलेकाहीं पर्खालका आडबाट केशवलाई सान गरेर डाक्थ्यो र पसलतिर लगेर तिलौरी, पिप्लामेट किनेर खान दिन्थ्यो। केशव पनि कृष्णलाई साह्रै पछ्याउँथ्यो। तर कृष्णलाई पछ्याएर हिंडेको करुणाले देखिन् भने चोरसंग पछि लागेर हिंड्छस् ? भनेर केशवलाई समातेर ल्याएर पिट्थिन्।

शिवरात्रीको दिन थियो। माधव फलैंचामा बसेर तमाखु खाँदै कृष्णलाई रुद्रीको अघि पढेको पाठ सोधिरहेका थिए। नयाँ पढ्नु त कहाँ हो कहाँ अघि पढेको पनि बिर्सिसकेछ। माधवलाई साह्रै रिस उठ्यो र नलीले दुई तीनचोटी हिर्काएर भने- "पढे गुनेर खानुपर्ने बाहुनको छोरो भएर, यत्रो लाठे हुँदा पनि पाजीले दुई अध्याय रुद्री पढ्न सकेको छेन। सोमनाथको छोरो बटे तँ भन्दा वर्षदिन कान्छो होइन ? पोहोरै रुद्री चण्डी सिध्याइसक्यो। यसपालि त गुरुज्यूकहाँ पाठको टिकट पनि पायो अरे। तँ गदाहाले चाहिं अलिअलि पढेको पनि बिर्सिसकिस्। हुने विरुवाको चिल्लो पात, नहुने विरुवाको फुसो पात ? यस्तो पशुले किन अन्न खानु ?"

भातसात खाएर माधव चौतारियाका घरतिर गए। कृष्ण पनि निस्केर बजारतिर हिंड्यो। केवश पछ्याउँदै गो। केशव पछिपछि आएको देखेर कृष्णले केशवका पिठ्यूँमा हात राखेर भन्यो- बाबु, घर जाउ बा, आमाले गाली गर्नुहुन्छ।"

केशवले दुवै कुम उचालेर भन्यो- "नाइँ !"

केशवले सोध्यो- "दाज्यू, कहाँ जानुहुन्छ नि ?"

"कहाँ हो कहाँ, धेरै टाढा !"

"कहिले आउनुहुन्छ नि ?"

"कहिले हो कहिले बा ठेगान छैन !"

फेरि के सम्झेर हो केशवलाई पिठ्यूँमा बोकेर पसलमा लग्यो र एक पैसाको तिलौरी किनेर दियो। अनि केशवलाई घरतिर पठाएर आफू कता गयो थाहा भएन।

माधव राति तोप चल्ने बेलामा घर आए। कृष्ण त्यसबेलासम्म पनि घर आएको रहेनछ। वल्लो-पल्लो घरमा खोजे, कतै फेला परेन। शिवरात्रीको दिन साथीहरुसंग कतै रमिता हेर्न गयो होला भनेर सुते। तर कृष्ण भोलिपल्ट पनि आएन।

माधव अघि कहिलेकाहीं कृष्णलाई लिएर पचली नर्सिंपुरी बाबाजीकहाँ गएर गाँजा खान्थे। उहीं गयो कि भनेर नर्सिंपुरीकहाँ गएर सोधे- "बाबा, कृष्णे हजुरकहाँ आएको थियो कि ?"

बाबाजीले गाँजा तानेर खोक्दै भने- "यहाँ एक ठो पन्जावी कनफट्टा साधु बैठेको थियो। कल तो एक दफे उसके पासमें आएको थियो। साधुले हलुवा खानेको दियो, फिर उसको बाद क्या भयो, मैले याद करेना ☐"

"ती कनफट्टा साधु कता गए त बाबा ?"

"साँझैमा आसन उठाएर किधर गयो याद करेना।"

त्यताबाट माधव कालमोचन, पशुपति, कैलाश, मृगस्थली इत्यादि जोगीको अखाडा अखाडामा खोज्दै हिंडे, तर कृष्णलाई कतै फेला पारेनन्। राती अबेला घर फर्के।

भोलिपल्ट बिहानै कालिमाटीको पुलीस पाटीमा गएर सोधे- "पुलीसदाई एउटा बाह्र तेह्र वर्षको बाहुन ठिटो जोगीसँग पछि लागेर गएको देख्नुभो कि ?"

पुलीसले फर्केर जवाफ दियो- "यत्रो जात्रुको घुइँचोमा को को गयो के थाहा पाउनु ?"

त्यहाँबाट थानकोट पुलीसपाटीमा गएर सोधे, पुलीसले भन्यो- "हिजो आधादिनतिर एउटा फाटेको कमिज लाएको दुब्लो केटो कमण्डलु बोकेर एउटा कनफट्टा जोगीका पछिपछि लागेर गएको त देखेथें, तर के जात हो थाहा भएन।"

त्यहाँबाट माधवले चितलाङमा पुगेर एउटा पसलेसँग सोधे- "बाह्र तेह्र वर्षको केटो साथमा लिएको एउटा कनफट्टा जोगीलाई देख्यौ कि साहू ?"

"हिजो बेलुका त्यहीं पाटीमा बास बसेका थिए। केटाले कमण्डलुमा जूठो लाइदिएछ र जोगीले दुई तीनचोटी पिट्यो। केटो रुँदै धारामा कमण्डलु माझ्दै गर्न लागेको थियो। आज बिहानै उठेर दुवै जना भीमफेदीतिर गए।"

माधवको छाती रुमलिएर आयो। गहभरी आँसु पारेर पाटीमा उक्ले। भित्तामा कृष्णको उही भुत्रो कोट झुण्ड्याइराखेको रहेछ। कोट हातमा लिएर माधव भित्तापट्टि फर्केर रुन लागे। त्यस बखत गंगाले हात जोरेर कृष्णमाथि दया गर्नुहोला भनेको, मर्ने बेलामा गंगाको प्राण जानुभन्दा अघि कृष्णका पेटेभोटो र उसका खेल्ने कुराहरु निस्केका, गंगाको प्राण जानुभन्दा

अघि कृष्ण रुँदै आउँदा गंगाले हात लम्काएर छामे जस्तो गरेको, आफूले धेरै दिनसम्म बोकी-बोकी हिंडेको इत्यादि अतितका धेरै कुराहरु सम्झे।

दुःखको बेग अलि शान्त भएपछि माधव फेरि हिंडे। ठाउँ ठाउँमा सोध्दै भीमफेदीसम्म पुगे, किन्तु कृष्ण कहीं फेला परेन। मानिस भागेको, उसमा पनि आफ्ना स्वजनबाट तिरस्कृत भएर भागेको, किन फेला पर्थ्यो। भोलिपल्ट माधव रुँदै घर फर्के। आज उनलाई "राम बनगमन" को कथा स्मरण भो। जीवनमा गंगासँग ठूलो विश्वासघात गरेजस्तो माने। धेरै रात बितेपछि आफ्ना टोलमा आइपुगे।

छिमेकमा गौरीनाथको घर थियो। गौरीनाथसंग माधवको धेरै कालदेखि विरोध चलिरहेको थियो। करेसो जोरिएको र नातामा दाजु पर्ने भए पनि आज कैयौं वर्षदेखि बोलचाल थिएन। घरनेर करेसामा आइपुगेपछि गौरीनाथकहाँ कुरा गरिरहेको सुने। गौरीनाथको स्वास्नीले च्च च्च ... गरेर भनिन्- कठैबरा ! कस्तो अभागी केटो रहेछ, राम्ररी एक गाँस खान र एक झुम्रो लाउन नपाएर गो ! विचरी गंगाले दश वर्षको उमेरदेखि घर गरेर लोग्नेलाई एक मानु खाने तुल्याएर गई। आखिर उसको छोराको यो गत भो !"

गौरीनाथको छोरो रामेले भन्यो- "छोरो मोरो पनि बदमाशको घण्ट हो क्यारे !"


गौरीनाथकी स्वास्नीले भनिन्- त्यस्तै हो ! घरमा माया गर्ने मानिस नभएपछि केटाकेटीको स्वभाव रुखो सुखो हुन्छ।" फेरि एक छिनपछि भनिन्- "गंगा मरेको ताक कस्तो माया गरेको नि ? जहाँ गएपनि बोकी बोकी हिंड्ने ।"

गौरीनाथले भने- "स्वाङ पारेको नाइँ, ख्याल चेप्याइँ पार्न जान्दछ ? अरु थोक नभए पनि माधेलाई गंगाका आत्माको सराप त अवश्य लाग्छ ।"

करेसामा माधवले जिब्रो टोकेर बिस्तारै भनें- "लाग्छ दाइ लाग्छ। माधवका आँखा तिरमिर भए। त्यस अँध्यारो साँगुरोपथमा दुब्ली निदाउरी गंगाले बाटो छेकेर "मेरो छोरो खोइ ?" भनेर सोधे जस्तो उनलाई लाग्यो। गोडा धरमर भएरलड्नै आँटेका थिए, भित्तो समातेर बिस्तारै घर गए।

# यो हल्लै हल्लाको देश हो

**- भूपि शेरचन**



कानमा इयरफोन लगाउनुपर्ने बहिराहरु
जहाँ संगीत प्रतियोगिताका जज हुन्छन्
र जहाँ आत्मामा पत्थर परेकाहरु
काव्यका निर्णायक मानिन्छन्।
काठका खुट्टाहरु जहाँ रेसमा विजेता हुन्छन्
र जहाँ प्लाष्टर गरिएका हातहरुमा
सुरक्षाको संगीन थमाइन्छ,
जहाँ बाटो र अट्टालिकाहरुका ढोका अगाडि
ढोकोको ढोको,
खर्पनका खर्पन,
ट्रकका ट्रक आत्माको मण्डी सजाइन्छ,
ष्टाक एक्सेन्जका शेयर जस्तै
आत्मा क्रय-विक्रय गर्न सक्नेहरु
जहाँ नेता हुन्छन्
र जहाँ निधारभरि कर्कटपाता जस्तै
चाउरी परिसकेकाहरु
तन्नेरीहरुका अगुवा हुन्छन्
जहाँ जतिसुकै व्यभिचारीको पनि
इज्जतको "वाश एन वियर क्रीज" कहिले बिग्रिन्न,
जहाँ जतिसुकै पाप गरेको वेश्याको पनि
अनुहारको टेरेलिनको छाला कहिल्यै खुम्चिन्न,
जहाँ कृषि-मैलाहरुमा
दोब्बर उब्जनी हुने बीउहरुको प्रदर्शनी गरिन्छ
र जहाँ खडेरी र अनिकालका सम्चारले भरिन्छ,
जहाँ बाग्मती र विष्णुमतिका साटोमा
अब वीयर र हिवस्की बग्दछन्,
र जहाँ अब पशुपतिनाथ र स्वयम्भूनाथका मन्दिरको
उपयोग
तिनका प्रसाद खानमा कम, र
तिनका पछाडिका वनहरुमा
आडम र इभको "वर्जित फल" खानमा बर्ता गरिन्छ,
जहाँ चिनीको कारखानाले
चिनी होइन, रक्सी मात्र बनाउँछ
र जहाँका स्वतन्त्र आमाहरुले
छोरा होइन लाहुरे मात्र जन्माउँछन्
जहाँ रिन तिर्नको लागि महाकविले
असमयमै मर्नु पर्दछ
जहाँ स्वदेशको पीरले बहुलाएको कविलै
विदेशी अस्पतालको शरण पर्नुपर्दछ,
र जहाँ सरस्वतीको एकली छोरीले
विनाउपचार वैंसमै कुँजिएर जीवन विताउनुपर्दछ,
जहाँ गाइडले टुरिष्टलाई
नेपालको विदेशलाई देन सम्झाउँछ
र विदाको बेलामा उससित उसको
विदेशी क्यामराको देन माग्दछ,
जहाँका तन्देरीहरु
किल्ला काँगडा र नालापानीको गीत गाउँदै
अब कवाज खेल्छन्
टाई र कोटको कलरमा खुकुरी भिरेर
यो देशमा मलाई भन्न कर लाग्छ
आफ्नो मुटु चिरेर
कि ए मेरा देशवासीहरु हो
ए मेरा देशका राष्ट्र कविहरु हो
ए मेरो देशका जागृतिगानका गायकहरु हो
ए मेरो देशका सम्माननीय नेताहरु हो
भन्न मन लाग्छ भने भन मलाई
स्वदेशनिंदक वा घृणाचिन्तक
तर यो देश तिम्रो जत्तिकै मेरो पनि देश हो,
अंशवंडा गर्ने हो भने पनि यो देशका एक करोड
टुक्राहरुमध्ये एउटा टुक्रामाथि
मेरो पनि छाप्रो हुनेछ
र यो देशका असंख्य बगरहरुमध्ये एउटा बगरमाथि
मेरो पनि चिता हुनेछ
यही भावनाले मलाई यो भन्न बाध्य गराउँछ र
आँट दिलाउँछ यो भन्न
कि "यो हल्लै हल्लाको देश हो"
खनेर हेर्ने हो भने यहाँका प्रत्येक घरहरुका जगमा
त्यहाँ फगत हल्लै हल्ला थुप्रिएको पाइनेछ।
त्यसैले यो हल्लै हल्लाको देश हो
यो हल्लै हल्लामाथि उभिएको देश हो
यो हल्लै हल्लामाथि उठेको देश हो
यो हल्लै हल्लाको देश हो।

# नर-नारी

– लक्ष्मीप्रसाद देवकोटा

"नर-नारी" यी दुई शब्दमा एक विश्व छ। दुई विरोधले एक जगत् खडा हुन्छ। प्रकाश र अप्रकाश भन्नेपछि संसारमा अर्को वस्तु छैन तर नर र नारी त्यति मात्रामा विपरित छन् भन्न हामी सक्तैनौं। उही रगत छ, उही मासु छ, उही अनुहार छ, उस्तै आत्मा छ। तर स्त्री र पुरुषमा एक जातीय भैकन पनि एक किसिमको जातिविरोध यस्तो अनन्ततया उच्चरित नै छ कि यी दुई शब्दमा हामी विपरित द्वयको एक सम्पूर्ण संसार बनाउन सक्छौं।

हामी भन्न सक्तैनौं किन ? तर संसार दुइटा विरोधले बनेको छ। असलमा खराब जोड अरु चीज जोड्न बाँकी रहँदैन। यस्तै पुरुषमा स्त्री जोड मानव संसार व्याप्त गर्दछ। शायद यो विरोधको तत्वउपर सिर्जना गर्नु ईश्वरलाई आवश्यकीय थियो। दिव्य एकलासमा ऊ आफैं व्याप्त गर्दथ्यो। तर संसार थिएन। द्वैतता नै बहुलताकी जननीका रुपमा प्रथम प्रेरणामा निर्माणका भावना बनेर निस्किन्। एकबाट दुई भयो उस्तै। व्यक्तित्वले, तर भिन्नता र विरोधका साथ एकभित्र नै रहेको व्यक्तित्वभेद देखिदैनथ्यो। एकले एकलाई व्याप्त गर्दथ्यो। तर अर्को एक जसको व्यक्तित्व भिन्न छ विश्वमा स्थान लिएर सम्भाव्य हुनासाथ ती विरोधी व्यक्तित्वका दुईटा एक र एक जोडिने घट्ने गुनिनेले, विभाजित हुने इत्यादि गुण लिएर संख्याको सृष्टि भयो। यस्तै स्त्री र पुरुष पनि भिन्न व्यक्तित्व लिएर एउटाको आभासमा अर्कोको शक्तिद्वारा एक र एकबाट अनेक सिर्जना गर्ने सम्भावना लिएर खड़ा हुन गयो।

पुरुषलाई स्त्रीको पूरक र स्त्रीलाई पुरुषको पूरक भन्न सकिन्छ। यी दुई पूरक व्यक्तिको उत्पत्ति शायद आदिकालदेखि सृष्टि भएको होला, तर विकासवादीहरु भन्छन्, "दुनियाँको गोधूलीमा भालेपोथीको भेद थिएन।" गड्यौलामा भालेपोथीको दुई व्यक्तित्व छैन। एउटा गड्यौला आफैं भाले पनि छ आफैं पोथी पनि छ। तब गड्यौलामा भालेपोथी भन्ने त एक हतियारको स्वरुपमा एक जाति सातत्यका निमित्त रहेको दुई सहयोगी हतियार या उपायका रुपमा मात्र पाइन्छ। जब गड्यौलालाई मजा लाग्छ जाति बढाउँ भन्ने इच्छा लाग्छ "एकोऽहम् बहुस्याम" भन्ने ब्रम्हभावना स्फुरण भएर जान्छ र उसको अन्तस्थितिमा एक जनन-क्रिया उत्पादित हुन्छ जसद्वारा सन्तानहरु फैलिएर जान्छ। वास्तवमा गड्यौला न पोथी हो न भाले हो। यसरी हामी एकै जीवनमा पनि भाले र पोथी साथ साथमा रहेर सहयोगद्वारा जीवन क्रिया संचालन गरेको देख्तछौं।

गड्यौला भन्दा अझ टाढा पुग्यौं भने एउटा एउटा एउटा लचलचा माछो हुन्छ जसलाई "जेली फिस" भन्दछन्। यो पनि न भाले छ न पोथी छ। जब यो बढ्दै जान्छ, यो दुई भागमा चिरिन्छ र दुवै भाग सजीव रहन्छ र दुईटा माछा बन्दछ, यही तवरसंग अनेक माछाहरु बढ्दै, बन्दै जान्छन्। यो कुरा सुन्दा त मनुमहाराजले तिघ्रा चिरेको साँच्चै हो कि भनेजस्तो लाग्छ। यी दृष्टान्तबाट भालेपोथी भन्ने दुई क्रियात्मक तत्व या जाति जननकर उपाय एकै व्यक्तित्वमा अन्तरगत भएको पाउँदछौं। तर यो भालेक्रिया र पोथीक्रियालाई दुई भिन्न प्रतिनिधिरुप व्यक्तित्व खडा गराई दुवैलाई जातिसदस्य बनाउन प्रकृतिको विकासको इतिहासको पछिल्लो पाना हो। शायद हामी यस्तो एक मानवयुग कल्पना गर्न सक्छौं- लोग्नेमान्छे स्वास्नीमान्छे एउटै शरीरभित्र अन्तरगत थिए याने यस्तो मानव-व्यक्तित्व जसमा भाले र पोथी दुवै इन्द्रिय अथवा क्रिया सामेल थियो। वैज्ञानिक दृष्टिकोणले त यो खालि कल्पना हुन सक्छ तर धार्मिक दृष्टिकोणले एक जना पाउँछौं जस्तो मनुमहाराज। के मनुमहाराजको तिघ्रा (अथवा शरीर) चिरिएर दोस्रो मानिस उत्पन्न भएको होला ? अथवा एक सुन्दरी स्त्री जसले पोथीक्रियाको ठेक्का लिएर भालेको पूरक व्यक्तित्व धारण गरेर प्रकाशमा प्रवेश गरिन् ? यी हाम्रा अन्दाजहरु जेसुकै रहुन्। भालेपोथीको एक जातीयतामा एक कसी छ जसलाई वैज्ञानिकहरु "क्रोमोज्म" भन्दछन्। एक किसिमको जननरेसा हो जो एक जातीय भालेपोथीमा मिल्दो अथवा पुरक हुन्छ। न घोडाको पोथी र मान्छेको पोथीको कारण "क्रोमोज्म" मिल्छ। त्यसबाट सन्तान पैदा हुन

> स्त्रीउपर कठोर अत्याचार गर्ने तथा धर्मको आडमा निर्भय रहने पुरुषका विरुद्ध हामीले स्त्रीलाई आत्मरक्षाणको के उपाय दिएका छौं र ? जापानीहरु भित्र कोठामा रखौटी राख्छन्। तिनको खेलठट्टा सुनेर विवाहिता मटानमा जमिनमा टाउको ठोक्छे ब्राम्हण समेत अनेक विवाह गर्दछन्। बिहे गरी ल्याएकी भन्दा टिपिल्याएकी भली हुन्छन्। धन भए कि कुरै, चार दशवटीसम्म भोग्या केटी [illegible] नाक फुलाउने कुरा गनिएको छ शुरुमाकी सौतेनी भेटेनी हुन्छे। घरकी विवाहिता रानीलाई दिलमा सन्तोष छैना लोग्ने व्यभिचार गर्छ। स्वास्नीले सती धाउनुपर्छ।



असम्भव। तर मान्छेको भाले र बाँदरको पोथी, बाँदरको भाले र मान्छेको पोथी मिलायो भने सन्तान पैदा हुन सक्छ। कारण, "क्रोमोज्म" बराबर हुन्छ। यस कारण होला विकासवादीहरु मान्छे बाँदरबाट विकास भएको भन्दछन्। सादृश्य अरुहरु पनि छन्। अरु कुरा पनि समर्थनमा पेश गर्न सकिन्छ। तर बाँदरलाई आफ्ना पूर्खा या काकाका छोराहरु मान्न नचाहने कट्टरहरुले यो कुरा मानेका छैनन्। हामी यसलाई यहीं खतम हुन दिउँ। अस्तु।

यसरी नर-नारीको व्यक्तित्व पूरक व्यक्तित्वको रुपमा एकै मान्छेको दुई अंग जस्तो हामी कल्पना गर्न सक्छौं। गड्यौलाभित्रको भालेपोथीमा एक शरीरका दुई अंगको रुप प्रदर्शित थियो। थलथलमा माछाका स्त्री पुरुष आजन्म संयुक्त थिए। सभ्यताले केही बदमासी जरुर गऱ्यो। भाले पोथीलाई दुई भिन्न व्यक्तित्व बनाएर छुट्याइदियो। तब जुनसुकै पोथीसंग मिल्न सक्ने सम्भावना आयो र समाजमा व्यभिचारको सृष्टि भयो। अब यो जाति संकीर्णक व्यभिचारको सम्भावनाबाट जातिलाई संरक्षण गर्नाको लागि समाजले एक नयाँ कृत्रिम धर्मको आश्रय लिनुपऱ्यो जसलाई विवाहको कानून भनिन्छ। स्त्री पुरुष दुइटालाई साथसाथमा बस्न लगाएर वेदका सूत्रहरुले जोडिदिएर, कानूनले रक्षा गरेर विभाजित र विकीर्ण व्यक्तित्वको घरेलु संरक्षण शुरु भयो। जब हामी परिवार स्थापना गर्छौं तब हामीले सम्झनुपर्छ हामी गड्यौला र थलथला माछाका आदर्शतिर हिंडिरहेका हुन्छौं।

तब प्रेम भनेको जीवन-क्रियाका लागि र उत्पादन-क्रियाका लागि प्रकृतिले दिएको प्रेरणा अनुभव हुँदा मिजाज, ढंगरंग, वातावरण, दृष्टिकोण, रुची यी सब चीजको सामूहिक व्यक्तित्वले तदनुरुप या तत्पुरक व्यक्तित्वको अवलम्बन गर्ने एकलब्य तीब्र भाव हो जसमा जाति सत्यताको अमरत्वको आभास पर्दछ। मेरो विचारमा त आत्मा पनि दुई किसिमको होला- एउटा भाले आत्मा, एउटा पोथी आत्मा। आत्मा भन्ने वस्तु चैतन्य मात्र होइन। चैतन्य एउटा गुण या शक्ति हो। आत्मा एउटा आध्यात्मिक पदार्थ हो। यो आत्मा शरीरभित्र अमर मूर्ति जरुर छैन। भालेको भाले आत्मा र पोथीको पोथी आत्मा सांसरिक क्रियापछि आध्यात्म संसारमा शायद फेरि सम्मिलित हुन जाँदो हो। यसकारण मरेपछि पनि दुई आत्माको प्रेम मर्दैन भन्न सकिन्छ, यदि उही भाले आत्मा र उही पोथी आत्मा अर्कोतरफ जुट्न सके भने। यो प्रेमको जरुरत छ, यसमा अनन्त उपयोगिता छ। कारण, जुन मानव सन्तान भाले र पोथीको पुरक क्रियाद्वारा संसारमा आमन्त्रित थियो त्यही तिनीहरुको परस्पर सहयोगद्वारा नै सातत्यमा सातत्वको सडकमा चल्न सक्दछ। नत्र त ती दुईको पारस्परिक मिलापको मूल केही अभिप्रायमा बाधा रहन्छ अथवा व्यर्थताको आभास पर्दछ। यस कारण सम्बन्धविच्छेद, जो एक किसिमको आधुनिक कानूनी सभ्य व्यभिचारको रुप हो। सन्तानको स्थितिका उपर पनि एक किसिमको घुमाउरो आक्षेप डाल्दछ। पाचुके भएका जातिका छोराछोरीका बाबुआमाले पाचुके गरे भने जीवित सन्तानको हानि भएको त देखिएको छैन तैपनि पूरा कट्टर आध्यात्मिक दृष्टिले यो सम्बन्ध विच्छेदमा सन्तानको जीवन स्थितिमा निरादरको झटका पर्दछ। कोही कोही दृष्टान्त यस्तो पनि हुन सक्तछ- जहाँ विच्छेदमा लाभ देखिन्छ, त्यहाँ प्रशस्त उपयोगिता पनि र यस विच्छेदले सन्तानको जीवनमा झन् फल्दोफुल्दो असर पर्न गएको पनि थाहा हुन्छ। तर यो वाह्य सामाजिक दृष्टिमा मात्र। सनातन कट्टरहरु पाचुकेलाई रुचाउँदैनन् र आधुनिक बेलायती मनोवैज्ञानिकहरु घरघरमा गएर लोग्ने र स्वास्नीलाई "पाचुके अफिस" मा जान नै सल्लाह दिइरहेका हुन्छन्।

स्त्री-पुरुषको सच्चा प्रेममा, त्यस प्रेमको अमरत्वमा सन्तानलाई सबभन्दा ठूलो लाभ छ भनेर ऋषिमुनीहरुले सचेत उच्चारित गरिएको कुरो वास्तविक व्यावहारिक सत्य होइन भन्न हामी सक्दैनौं। तर यसैका आडमा पनि जो कानून र विवाहथिति बनाइन्छ मानिसहरु या स्त्रीहरु अत्याचार गर्न थाल्छन्। जस्तो एउटा लाटो पोईलाई एउटी बाठी स्वास्नी विहा गरिदियो। अब पाचुके छैन भने लाटो बाठी र बाठो लाटी दुई जना जुटे सधैंका लागि ढुंगो र मानिस बिहे गरिदिए झैं अनन्तकालसम्म अविवेकिक गाँठ (जर्ज बनार्ड साको भनाइमा) जुट्यो, अब ईश्वरलाई अपील छैन। त्यस्तै अति विकसित र त्यस्तै अर्द्ध विकसितको लगन गाँठोमा पर्दछ। त्यो गाँठो कहिल्यै फुकाउन सकिन्न। अनि विकसितलाई अर्द्ध विकसितसंग मिलाउनु एक पातक हो जसले जातिलाई समेत हानि गर्दछ। तर यसको विरुद्ध उजुर छैन। अतिमानवको उत्पादन अविकसित र अतिविकसितको योगद्वारा हुन सक्छ। तर बाबुआमालाई त्यो विचार हुन्न। शायद विवाह गरिसकेपछि थाहा हुन्छ। एक अतिमानवमा जातिको गौरव रहन्छ जाति एक कदम अगाडि बढ्दछ। तर जहाँ विवाह विच्छेद छैन अमिल्टा विरोध मिजाजी, विपरित स्वभाव, भिन्न रुची इत्यादिको सम्मेलन हुन गए घरेलु जीवन नरक हुन्छ, सन्तान क्षीण हुन्छ र सच्चा प्रेम रहँदैन। प्रेमको सच्चाइका लागि एक धर्मको स्वीकार पनि आवश्यकीय शर्त हुन आउँछ। किनभने धर्मविरोधमा यौनको शक्ति विपरित दिशामा लाग्दछ अथवा संकीर्ण विकीर्ण भएर नाशिन्छ। स्त्री-पुरुषको लयदार भाव-संगति सच्चा प्रेमको सच्चा मधुर वीणा हो। त्यसलाई बजाउन जान्नाले सन्तानको रक्षा हुन्छ।

कसै-कसैका दृष्टिकोणमा स्त्री पुरुषका सम्बन्ध उपरको सिद्धान्त ज्यादै नै अतिकल्पिक र आदर्शवादी ठहरिन्छ। उनीहरुको भनाइमा पुरुषको कर्तव्य हो खालि स्त्रीको निम्ति प्राणसम्म दिनसक्ने सामर्थ्य देखाउनु। उनीहरु भन्दछन्- स्त्री भन्ने एक भोगको सामग्री मात्र हो नकि पूजा गर्ने वस्तु। स्त्रीलाई के चाहिन्छ ? पुरुष, अनि पुरुषलाई के चाहिन्छ ? स्त्री। पुरुष के को पछि लाग्दछन् आफ्नो दिलको सच्चाइपछि। तब जुन पुरुष पनि जुनसुकै स्त्रीको पछि चल्न सक्छ- यदि ऊ दिलोज्यानले चाहन्छ भने। प्रेम भनेको एक दिलोज्यानीपना हो। त्यसभन्दा टाढा जानको जरुरत छैन। अझ यसभन्दा अगाडि वढेका मानिसहरु भन्दछन्- स्त्री-पुरुषको सच्चाइ र परिवारको जरुरतै छैन। स्त्री एक भोग्य वस्तु हो जसलाई जहाँ पाइन्छ, जसरी शिष्टतासाथ हामी भोग गर्न सक्तछौं। सतित्व या पातिव्रत्य कुनै आदर्श नै होइन उनीहरुका दृष्टिमा। उनीहरु चाहन्छन्- वैज्ञानिक सफाई, निरोगिता, स्वस्थता, बल, सौन्दर्य या सभ्यता। यस्ता मानिसमा

कट्टरवादीको धार्मिक क्लेश रहँदैन। तिनीहरुमध्ये कोही यस्ता हुनसक्छन् जो बहुसंख्या पतिप्रवृत्तिमा एक किसिमको रोचकता पाउँदछन्। शायद यो महापशुत्व हो। तर हाम्रो दृष्टिकोणमा साम्यवादी स्वामी, पत्नीको सतित्वउपर शंकासमाधानका अनेक क्लेशकारी मानसिक क्रियाबाट मुक्त रहन्छन्। तैपनि स्त्रीको प्रेम हासिल गर्न, त्यसका निमित्र प्राणसम्म अर्पण गर्न, जुनसुकै सभ्यता, जुनसुकै देशमा पनि मनुष्यको कर्तव्य र विलाश या स्वर्गको बाटो सम्भिइन्छ।

हामी मुसलमान जस्तो काकाकी छोरीलाई मीठो कलिका सम्भन सक्तैनौं। यद्यपि हाम्रो संसारमा पनि कोही कोही ठाउँमा मामाचेला फुपुचेला चल्दछ। न कुनै मुसलमान कानूनकारहरुको दृष्टिकोण अनुसार सब स्वास्नी मानिसहरु योग्य सम्भन सक्छौं, मातासम्म पनि बाहेक नगरेर। हाम्रो संस्कार भिन्नै छ। नजिकको नातामा प्रेम सम्बन्ध हानिकारक छ भन्ने हाम्रो पूर्वीय दृष्टि छ जस्तो धेरैजसो धार्मिक दृष्टिकोणमा छ। बाबु र छोरीको "यौनप्रेम" हुन सक्तैन न तत्समानान्तर सम्बन्धमा। यस सभ्यताका निम्ति जरुरी जाति सत्यताका निमित्त पनि। धर्म निमित्त पनि। न हामी बोल्सेभिक भैं स्त्रीको पवित्रतालाई साबुन पानीमा राख्न सक्छौं। रसामा पनि आजकाल परिवार बढाउन लागिरहेछन्, स्त्री पुरुषको सम्बन्ध विच्छेदउपर ठण्डा पानी डालिन्छ। एक जना पुरुषले एकैजना स्त्रीभन्दा बढ्ता लिन पाउँदैन। न एक जना स्त्रीले एकजना पुरुषभन्दा बढ्ता। जातिका निमित्त एक स्त्री पुरुषको तत्व लाभदायक छ। कारण दुवैतरफ यौनशक्ति विकीर्ण हुन पाउँदैन।

तर स्त्रीउपर कठोर अत्याचार गर्ने तथा धर्मका आडमा निर्भय रहने पुरुषका विरुद्ध हामीले स्त्रीलाई आत्मरक्षणको के उपाय दिएका छौं र ? जापानीहरु भित्र कोठामा रखौटी राख्छन्। तिनको खेलठट्टा सुनेर विवाहिता मटानमा जमिनमा टाउको ठोक्छे। ब्राम्हण समेत अनेक विवाह गर्दछन्। बिहे गरी ल्याएकी भन्दा टिपिल्याएकी भली हुन्छन्। धन भए कि दुई, चार दशवटीसम्म भोग्या केटी राख्न नाक फुलाउने कुरा गनिएको छ। गुरुमाकी सौतेनी

> स्त्री भनेको यस्तो चीज हो, जसलाई जातिले पूजा गर्नु पर्दछ। जिउन्जेल आदर प्रेम संरक्षणका साथ समाजमा उचित स्थान दिएर जातीय दौलतका स्वरुपमा राम्रो कदर गरेर राख्नु पर्दछ। हे लठठ्क भलादमी हो – उनी घरकी जनाना, पशु हैन, न मालताल हो, न सिंगारिएकी पुतली।

भेटेनी हुन्छे। घरकी विवाहिता रानीलाई दिलमा सन्तोष छैन। लोग्ने व्यभिचार गर्छ। स्वास्नीले सती धाउनुपर्छ। इत्यादि-इत्यादि। शायद पाचुकेको पनि केही मात्रामा विशेष दृष्टान्तमा उपयोग हाम्रो हुँदो हो, जस्तो लाटो, कोढी, अतिक्षयी, नपुंसक ब्राम्हणमै पनि। अरु जातमा अरु उदाहरणमा पनि।

स्त्री-जाति पुरुषद्वारा युगयुगदेखि दलित छैनन् भन्न सकिदैन। कानून पुरुषले बनाए तर आज्ञाकारिता स्त्रीले देखाउनु परेको छ। बल पुरुषको छ। थिचोमिचो खानुपर्छ स्त्रीले। स्त्री सिर्जना गर्छन्, प्रसव वेदना पाउँछन्। पुरुष भने आफ्नो मगनमस्तीमा हिंड्छ। पुरुषलाई बदमासीको अवकाश छ। शुद्धीको जरुरत छैन। स्त्रीलाई जुत्ता सम्भने पुरुष कत्ति छन्। जातिको जननी भइकन स्त्रीले सच्चा आदर, सच्चा प्रेम, सच्चा भावना पाउन सकेका छैनन्। यसको कारण एक यो पनि हो कि स्त्रीउपर पातिव्रत्य बन्धन छ। पुरुषउपर छैन। शौता भोग्नुपर्छ स्त्रीलाई। पुरुष सहन सक्तैन सौतेनी लोग्ने। एक स्त्रीको निमित्त एक पुरुषमात्रको प्रथा स्थापित नहुन्ज्याल शायद यो अत्याचार खतम हुने छैन। तर विशेष समयका लागि अवस्था, परिस्थितिका लागि मात्र पुनर्विवाह तथा विच्छेद राख्नुपर्दछ।

स्त्री भनेको यस्तो चीज हो, जसलाई जातिले पूजा गर्नु पर्दछ। जिउन्जेल आदर प्रेम संरक्षणका साथ समाजमा उचित स्थान दिएर जातीय दौलतका स्वरुपमा राम्रो कदर गरेर राख्नु पर्दछ। हे लठठ्क भलादमी हो ! उनी घरकी जनाना, पशु हैन, न मालताल हो, न सिंगारिएकी पुतली। हरे ! विषयकी वेदी हो न कमारी हो, न दुःख दिनलाई ल्याएकी वस्तु हो। न तिम्रो उसलाई अत्याचार गर्ने अधिकार छ। उसलाई बिगार्ने, न उसलाई सौता हालेर दुःख दिने। ऊ तिम्रो सहवासिनी हो, सुवासिनी हो, जीवनश्रृंगार हो, सौन्दर्यकी दीप हो। तिम्रो सन्तानको भविष्यको आशा हो, तिम्रो कुलको उद्धारक हो। तिम्रो जीवनकी सहयात्री हो। उसको सुकुमारिता तिम्रो होशलाई हरहमेशा आह्वान दिइरहेछ, जसको नाजुकपना तिम्रो संरक्षण शक्तिलाई आमन्त्रण गरिरहेछ। ऊ पृथ्वीमा आएकी एक देवी हुन् तिमीलाई स्वर्गको बाटो देखाउन, धर्ममा आह्वान गर्न, तिम्रो शक्ति उच्चारित गर्न। अरु आत्मालाई स्वर्गबाट बोलाएर पृथ्वी भर्न, ऊ घरमा बसेकी छ खानमा स्वाद दिन, जीवनमा मसला हाल्न, प्रेम सिकाउन, शून्यलाई भर्न, खाँचोलाई प्रशस्त तुल्याउन, अन्धकारलाई उज्याल्न, मुखलाई मीठो बनाउन, चाखलाई सरस पार्न, हृदयको स्पन्दनलाई लयदार बनाउन। स्त्रीको महत्व र शून्य नजान्ने एक पशुता हो र एक अन्धता हो। तिमी आफ्नै हातको स्वर्गलाई चिन्दैनौ। तिमी मासु देखौला, हाड देखौला, छालाको रोगन देखौला, कमजोर देखौला। तिमी आत्मा देख्दैनौ। तिमी भित्री सौन्दर्य बुझ्दैनौ। सब ज्ञान उसैभित्र छ, सब विद्या, सब सर्वज्ञको साँचो। तिमी उसलाई मार, तिम्रो सारा संसार शून्य हुन्छ। उसलाई उज्यालो देऊ, सारा संसार उज्यालो हुन्छ।

सभ्यता भन्नु स्त्रीको आदरमा निर्भर छ। कलाको ज्योति स्त्रीबाटै भुल्केर बलेर आउँछ। स्त्रीपुरुषको यौनसंगति उच्च र उत्तेजित, उपयोगी रहनुभन्दा संसारमा अर्को ठूलो वस्तु छैन। स्त्रीलाई दुःख दिनुभन्दा ठूलो पातक दुनियाँमा अर्को देखिदैन।

नारीले अधिकार पाएका छैनन् भनेर हलचल मचाउन खोज्ने कोही कोही यस्ता हुन्छन् जसलाई थिति परम्परा धर्मज्ञान जातित्वको स्वस्थ ख्याल हुँदैन। स्त्रीहरु धेरै अधिकारबाट बंचित छैनन् भन्न हामी सक्तैनौ। नारीहरुले सभ्य, सुन्दर, कलात्मक, स्वस्थ जीवन पाउनुपर्छ। समाजमा उचित स्थान, समानता, देशसंचालनमा उचित हिस्सा तथा उनीहरुको अधिकार पनि पुरुषको सम नभए पनि सभ्यताको भावना राम्ररी चढ्ने स्वातीय अधिकार रहनु पर्छ।

# नारी

- गोपालप्रसाद रिमाल

"नारी के हो ?"
सोध्ने, लौ विचार गर, म भरेतिर आउँला,
भनेर हिंडिहाले,
जवाफ दिनु थियो, त्यसैले मैले एक्लै बसेकी
नारीलाई लुकेर हेरेको सम्झे : ऊ सिंगार गर्न लागेकी छ,
ऐनामा प्रतिबिम्बित आफ्नो हरेक अंगलाई ऊ टोल्हाएर हेर्दी
रहिछ,
अनि देखा परेको आफूलाई आँखा चिम्लेर सम्झन खोज्दी रहिछ,
बिर्सिंदी रहिछ, अनि फेरि ऐनामा प्रतिबिम्बित आफ्नो हरेक
अंगलाई टोल्हाउँदै निहार्दी रहिछ।
ए सोध्ने कता पुगे हैं ? सुनिने दूरीसम्म मात्र उनी पुगेका भए
म उनलाई चिच्याएर भए पनि भनिदिन्छु,
उसको रुपलाई मात्र लिने हो भने
नारी आफैं उसको र हाम्रो पनि आश्चर्य हो
सिंगार सिद्धिन्छ,
उसको मीठो अधरमा अब साँझको हावाले हल्लाएको
दीप-शिखा जस्तो मुस्कान खेल्नेछ,
अनि आफ्नो प्रेमीको अगालोमा बाँधिएर,
हल्लिंदो मुटुको पिङ खेलेर उसको नानीमा ऊ
आफूलाई निहालेर हेर्नेछ,
अनि सुतेपछि स्वप्नमा आफैंलाई देख्नेछ,
आफ्नै उपस्थितिले रमाइलो भएको सपनाको
जूनमा ऊ अभिसार गर्नेछ।
ए सोध्ने कता पुगे हैं ? सुनिने दूरीसम्म मात्र
उनी पुगेका भए उनलाई म चिच्याएर भए पनि
भनिदिन्छु, "उसको रुपलाई मात्र लिने हो भने
नारी आफैं उसको र हाम्रो पनि आश्चर्य हो
नारी जस्तो यहाँ सुन्दर निर्माण जस्तै सपना
र सपना जस्तै बुर्बुरे भएकी छ, उस्तै ऊ विनाश
जस्तै खँदिली पनि छ,
ऊ भाँक्रो फिंजाएर युद्धमा आँधी भएर आउँदा
संसारलाई मसान तुल्याउँदै हुर्रिएकी पनि छ।
यो त कथा भो, सुनेको कुरा भो,
मैले यहाँ नारीलाई धेरैजसो बर्बरी रोएको देखेको छु।
ए, सोध्ने कता पुगे हैं ? उनलाई म नारी यसरी
रोई भनेर उनको आँखामा केही आँसु ल्याउँछु,



अनि आश्वासन दिंदै भन्नेछु,
"हों नारी रोई, तर ऊ आँसु मात्रै होइन,
कहीं कहीं उसले आफूलाई पाइ पनि सकेकी छ ! "
नारीको निर्माणको बारेमा मैले यस्तो हल्ला सुनेको छु-
चकमन्न रातमा ताराहरुले कानेखुसी गरेको सुनेथें :
बूढा ब्रम्हा साराका सारा जूनकिरीहरुलाई
पछि लाएर संसारको सबभन्दा सुन्दर कुन्जभित्र
चाहिने सार्दाम लिएर पसेछन् ! सार्दाम यस्तो रहेछ :
रवि शशिका पृथ्वीमा पर्ने गरेको आधा तेज (त्यसै बेलादेखि
आधी पृथ्वी अँध्यारो भएको रे !)
आकाशको समात्न सकिनेभाग,
समुद्रको नपौडे पनि नडुबिने तह,
आगोको छोए पनि नपोल्ने चाहिं हिस्सा,
इन्धधनुको अदृश्य आधा चक्का बुन्ने हावा
जसको एक खुट्टा पानीमा र अर्को खुट्टा घाममा पर्दछ।
यति सार्दाम लिएर जूनकिरीहरुको प्रकाशमा
बूढा ब्रम्हा नारी निर्माण गर्न लागेछन्।
बनाइसकेपछि उनी हर्षले गद्‌गद भएछन्।
उनले त्यसबेला छोडेको खित्का हावाको हरेक झोकामा
अझै ओसारिंदै छ रे।
मैले यो कुरा ताराहरुबाट आफैले सुनेको भनेछु।

हैन ब्यारे, मैले यो रहरलाग्दो भूट बोलें।
यस्तो राम्रो कुरा आफैंले सुनेर पृथ्वीमा सबभन्दा
पहिले ल्याएको छु भन्ने श्रेय लिन की नचाहोस् ?
कुरा के भएको थियो भने ताराहरुले त्यो कुरा
रातभर आफ्नो सुनौला गाला र को गुलाफको
फूलमाथिको शीतको थोपालाई भनेर लुकिहाले,
शीतको थोपाले नारीको आँखाको नानी जस्तो
कालो भमरालाई सुनाएछ, भमराले नारीको
कपालको कालो रङको नाता परेको कोइलीलाई
सुटुक्क भनेछ। अनि कुञ्जमा कोइली "को हो को हो" भनेर
मलाई पर्खिरहेको रहेछ। म पुगिहालें।
उसले मलाई भनिहाल्यो।
भएको कुरा यै हो।
ए सोध्ने कता पुगे हैं ? टाढै पुगिसके होलान्।
भरे आउनेबित्तिकै मलाई कोइलीले भने जस्तै गरी
सबै कुरा एक एक गरेर भनिदिन्छु।
साथसाथै यो पनि भनिदिन्छु नारी सृजनकर्ताको आनन्द हो।
बूढा ब्रम्हा अझै हाँस्तै छन्,
नारीले केटाकेटी छँदा पुतली लखेटेको देखेर, यौवनमा
आफ्नै छायाँलाई लखेटेको देखेर पछि आफ्नै
प्रतिरुप केटाकेटीलाई माया गरेको देखेर।
नारी के गर्छे ?
ऊ चन्द्रले समुद्रमा झैं हाम्रो हृदयोदधिमा
हाँसो र आँसुको ज्वारभाटा उमाल्छे।
हाम्रो हृदयबाट अँजुली भरेर ऊ आफूलाई त्यसमा हेर्दछे।
अनि नुहाउँछे। उसको यो रहस्यमय खेललाई
म के भनूँ ? प्रेम ?
सोध्ने भरे आउँछन्, बरु अलि ढिलो गरेर आउन्।
त्यतिञ्जेल यी मीठा तीखा कल्पना र चित्रहरुलाई छहारीमा
बसेर गाईले घाँस उग्रे झैं गरी म मनमनै खेलाइरहन्छु।
उनी आएपछि एक एक गरेर सबै कुरा भनिदिन्छु।
साथसाथै यो पनि भनिदिने विचार गरेको छु, "हेर बाबै
कृपा गरेर अर्कोचोटि यो प्रश्न गर्दा तिमीले
"नारी" शब्द बोल्दाखेरि देखिएको तिम्रो आँखाको चमकलाई
मेरो हृदयको गहिराइमा नहराउने गरी छाड्न नबिर्से
किनभने त्यो चमक नभए नारीउपरको हरेक विचार
रुखो हुँदो रहेछ, त्यो चमकविना
नारी "नारी" शब्दमा अटाउन पनि अटाउन्न।

# मानवअधिकार मतभेदको विषय बन्नै सक्तैन

– नरहरि आचार्य



० नेपाली साहित्यको इतिहासलाई हेर्दा मानवअधिकारको पक्षमा साहित्यले कुन कालखण्डदेखि सशक्त रुपले आवाज उठाउन र लेखनमा मानवअधिकारका सन्दर्भहरुलाई घनीभूत रुपले स्थान दिन थालेको पाइन्छ ?

– प्रारम्भदेखि नै मान्छेका अधिकार र आकांक्षाकै अभिव्यक्तिका रुपमा साहित्यको सृजना भएको हो। यसै परिप्रेक्ष्यमा हेर्दा नेपाली साहित्यको प्राथमिक काल जसलाई वीरकाल पनि भनिन्छ, यस अवधिको लेखनमा नेपाली जातिको, नेपाल राष्ट्रको आकांक्षा र अधिकारकै विषयहरु प्राथमिकताका साथ प्रस्तुत भएका छन्। पृथ्वीनारायण शाहले प्रारम्भ गरेको राज्यविस्तार अभियानका क्रममा निर्माण भएको नेपाल अधिराज्य र नेपाल राष्ट्रको एकीकृत आकांक्षा मुखरित भइरहेको त्यस बेलामा प्रबुद्ध एवं चेतनशील नेपालीहरुको सृजनात्मक प्रयत्नमा तदअनुरुपका अभिव्यक्ति पाइनु स्वभाविक देखिन्छ। तर सुगौली सन्धिपछि भने साहित्यकारमा अध्यात्म र भक्तिमार्गमा मोडिने प्रवृत्ति बढी देखिन्छ। बाह्य सत्रुसँग लड्ने क्रम रोकिए पछि आन्तरिक प्रतिस्पर्धा र षडयन्त्रले तीब्रता पाउनु नौलो घटना पनि थिएन। यसपछि राणा शासनको प्रारम्भ र खासगरी वीर शमशेरको उदयपछि शासक वर्गमा बढेको व्यापक विलाशिताको प्रवृत्तिले उनका नजिकका भाइ-भारदार हुँदै साहित्यकारलाई पनि प्रभावित पारेको देखिन्छ। परिणाम स्वरुप नेपाली साहित्य गम्भीर रुपमा नै श्रृंगारिक धारातर्फ मोडिएको अनुभव हुन्छ। तैपनि यस क्रममा चन्द्रशमशेरकै शासनको समयभित्र कृष्णलाल अधिकारीको "मकैको खेती" नामक कृषि शिक्षाका रुपमा लेखिएको रचनाले लेखनमा क्षेत्रमा नेपाली चेतना र जागरणको पर्व बनेर मकै पर्व जन्मायो। प्रतीक र बिम्वहरुको प्रयोग गरी नागरिक चेतना र जागृतिको आवाज उठाउने कृष्णलाल अधिकारी यसै कारण पहिलो पटक बलिदान हुने नेपाली साहित्यकार बने। यसपछि नयाँ चेतना र जागरणका साथ प्रारम्भ भएको आधुनिक नेपाली साहित्य लेखनाथ, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, हृदयचन्द्र सिंह प्रधान हुँदै बालकृष्ण समको चिसो चुल्होमा क्रमश: घनीभूत ढंगमा मानवअधिकारका सन्दर्भहरु प्रकट भएका हुन्।

० मानवअधिकारको दृष्टिकोणले हेर्दा ०४६ सालपछि लेखिएका साहित्यमा विगतको पंचायतीकालको जस्तो व्यवस्थित र प्रभावकारी लेखन हुन नसकेको कुरा यदाकदा चर्चा-परिचर्चाको विषय बन्ने गरेको पाइन्छ, वास्तविकता के त्यस्तै छ ?

– साहित्यमा अभिव्यक्त हुने विषय वस्तुलाई धेरै प्राविधिक ढंगमा केलाउन कठिन हुन्छ। जनआन्दोलन (०४६) अघि राजनीतिक, सामाजिक चेतनाद्वारा प्रेरित लेखक-साहित्यकारहरुका अगाडि तत्कालीन निरंकुश व्यवस्था (पंचायती व्यवस्था) मूर्त विरोधको प्रतिक थियो। मानवअधिकारको समेत विरुद्धमा उभिएको शासन प्रणाली भएका कारण त्यसबखत मानवअधिकारका पक्षमा लेखिने यावत् सामग्रीहरु अपेक्षाकृत बढी व्यवस्थित र प्रभावकारी हुनु स्वाभाविक थियो। अन्यथा अहिले लेखिएका साहित्यले पनि मानव आकांक्षा र अधिकारलाई आफ्नो अभिव्यक्तिको विषय बनाएका छन्। कुनै पनि साहित्यिक लेखनको प्रभावकारिता कोरा रुपमा विषयवस्तुले मात्रै निर्धारण गर्दैन। विषयवस्तुका अतिरिक्त शैली विन्यास तथा विषयवस्तुलाई कुन गहिराइमा लेखकले आत्मसात् गरेको छ त्यस आधारमा निर्धारित हुन्छ।

० नेपाली साहित्यको परिप्रेक्ष्यमा मानवअधिकारलाई हेर्ने दृष्टिकोणमा साहित्यकारहरु बीचमा मतभेद छ भन्ने कुरा स्वीकार्नु हुन्छ ?

– वास्तविक रुपमा विचार गर्दा मानवअधिकार मान्छेहरुका बीच मतिभेदको विषय बन्नै सक्तैन। मानवअधिकारका विविध पक्षहरु छन्, कुन पक्षलाई प्राथमिकता दिने भन्ने बारेमा मतान्तरहरु उत्पन्न हुन सक्छन्। त्यसमाथि नेपालमा यतिखेर सबै क्षेत्र व्यापक राजनीतिकरणको प्रभावमा परेका छन्। सम्भवत: कतिपय साहित्यकारहरु पनि यही परिस्थितिको प्रभावमा परेका छन्। जसले गर्दा मानवअधिकार जस्तो नैसर्गिक विषयलाई लिएर छलफल गर्दा पनि नेपाली साहित्यकारहरुका बीच मतान्तरको सम्भावनालाई इन्कार गर्न मिलिरहेको छैन।

० साहित्य र मानवअधिकार बीच कस्तो अन्तर सम्बन्ध रहनु पर्दछ ?

– हार्दिक र आन्तरिक।

# मरुभूमिका लेखक

– हृदयचन्द्रसिंह प्रधान

समय : जाडोको महिना, विहान

स्थान : एउटा कोठा

*(ठाउँ-ठाउँमा आगोले खाइराखेको र मसी घोप्टिएर टाटो परिरहेको एउटा बूढो राडी बल्ल-बल्ल कोठाको इज्जत ढाकिरहेछ। चुरोटको आगोले छ्याकटे भई विछ्याउनामाथि कलम झारेर परेका मसिना कैयन् दाग थपिंदा विछ्याउना बिलकुल फागूको छ्याकटे खेलाडीजस्तो देखिन्थ्यो। कोठाको सजावट भनूँ वा सामान भनूँ उसको परिवारको नाउँमा एउटा पुरानो ट्रंकबाकस छ, त्यो पनि राम्री नयाँ दुलहीझैं लुकेर बसिरहेको जस्तो छ, अर्को भित्तामा एउटा कवीन्द्र रवीन्द्रनाथको तसवीर टाँगिएको छ। यो बाहेक अरु थोक केही छैन। चिसोको धारा आफूतिर नआउने गरी केवल उज्यालोको निम्ति झ्यालको एउटा खापा अलिकति मात्र खोलेर शशिधर सिरक ओढेर बसिरहेका छन्। एउटा कापी अगाडि राखेर दाहिने हातले कलम र बायाँ हातले चुरोट च्यापी, दुवै हात गालामा अड्याएर शशिधर मसिनो स्वरमा गुनगुनाइरहन्छन्। उनको अगाडि एउटा मसीको भाँडो पनि छ।)*

**शशिधर :** (एकसुरसित गुनगुनाउँदै भाँडोमा मसी चोपेर लेख्छन्, अनि पढ्छन्) लडेर मर्न सक्तैन भने उसलाई बाँच्नको पनि हक छैन, किनभने यो संसारमा उसले पनि खान पाउने नियम छैन, जान्ने, बुझ्ने अनि सीधासादाले पनि ठाउँ पाउने नीति छैन, त्यसैले यहाँ चोरी-चुक्ली र दंगाफसाद धेरै छन्। यहाँ पाप छैन, किनभने धर्म पनि छैन।

(पढिसकेपछि अन्तिम वाक्यलाई केर्छन्। यत्तिकैमा निर्मलाको प्रवेश)

**निर्मला :** (भित्र पस्दापस्दै) कति लेख्ने ? कति लेख्ने ? आफ्नो जीउको पनि त विचार राख्नुपर्छ। छाती दुख्यो भनी रातभरि सुत्न सक्नु भएन, बिहान पनि राम्रो हुन पाएको छैन, फेरि लेख्न सुरु। (निर्मलाको कुरालाई वास्तै नराखिकन शशिधर लेखिरहन्छन्)

**निर्मला :** (नजिकै गएर सुस्केरा भरेको आवाजमा) मधुकरलाई आज ज्वरो बढेको देखिन्छ, जानुस् झट्टै डाक्टर बोलाएर ल्याउंनुस्।

**शशिधर :** (अलि पीडाको भावमा) डाक्टरलाई बोलाउन गएर के गरौं, आउँदैनन्। हिजो पनि एक घण्टा कुरेर बल्ल भेट भयो, तिमी गइरह, म आउँछु भन्ने मानिस आउँदै आएनन्। हामीले फीस दिन सकेको होइन।

(फेरि आफूले लेखेको लेख मन-मनमा पढ्न थाल्छन्)

**निर्मला :** अब फेरि एक चोटि जानुस्, निहोरा-चाकरी गरेर पनि रिझाउनुपर्छ नि, के लाग्छ आफूलाई चाहेपछि कोढीको पनि पाउ मल्नुपर्छ।

**शशिधर :** (लेख्नमा व्यस्त भइरहन्छन्।)

**निर्मला :** जानुस् भन्या झट्ट, कस्तो माया नभएको तपाईको !



**शशिधर :** (निर्मलातिर क्वारक्वारती हेरेर एकछिन ट्वाल्ल पर्छन्, अनि सुस्केराको आवाजमा बोल्छन्।) जानै पर्दैन निर्मला, विनाफिसले डाक्टर आउँदैनन्। टाढाको भए पनि साइनोपरेको छ, फिसको कुरा उच्चारण गर्न पनि उनलाई अप्ठ्यारो पऱ्यो, हामीले फिस दिएर पठाउन सकेनौं। कति चोटि त गइसकेको होइन ? एउटा- एउटा निहुँ थापेर पठाइरहन्छन्।

**निर्मला :** उनी नआए अर्को डाक्टर भएँ पनि ल्याउनुपऱ्यो।

**शशिधर :** आफ्नो साइनो पर्ने डाक्टर त आएन भने यस्तो चुत्थो संसारमा अर्को हृदय भएको को डाक्टर होला ?

(फेरि लेखपट्टि अलि ध्यान दिन्छन्)

**निर्मला :** (टप्कन खोजेको आँसुलाई पुछ्दै) डाक्टर नआए वैद्य- कविराज भए पनि कोही ल्याउनुस्, के छोरालाई त्यसै मार्ने त ?

**शशिधर :** (केही व्यथित भावमा) वैद्य-कविराजमा मात्र कहाँ हृदय छ र निर्मला ! तिनीहरु मात्र विनाफिसले त्यसै आउलान् ? बरु हामी गरीब गुरुवाको निम्ति झाँक्रे-झारफुकेको औषधि पनि रामवाण हुन सक्ला कि ? एक चोटि ग्वारागुभाजूकै ओखति पो गराउनु पऱ्यो कि ? ती भए आफ्नै टोलका पनि हुन्, छिमेकीको नाताले पनि राम्रो औषधि गरिदेलान्।

**निर्मला :** (लामो सास फेरेर) हरे शिव ! शिव ! बाँच्न नपाए मर्न त पाउनुपर्छ। (आँचलले दुवै आँखामा आँसु पुछ्छिन्।)

**शशिधर :** (आश्वस्त भावमा) धैर्य गर निर्मला, धैर्य गर, विपत्मा धैर्य नै औषधि हो। आपत्मा हडबडाउनु ठीक छैन।

**निर्मला :** धैर्य त गरिरहेछु नि, ओखती खान नपाएर एउटा छोरो मरेको आज वर्ष दिन भएको छैन, आँखामा आँसु सुके पनि दिल आँसुमै डुबिरहेको छ, फेरि अर्को छोराको आज यो अवस्था। अझ कति धैर्य गर्नुपर्ने हो कुन्नि।

**शशिधर :** (एकछिन तल हेरेर झोक्रिन्छन्)

(निर्मला भनिरहन्छिन्।)

**निर्मला :** कविता गरेर, लेख गरेर हाम्रो निर्वाह हुँदैन, हामीले त्यसबाट इज्जत राख्न सक्दैनौं, जीविकाको एउटा बाटो पनि समाउनुपर्छ भनी मैले लाखचोटि विन्ती गरिसकें। लाखचोटि रोइसकें। टाउको मात्रै फोडेको छैन, तर तपाईले एक सुन्नु भएन। कस्तो लत त्यो, कस्तो अम्मल ?

**शशिधर :** (विनित भावमा) अहिले मेरो प्रतिभा दौडिरहेको बेला छ निर्मला, मलाई एकछिन लेख्न देऊ, अहिल्यै सिध्याएर म खुट्टा समाएर भए

पनि, रोएर भए पनि डाक्टरलाई बोलाएर ल्याउँछु। अहिले एकछिन ग्वारागुभाजूलाई नै देखाऊ। तिमी हडबडाएकी मात्र हौ निर्मला, त्यस्तो खराब केही भएको छैन। उसको मुटु अलि कमजोर छ, त्यसैले मात्र बराबर ज्वरो आएको हो।

**निर्मला :** (एकछिन जिल्ल पर्छिन् अनि सुस्केरा लिंदै जान्छिन्)

**शशिधर :** (फेरि गुनगुनाउँदै लेख्न थाल्छन्) असल बन्नुपर्छ भन्ने गुरुहरु शिक्षा दिन्छन्, बाबुआमाहरु उपदेश दिन्छन्, नेताहरु प्रेरणा दिन्छन्, तर असल बन्नलाई कसैको शिक्षाको जरुरत नचाहिने स्थिति पनि मानिसहरु बनाउन सक्छन्। अनि मानिसहरुको हृदयमा पापले ठाउँ लिन नपाई सबै मानिसहरु देवता हुन सक्छन्। (नेपथ्यमा बोलाउँदै माथि उक्लिरहेको मानिसको आवाज सुनिन्छ। तर शशिधर सुन्दैनन्। उनी लेख्नमा व्यस्त भइरहन्छन्। जगप्रसादको प्रवेश)

**जगप्रसाद :** नमस्कार। नमस्कार।

**शशिधर :** (मुख हेरेर) नमस्कार।

**जगप्रसाद :** कति लेखिरहन सक्ने। जहिले पनि लेखिरहनुहुन्छ। बोलाएको सुन्नु भएन। (दिल्लगीको भावमा) नसुन्नुभएको अपराधमा "आंऊ" नभनीकनै सरासरै भित्र पस्ने सजायँ दिएँ है मैले त।

**शशिधर :** (मुसुक्क हाँसेर आफू बसिराखेको बिछ्याउनमा बस्न हातले संकेत गर्दै) आउनुस्, घर तपाईकै हो।

**जगप्रसाद :** (बस्दै) बस्नलाई मलाई कहाँ फुर्सद, तपाईलाई निम्तो दिन आएको हुँ।

**शशिधर :** (दिल्लगीको भावमा) के को निम्तो ? फेरि तपाईले बिहे त गर्न लाग्नुभएन ? आत्माहीन गरेर आइमाईहरुलाई लोग्नेमानिसहरुले टकाको ३ सेर गरिराखेकै छन्।

**जगप्रसाद :** (दिल्लगीको भावमा) दुई-तीन (२-३) बिहे गरेर लोग्नेमानिसहरुले आइमाईहरुलाई अपमान गर्न खोजेका हुन् र ? पूजा गरेका हुन्।

**शशिधर :** (हाँसेर) त्यस नारीपूजामा लोग्ने मानिसहरुले शान्तिको बलि पनि चढाइरहेका छन्।

**जगप्रसाद :** (खितितिति हाँस्छन्) तपाई कवि-लेखकसित कुरा गर्न कसको तागत हुन्छ ? के लेख्नुभएको सुनाउनुस्न ?

**शशिधर :** गद्य-कविता भने पनि हुन्छ, निबन्ध भने पनि हुन्छ। तर सुनाउन लायक भएको छैन, किनभने टुंगो नलागिकन लेख सुनाउन उति मजा हुँदैन। भोलि तपाईकहाँ सुनाउन आउँला (दिल्लगीको भावमा) बरु चिया, विस्कुट तयारी राख्नुहोला।

**जगप्रसाद :** हुन्छ, आउनुस्, तपाईलाई जहिले पनि स्वागत छ। यसै स्कूलको वार्षिकोत्सव छ। त्यस उपलक्ष्यमा शिक्षाको विषयलाई लिएर एउटा लेख तपाईले पनि सुनाउनुपर्‍यो। तर लेख मात्र होइन, भाषणजस्तै होस्, त्यसैको तपाईलाई निम्तो दिन आएको हुँ।

**शशिधर :** (गम्भीर भावमा) शिक्षाको खूब जरुरत छ, त्यसको प्रचार खूब बढाउनुपर्‍यो भन्ने आशयको लेख तपाईहरुले खोज्नुभयो होला।

**जगप्रसाद :** (स्वीकृतिसूचक भावमा) हो, ठीक त्यस्तै। कविहरु कति सजिलोसित मनको कुरा बुझ्दछन् .....

**शशिधर :** माफ गर्नुहोला, मलाई भने त्यस्तो लेख मन पर्दैन। आज लेखिरहेको लेखमा पनि मैले यही भाव भरिरहेको छु।

**जगप्रसाद :** (अति अचम्म मानेको भावमा) शिक्षा-प्रचार पनि तपाईलाई मन नपर्नु ?

**शशिधर :** (गम्भीर मुद्रामा) मानिसको निम्ति शिक्षाको जरुरत परेको मानवताकै निम्ति न हो।

**जगप्रसाद :** जरुर। जरुर। मानवता नै त सभ्यता हो। शिक्षा विना यो गुण मानिसहरुमा कसरी प्राप्त होला ?

**शशिधर :** शिक्षाले मानवता कहिल्यै पनि प्राप्त हुन सक्तैन। मानिसहरुको मनोवृत्ति राम्रो बनाउन सके मानवताको निम्ति मानिसहरुले कराउनै पर्दैन। शिक्षाको निम्ति चिच्याउनुभन्दा मानिसहरुको मति र मनोवृत्ति किन बिग्रँदो रहेछ भन्ने मनोविज्ञानद्वारा पत्ता लगाएर त्यसको प्रबन्ध गर्नुपर्छ, अनि मावनताको निम्त शब्दै चाहिन्न।

**जगप्रसाद :** त्यो कसरी हुन सक्छ ?

**शशिधर :** मेरा विचारमा यसको तत्व हो आर्थिक स्थितिको प्रबन्ध। हामीले कसैलाई राक्षसै बन्न नपर्ने मौका दिन प्रबन्ध गर्न सक्छौं, अनि न भोकै मर्न सक्छ न बिरामी भएर। तर यति विचार राख्नोस् कि दयालु हुने मौका तपाईले पाउञ्जेल तपाईबाट मानवता जाहेर हुन सक्तैन, उल्टो थाहै नपाईकन दानवताको बाटोमा दौडिरहनुहुन्छ।

**जगप्रसाद :** तपाईको स्वतन्त्र विचार जेसुकै होस् तर विषय शिक्षासम्बन्धी नै हुनुपर्छ। तपाईलाई किन अलमल्याउँ, म जान्छु। पर्सि दिउँसो ठीक ३ बजेलाई तपाईले जरुर कष्ट गर्नुहोला नि।

**शशिधर :** हुन्छ, म जरुर हाजिर भएर तपाईको निम्तो स्वीकार गर्छु। अहिले मेरो विचारधारा बगिरहेको बेला छ, त्यसलाई मूर्तिमान् गर्ने अवकाश दिन लाग्नुभएकोमा पनि तपाईलाई धन्यवाद छ।

**जगप्रसाद :** (बिछ्याउनाबाट उठ्दै) पर्सि उत्सवपछि लेखिरहनुभएको यो लेख पनि सुनुँला, लिइआउनुस्। (जाँदै) नमस्कार।

**शशिधर :** नमस्कार।

(गुनगुनाउँदै शशिधर फेरि लेखमा व्यस्त हुन्छन्।)

**शशिधर :** मानिसहरु दयालु हुने अवसर खोज्दछन्, ती दया गरेर देवता बन्न चाहन्छन्, मरिसकेर पनि ती आफ्नो दयालुताको कीर्तिलाई संसारमा जिउँदो राख्न खोज्दछन्। यही मानिसको सबभन्दा ठूलो भूल हो, सभ्यताको सडन हो, बुद्धिमानीको हार हो। दयालुताको लोभमा अँध्यारोको आड लिएर मानिसलाई मार्दछन्। पापलाई टाउकोमा बोक्न कत्ति पनि हिचकिचाउँदैनन्, त्यसैले मलाई मानिस देखेर चौपट्ट घीन छ। आज संसारमा चारैतिर हाहाकार, कोलाहल ...। (पछिल्लो वाक्यलाई केर्दछन्। यत्तिकैमा शशिधरलाई अचानक खोकी आउँछ। एकछिन छातीमा हात हालेर पीडित मुद्रामा ट्वाल्ल हेर्छन्, अनि कापी कलम भूइँमा राखी उत्तानो पल्टिरहन्छन्। चेहरामा पीडाको रेखा बढ्दै आउँछ। यत्तिकैमा नेपथ्यमा भऱ्याङबाट ओर्लेको आवाज सुनिन्छ। निर्मलाको प्रवेश।)

**निर्मला :** के भो, छाती दुख्यो ?

**शशिधर :** (दुखेको आवाजमा) अँ ... एक्कासी कसरी दुखेर आएको।

**निर्मला :** (मायालु स्वरमा) तपाई भनेको मान्नुहुन्न। रातभरि छाती दुखेको थियो, अहिले अलिकति संचो जस्तो भयो कि फेरि लेख्न थाल्नुहुन्छ। खुराक केही खान सक्नुभएको होइन। आफ्नो जीउ ठीक भएपछि लेख्नुभए त भइहाल्छ नि।

**शशिधर :** (केही विषादको भावमा) मधुकरलाई अहिले कस्तो छ ? ग्वारागुभाजूलाई बोलाएर देखाइनौ ?

**निर्मला :** देखाइसकें, त्यस्तो खराब केही भएको छैन भने, मन्त्र फुकेर खरानीपानी पनि ख्वाए। ७ मात्रा औषधि पनि दिएर गए, भरे पनि आउँछु भनेका छन्।

**शशिधर :** (करुण मुद्रामा) पैसा छैन क्यारे तिमीसित पनि, अलिकति पैसा दिएर पठाउनुपर्ने।
(आउन खोजेको सुस्केरालाई दबाउँछन्।)

**निर्मला :** अघि तरकारी किन्नलाई दिनुभएको तीन आना पैसा नै दिएर पठाएँ। ,

**शशिधर :** वेस गर्‍यौ, काम गर्नेलाई आफूले नखाईकन पनि दिनुपर्छ। दुईटा खोर्सानी पोलेर अहिलेको छाक टार्ने काम गर, चामल त छ हैन अहिलेलाई ?

**निर्मला :** हिजो तपाईले भात जूठो मात्र गर्नुभो, त्यसैले सिंगै एक जनाको छाक बाँकी नै भएकोले अहिलेको छाक त टर्ला।

**शशिधर :** अलिकति भए पनि दूध नभएपछि त कोचे पनि घाँटीबाट भात छिर्दै छिर्दैन, कस्तो खराब बानी लागेको। अलिकति दूधैमा बाँचिरहेको छु, त्यसैको भरमा केही ताकत पाइरहेको छु। दूध पनि नपाएपछि त बाँच्न पनि पाउँदिन मैले। खोइ, पैसा दिन नसकेकोले हिजो बेलुकीदेखि कसाईले दुध पनि ल्याइदिएन। अहिले फेरि आउला त्यो। "भोलि बिहान आइज" भनी पठाएको।

**निर्मला :** आफूसित अहिले नहुने भएपछि "अहिले आऊ" किन भनेर पठाउनुभएको त ? "४/५ दिनमा दिउँला" भन्नुभए पनि त हुने थियो।

**शशिधर :** "नेपाली पुस्तक भण्डार" का मालिकले अहिले बिहान आउँछु भनेका थिए। उनले १०० रुपियाँ पुरस्कार दिई मेरो एउटा उपन्यास प्रकाशन गरिदिने भएका छन्। त्यसैले "आज बिहान आउनू" भनी पठाएको, ९ बजिसक्यो, खोइ, अहिलेसम्म आएका छैनन्। कसाई आइपुग्ला भन्ने पनि मलाई डर भइसक्यो। १०० रुपियाँ आएपछि मधुकरलाई पनि राम्रो औषधि गराउनुपर्ला, मधुको व्यथा खराब छ "हार्ट फेल" भन्ने रोगले हिंड्दै कुरा गर्दै पनि जान सक्छ। (एकछिन घुर्छन्। अनि जुरुक्क बसेर फेरि लेख्न तम्सिन्छन्।)

**निर्मला :** (विनम्र भावमा) जनि गर्नुस्, बिन्ती २/४ दिन लेख्न छोड्नुस्, जीउभन्दा लेख ठूलो कुरा होइन। पहिले बाँच्नुस्, अनि लेख्नुस्, क्षयले मानिस धमाधम मरिरहेका छन्। जीउको पनि त विचार राख्नुस्। खुराक केही खान सकेको होइन।

**शशिधर :** क्षय भएरै म पनि मरे कसको के लाग्छ, तर नलेखीकन बाँचिरहन त चाहन्नँ निर्मला, सत्य सिद्धान्त र कार्यक्षेत्रमा रुजू भएर मर्नु मर्नु होइन, बाँच्नु हो। बरु विनसित्तै त्यसै बाँच्नु मर्नु हो।

**निर्मला :** (सुस्केराले भरेको आवाजमा) तपाईलाई त लेखेर मर्न पाए पनि सुख्खै होला भनूँ, तपाईको आधारमा भुण्डिएका हाम्रो अनि कुन गति होला, एक चोटि विचार गर्नुस् त।

**शशिधर :** (सुस्केरा लिंदै) त्यही कसैको आधारमा भुण्डिनुपर्ने मानिसको स्थिति देखेर त मलाई अफसोस भइरहेको छ। लेख्ने मिहिनेतले भन्दा पनि यही अफसोसको दुःखले क्षय होला भन्ने डर भइरहेछ निर्मला ! (एकछिन मौन भएर गुनगुनाउँछन्। अनि लेख्न तम्सिन्छन्।)

**निर्मला :** (कापी खोसेर विनीत भावमा) बिन्ती छ, भइगो, आज एक दिन मात्र भए पनि छोड्नस्। छाती दुखेको मिच्नु छैन भने।

**शशिधर :** (विनित भावमा कापी माग्दै) बिन्ती छ, भइगो आज एक हरफ मात्र लेख्छु, आइसकेको विचार भाग्ला कलमबाट खस्नैमात्र बाँकी छ। अनि तिम्रो अर्ती मानेर २/४ दिन लेख्ने काम छोडिदिन्छु।

**निर्मला :** (मायालु भावमा शशिधरको मुख एकचोटि हेरी कापी दिंदै) मधुकरलाई पनि यहीं ल्याउँछु, अब तपाईलाई एक अक्षर पनि लेख्न दिन्नँ।
(उठेर माथि जान्छन्।)

**शशिधर :** हात ज्यादै ठिहिर्‍यायो, मकलमा आगो एक चोटि बालेर ल्याऊन (गुनगुनाउँदै लेख्न थाल्छन्)। जबसम्म कविहरुले "कला जीवनको निम्ति" को उद्देश्यमा कविता गरिरहन पर्ला, जबसम्म ईश्वरको दुहाइ गरी धर्मको भाषण गरेर मानिसहरुलाई बनाइरहनुपर्ला, जबसम्म न्यायालय वा जेलमा लगेर तर्साइरहनुपर्ला (एकछिन गौर गरेर) तबसम्म मानिसले सभ्यताको शीतल छायामा बसेर सुखको गीत गाउन पाउँदैन। मेरो सपना जपना भएपछि "कला कलाको निम्ति" र "स्वान्तः सुखाय" को काव्य-संगीतको गुञ्जनले संसार स्वर्ग हुन्छ। अनि मानिसहरु ... (नेपथ्यमा मानिसको आवाज, बुलाचा कसाई ढोकामा बसी हेरिरहन्छ। एक हातमा दाउरा भएको मकल र अर्को हातले मधुकरलाई डोर्‍याउँदै निर्मला माथिबाट ओर्लेर पस्छिन्। फेरि निर्मलामाथि जान्छिन्।)

**बुलाचा :** (ढोकाबाट टाउको छिराएर) हजूर, म आइरहेको धेरै बेर भइसक्यो।

**शशिधर :** (कसाईतिर हेरी) भोलि मात्रै आएस् बुला, ती मानिस आज पनि आएनन्।

**बुलाचा :** (अलि झर्केर) त्यसो गर्न भैन हजुर, मलाई आजै नभई भएन। भैंसीलाई पीना, कुनाउरो किन्नु छ, परालको दाम तिर्नु छ।

**शशिधर :** भोलि यसैबेला आ न। भोलि त पक्का दिन्छु, फरक पर्दैन जा।

**बुलाचा :** आज त नलिई जाँदैन हजुर। संक्रान्ति-संक्रान्तिमै पाउनुपर्ने, डेढ महिना भैसक्यो, जाबो ५/६ रुपियाँलाई पनि दिनदिनै आउन कसरी सक्छु, १०० होइन, ५० होइन।

**शशिधर :** (अलि झर्केर) भोलि आ जा, लेखिरहेको बेला कचकच नगर, विचारै भागिसक्यो।
(निर्मला माथिबाट मधुकरलाई लिई बिछ्यूयाउनामा बोकेर आउँछिन र बिछ्याएर मधुकरलाई लेटाउँछिन्।)

**बुलाचा :** (ढोकाको संघारमा थचक्क बसेर) मलाई नै उल्टो गाली गर्नुहुन्छ, आज त रुपियाँ नलिईकन जाँदैन।

**निर्मला :** (अलि सम्झाएको भावमा) भोलि लैजान, भइगयो। त्यति रुपियाँमा पनि त्यसरी कराउन पर्छ र ? २ दिन रुपियाँ दिन ढीलो हुँदैमा दूध ल्याउन पनि छुटाइस्, जा, यहाँ बाजेलाई पनि अलि सन्चो छैन। मधुकर पनि बिरामी छ। यस्तै अवस्थामा झन् दूध टुटाउने ?

**बुलाचा :** (उठेर जान खोज्दै) दूध खान जान्या छ, तपाईहरुलाई पैसा दिन जान्या छैन, (जाँदै) ल्याउँदैन अब दूध अब कहिल्यै, पचाउने भए पचाउनोस् पसिना। (अलि मुख बिगारेर शशिधर बिछ्याउनामा पल्टन्छन्। निर्मला मायालु भावमा शशिधरप्रति ट्वाल्ल हेर्छिन्।)

**निर्मला :** (मकलमा दाउरा मिलाएर आगो बाल्दै) मेरो विन्ती सुन्नुहोस्, लेख-कविताले तपाईलाई खुवाउँदैन। त्यसबाट तपाईको कदर हुन सक्तैन, २/४ दिनको कुरा होइन। नोकरी भए पनि गर्नुहोस्। सुखको सास त एकचोटि फेर्न पाउँ।

**शशिधर :** (मकलमा आगो ताप्दै) कसैबाट कदर पाउनाको निम्ति मैले लेख्ने काम गरिरहेको होइन निर्मला। जागीर म पाउन सक्तिनँ, किनभने चाकरी-चुक्लीको गुण मसित छैन। अनि सरकारको असत्य पक्षमा मुन्टो निहुराउन पनि कहिल्यै म स्वीकार गर्न सक्तिनँ।

**निर्मला :** त्यसो भए साहू, महाजन, बिर्तावाल कोही धनीकहाँ भए पनि काम गर्नुहोस्।

**शशिधर :** उनीहरुकहाँ काम गरेर मेरो, अनि तिमीहरुको कदर हुँदैन निर्मला। किनभने लेख-कवितालाई प्यारो गर्ने रइसहरु मैले कुनै चिनेको छैन। आत्म-सम्मानलाई नै म जीवन सम्झन्छु। मेरो लेख वा कवितालाई कदर गर्ने कोही मानिस मैले संसारमा पाइनँ भने निर्मला, म तिमीहरुसित एउटा भिक्षा माग्छु- "तिमीहरुलाई समेत भोकभोकै राखेर साथै यमपुर लैजानेछु।" (निर्मलाको आँखाबाट आँसु टप्किरहन्छ। यत्तिकैमा नेपथ्यमा मानिसको आवाज आउँछ। "कविजी-कविजी" भन्दै लीलाबहादुरको प्रवेश। निर्मला मकलनिर गएर बस्छिन्। लीलाबहादुरको वेश-भूषा निकै छाँटिएको छ। हृष्टपुष्ट भएर अहम्भावले भरिएको आकृति छ।

**लीलाबहादुर :** (बस्ताबस्दै) तपाईको किताब मैले जम्मै हेरें, बीचमा प्रकाशकहरुलाई अलि छेडिएको रहेछ, नहेरीकनै मैले तपाईलाई १०० रुपियाँ पुरस्कारदिने कबूल गरेंछु।

**शशिधर :** (केही शान भरेको भावमा) तपाईको भनाइको मतलब ?

**लीलाबहादुर :** हिजो एउटा लेखकले करीब ३०० पेजको उपन्यास ल्याएका थिए, आफ्नै माग उनको १०० रुपियाँ मात्र थियो। तपाईको उपन्यास त केवल १०० पेज मात्रै छ।

**शशिधर :** (गर्वसाथ) अब ?

**लीलाबहादुर :** तपाईको उपन्यासको १०० रुपियाँ ज्यादै बढ्ता भयो। साँच्चै भनूँ भने त्यसको पुरस्कार ५० रुपियाँ नै पर्याप्त छ। अर्को कुरा प्रकाशकहरुलाई गर्नुभएको आक्षेप तपाईले झिक्न कबूल गर्नुपर्छ।

**शशिधर :** (शानदार आवाजमा) महाशय, तपाईको कबुललाई समातेर तपाईलाई छेकेर चुत्थो बन्न चाहन्न। तपाई आफ्नो कबूललाई फिर्ता लिएर मुक्ति पाउन सक्नुहुन्छ।

**लीलाबहादुर :** (५० रुपियाँको नोट गनेर एक खल्तीबाट शशिधरको पाण्डुलिपि र अर्को खल्तीबाट अरु लेखकको पाण्डुलिपि झिकेर देखाउँदै) लौ हेर्नुस्, तपाईको उपत्यास यही हो, उनको हेर्नोस् कत्रो छ ? यसको त १०० रुपियाँ भएपछि तपाईंको उपन्यासको पचास रुपियाँ दिएकोमा केही अन्याय छैन।

**शशिधर :** (भूइँमा गनिराखेको रुपियाँ टिपी फर्काउँदै) तपाई संस्तो पुरस्कारमै पाएको उपन्यास छपाउनुस्। म १०० रुपियाँमा एक पैसा मात्र घटी पनि लिन चाहन्नँ। किनभने यो मैले पैसाको निम्ति लेखेको उपन्यास होइन। आजसम्मको मेरो जीवन घोटेर लेखेको यो मेरो अहिलेसम्मको एउटै मात्र उपन्यास हो।

**मधुकर :** (खेदको भावमा) बा, रुपियाँ किन फर्काउनुभएको, भइगयो, त्यत्ति भए पनि लिनुहोस्, औषधि गर्न पाएर मैले बाँच्न त पाउँला।

**शशिधर :** (खूब जागेर) चूप लाग् पाजी, औषधि गर्न नपाएर मर्लास्, तँजस्ता खाएर बाँच्न चाहने कीरा मरेर संसारलाई केही नोक्सान हुने छैन।

**निर्मला :** (सम्झाएको भावमा) बिरामीको बुद्धि ठेगानमा हुँदैन, भइगयो, नकराउनुहोस्, भर्खर अलिक बेसजस्तो भएको अवस्था छ। (लुकेर आँसु पुछ्न खोजी मधुकरलाई कोल्टो फर्काउँछिन्।)

**शशिधर :** (लीलाबहादुरप्रति) तपाईलाई रचनाको मूल्य थाहा छैन, पेजको मात्रै तपाईलाई हिसाब छ भने बेग्लै कुरा हो। नत्र, लेखक यस्तो अपमान सहन सक्तैनन्, तपाईले मेरो ठूलो अपमान गरिरहनु भएको छ।

**लीलाबहादुर :** प्रकाशकहरुलाई गर्नुभएको आक्षेप एक टुक्रा झिकेर मिलाउनुहोस् त।

**शशिधर :** मैले तपाईलाई हानेर लेखेको त छैन।

**लीलाबहादुर :** तैपनि।

**शशिधर :** तपाई आफैं अपनाउनुहुन्छ भने मेरो के लाग्छ ?

**लीलाबहादुर :** त्यो नझिकिकन त म छाप्न चाहन्नँ।

**शशिधर :** (अलि शानसित) छाप्न चाहनु नचाहनु तपाईको खुशी। आफ्नो आँखाले देखेको सत्य कुराको हत्या गर्न चाहन्नँ। लेखक कुनै भाट होइनन्, जो केवल स्तुतिको निम्ति आत्मा बेचेर हिंड्दछन्, लेखक कुनै नट होइनन्, जो चार पैसा बक्सिसको निम्ति नाचेर हिंड्दछन्, लेखक कुनै खुशामदी होइनन्, जो आफ्नो गौरवको उपहार दिएर कसैलाई खुशी तुल्याएर हिंड्दछन्। लेखक माटो मीठो पार्न जान्दछन्, घाँसलाई स्वादिलो पार्न जान्दछन्, धेरै दिनको सट्टा थोरै बाँच्न परेकोमा लेखक अपशोच मान्दैनन्, तर उनीहरु असत्यको प्रशंसा कहिल्यै गाउँदैनन्।

**लीलाबहादुर :** (आफ्नो ५० रुपियाँ नोट र अर्को लेखकको उपन्यासको पाण्डुलिपि खल्तीमा हाली उठेर) तपाईलाई यत्रो घमण्ड ? (रिसले आफू हराएको भावमा) यही घमण्डले हेरुँ तपाईको पुस्तक कसले छाप्दोरहेछ ? पाण्डुलिपि कीराले ध्वस्त भएर पनि तपाईले किताब छपाउन पाउने

> आफ्नो आँखाले देखेको सत्य कुराको हत्या गर्न चाहन्न। लेखक कुनै भाट होइनन्, जो केवल स्तुतिको निम्ति आत्मा बेचेर हिंड्दछन्, लेखक कुनै नट होइनन्, जो चार पैसा बक्सिसको निम्ति नाचेर हिंड्दछन्, लेखक कुनै खुशामदी होइनन्, जो आफ्नो गौरवको उपहार दिएर कसैलाई खुशी तुल्याएर हिंड्दछन्। लेखक माटो मीठो पार्न जान्दछन्, घाँसलाई स्वादिलो पार्न जान्दछन्, धेरै दिनको सट्टा थोरै बाँच्न परेकोमा लेखक अपशोच मान्दैनन्, तर उनीहरु असत्यको प्रशंसा कहिल्यै गाउँदैनन्।

छैन। (लीलाबहादुर जान लागेको थिए, यत्तिकैमा मधुकरको आँखा फुस्रो भएर पल्टिरहेको देखेर निर्मला एकाएक चिच्याउँछिन्। अनि शशिधर र लीलाबहादुर पनि दौडेर हेर्न जान्छन्)

**मधुकर :** (शशिधरतिर हेरेर, हिक्क हिक्क हिक्का लिंदै छटपटाउँदै बोल्न कोशिश गरेर) बा, दुई दिन बाँच्नलाई आत्मसम्मानमा धक्का दिएर म बाँचिरहेको छु। यहाँको कीरा भएर, यहाँका- स्वाभिमानीहरुलाई- नसताउनको निम्ति- यसको प्रायश्चितमा (यहाँनिर हिक्का अरु बढ्छ) अब म नरकको कीरो- बन्न जानेछु)

(यत्तिकैमा ठुलाठूला आँखाले एकैचोटि चारैतिर आँखा घुमाएर हेर्छन्। तत्क्षणात् एक मामुली हिक्का आउँछ, त्यसैमा मधुकरको अन्तिम सास मिसिन्छ।)

निर्मला छाती पिटिपिटीकन रुन लाग्छिन्। लीलाबहादुर किंकर्तव्यविमूढ भएर उभिरहन्छन्। शशिधर आँखामा आँसु पुछ्तै मधुकरको लाशनिर बसी एकछिन खूब धैर्यसाथ मधुकरको मुख नियाल्छन्, अनि मधुकरको मुखमा घोप्टिएर रुन्छन्।

शशिधरको यो अवस्था देखेर निर्मलाको धैर्य बिउँफन्छ र दौडेर शशिधरलाई उठाउन खोज्छिन्। लीलाबहादुर पनि उठाउन दौडन्छन्। शशीधरलाई डेग चलाउन सक्तैनन्)।

**शशिधर :** (रुँदै, विलाप्दै उन्मत्त भावमा फत्फताएर) बाबु ! मेरो मधु ! तिमीलाई मार्ने ज्यानमारा तिम्रै पिता हुन्। तिमीलाई औषधि नगरीकन मात्रै होइन, मुटुको व्यथा भएको विरामीलाई मुटु फुट्ने वाण हानेर मैले तिमीलाई मारें।

(निर्मला र लीलाबहादुरले जबर्जस्तीसित शशिधरलाई उठाउँछन्। शशिधर उठ्तै लकपकाउँदै बोल्छन्) ६ महिनाभित्र २-२ छोराको ज्यानमारा भएँ।

(लाशतिर हेरेर एकछिन तीनै जना जिल्ल परिरहन्छन्। शशिधर असह्य रुपमा सास फेरिरहन्छन्। निर्मला आँसु टप्काइरहन्छिन्।)

**शशिधर :** (निर्मलाप्रति हेरी दमको रुपमा सास फेर्दै) लेखकमा यत्रो अभिमान रहँदो रहेछ भन्ने थाहा भए मैले कलमको सट्टा कोदाली समात्थें, नोल समात्थें, कोही मानिसको खुट्टा समात्थें। (लामो सुस्केरा लिंदै) लेखकको नातमा छोरीलाई मामाको घरमा बास गराउन परिरहेको छ। छोरीको बिहे टार्नलाई मैले पुरस्कारको निम्ति किताब लेखिरहेको थिएँ, अनि लेखिरहेछु। त्यो सपनालाई पनि आज म आगो लाउँछु। आजदेखि निर्मला ! मैले लेख लेख्ने इच्छा र तन्मयतालाई पनि आगोमा सल्काउँछु। (जुरुक्क उठी बिछ्याउनातिर गएर लीलाबहादुरलाई १०० रुपियाँ पुरस्कार लिएर दिन चाहेको उपन्यासको कापीलाई मकलमा बलिरहेको आगोमा च्यार्र च्यार्र च्यात्दै, तर कापी टुक्रा भएर च्यातिन सक्तैन, होम्दै, आँसु बरबरती बगाउँदै) अग्निदेव, मानिसले यस उपन्यासलाई प्रचार गर्न चाहेन, अब तिमीले नै यसलाई प्रचार गरेर मेरो मधुकरको दिवंगत आत्मालाई शान्त पारिदिनू।

(आगोमा पुस्तकको पाण्डुलिपि होम्नासाथै निर्मला र लीलाबहादुर दुवै आँसु बहाउँदै दौडेर आई मकलबाट कापी झिक्न खोज्दछन् तर शशिधरले दुवैलाई दुवै हातले छेकेर झिक्न दिंदैनन्, कापी दनदन बलेर, सल्केर गइरहन्छ। उनीहरु दुवै चिच्याउँदै आँसु बहाएर शशिधरको हातलाई जबर्जस्ती पन्छाएर लीलाबहादुरले आगोबाट कापी झिक्छन्। उत्तिखेरै शशिधरले बिहानैदेखि लेखिरहेको रचना पनि च्यातेर मकलमा होम्छन्। चिच्याएर निर्मलाले ती झिक्छिन् तर दुवै कापीको हर एक पेज जसो जलिसक्छन्। शशिधर धुरुधुरु आँसु बहाउँदै हेरिरहन्छन्।)

**लीलाबहादुर :** (आघातको र लज्जामिश्रित भावमा) कविजी, नाफाखोरी विचारमा मैले जानीजानीकन राष्ट्रको यत्रो महान् कलाको हत्या गरें। यसको कारण मै हूँ। कविजी, अब म "उपन्यासको भग्नावशेष" को नाममा भए पनि छपाएर लामो भूमिकाले यसलाई सजीव तुल्याई तपाईलाई अमर गराउनेछु। (खल्तीबाट १०० रुपियाँ निकाली पीडित भावमा अर्पंदै) कविजी, तपाईलाई मैले हिजो कबूल गरेको १०० रुपियाँ।

**शशिधर :** (आँखाभरि आँसु गरी केवल ट्वाल्ल हेरिरहन्छन्।)

**लीलाबहादुर :** कविजी, मेरो पुरस्कार स्वीकार गरेर मलाई सन्तोष दिलाउनुहोला।

**शशिधर :** (सुस्केरा भरेको आवाजमा, गौरवसाथ) लीलाबहादुरजी, अब म पुरस्कारको अधिकारी छैन, लेखकको नाताबाट मैले आफूलाई विच्छेद गरिसकेको छु।

**लीलाबहादुर :** (हात जोडेर शशिधरको अगाडि १०० को नोट राखी) कविजी, मेरो करजोरी बिन्ती छ, तपाईले यो पुरस्कार लिनैपर्छ।

(नोट छोडेर लीलाबहादुर सरासर जान्छन्।)

**शशिधर :** (नोट आगोमा जलाउँदै वेदनापूर्ण स्वरमा) पुरस्कार !

(निर्मला नोट बचाउनलाई चिच्याएर दौडन्छिन्, नोट जलिसक्छ।)

# मूलतत्व

**- बालकृष्ण सम**

द्वितीय विश्वयुद्धको बादल भर्खर फाटेको देखिन्थ्यो,
तृतीय युद्धको गर्जन अलि अलि क्षितिज परतिर चंकिन्थ्यो
अग्लो एक घरको छानामा एउटा सानू मूसाको
ठूलो कालो बिरालोसित त्यसै जम्काभेट भयो।

बिरालाले आफ्ना जूँगाहरुमाथि गगनतिर फर्काई
"धन्यवाद परमेश्वर !" भन्दै हँसिलो मुखले म्याउँ गऱ्यो,
मूसाले पनि आफ्ना जूँगा पातालतिर तल भारेर
धिक्कार संसार ! भन्दै अलिकति आँसु झिकी चूँ चूँ गऱ्यो !

जुन सुरमा म्याउ बजिरहेथ्यो चूँले पनि सुर उही लियो,
तर एउटा प्राण लिनलाई बज्थ्यो, अर्को प्राण दिंदै नाच्यो
निष्ठुर बिरालो आफ्नो मनमा "दयालु" विधाता सम्झन्थ्यो
दयनीय मूसो मनमन "निर्दयी विधान" भनी कल्पिन्थ्यो।

कठोर बिरालो संसारलाई सुकोमल सुन्दर देख्थ्यो,
कोमल मूसो यस जगतैलाई कठोर भयंकर भनिठान्थ्यो
बिरालाले पुच्छर डोलायो मूसाको मुटु स्वयं हिल्यो,
बिल्लीले आँखा बाली हेऱ्यो मूसाले सिल्लीभै झिम्म गऱ्यो।

चुहिए बलेनीबाट तलतिर दुई थोपा मोतीदाना-
एउटा रालको बिन्दु थियो, अर्को आँसु ढिको थियो
मूसो कत्रो परिश्रमले मुखमा धान गहुँ च्यापेर
बच्चाहरु बसेको प्वालमा पस्न खोज्दथ्यो दगुरेर।

अकस्मात् बाटामा भाँजो बिरालाले हालिदिन्थ्यो
बिजुली जस्ता आँखा भएको त्यो कालो मेघतुल्य थियो
पुराणपाषाण युगीहरुले मित्रावरुण भने जस्तै
बोल्यो मुखको अन्न ओकल्दै मूसाले दुई हात जोडी-

"हिरण्यगर्भ" पहिला जन्मने, सबै चतुष्पदहरुका स्वामी
छाया अमृत जसको मृत्यु, कस्मै देवाय हविषाविधेम
जसले आकाश उग्र बनाए हिमालय जसले स्थिर गरे
सबै दिशा जसका बाहु छन् कस्मै देवाय हविषाविधेम ?

मलाई नमार- मलाई नमार-
मानो हिंसोज्जनिता य: पृथिव्या दिवं सत्य धर्माजजान
ययचापश्चन्द्रा वृहतीर्जजान कस्मै देवाय हविषाविधेम।
बिरालले आङ तानी मुख बाई यसरी हाई गऱ्यो-
" न यो आत्मा प्रवचनले लभ्य, न यो आत्मा बलहीनले लभ्य।"

मूसाले अलिकति अर्पण गरेको अन्न देखी बिरालाले
ठान्यो त्यसको पेटभर होला अरु बाँकी सब, यस उसले
त्यसलाई नै सिङ्गै निल्छु प्रलय पेटमा गरिदिन्छु
किनकि "पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते।"



मूसो करायो "परोपकार गर, पाप हो है परपीडन।
बिरालाले झ्यार्र गरिकन भन्यो "मूर्ख तँ ज्ञान सुन्-
"हन्ता चेन्मन्यते हन्तु हतश्चेन्मन्यते हतम्।
उभौ तौ न विजानीतो नायं हन्ति नहन्यते।"

हठात् मूसाको छातीमा बिरालाको नङ्ग्रा घुस्यो,
मूसाले ईसामसीहको अन्तिम घडी सम्झी भन्यो-
"ती जो जो तलवार लिन्छन् तलवारसितै सब बिलाउँछन्"
अनि मास्तिर फर्की करायो "इलोह, लामा सबकथनी ?

बिरालाले मुख बायो फेरि-
"जिजसले सोधे तिमीहरुसित खाने वस्तु केही छ ?
शिष्यहरुले पकाएको माछाको टुक्रो उनलाई दिए"
ईश्वरका पुत्रले सबको अगाडि त्यो मीठो मानी टोके,

कसरी ? - यसरी -
अनि मूसाले चिच्याएर भन्यो "पिता,
यसलाई क्षमा गरिदेऊ किनभने के गरें यो थाहै पाउन्न !
अल्लाहा ! इलाहा ! अलिफ, लाम, मिम ! मलाई बचाऊ यसबाट !"

बिरालाले हाँस्तै भन्यो- "तैं ख्वै सडेको ! तेरो रक्त
बगिसक्यो, तैं सुँगुर होइनस् अर्पी खुदामा अनुरक्त
चपाउँछु !" मूसो रोयो-भन्दै "सर्व स्वलक्षणम्
सर्व क्षणिकं सर्व अनृतं सर्व शून्य शून्यम् !"
भन्यो बिरालाले चपाउँदै "इन्द्रवायु ! ओम् शान्ति !
अविद्यया मृत्युं तीर्त्वा विद्यया अमृतमश्नुते।"

यसरी - एक दिन-

एक जीवनमा एउटा जियो, अर्को त्यसकै निम्ति मऱ्यो,
एकले जुन वायुमा सास फाल्यो अर्कोले सास फेऱ्यो !
मूसाको त्यो अन्तिम चित्कार मनुष्यसमाज यदि मान्दो हो
किन पारस्परिक प्रेमसंघ नगरी शक्ति उपासक बन्दो हो !

किन घाममा आँखा चिम्ली मनमा अर्को टाटो देख्दो हो
सत्य हाँसो ओठले छली किन आँसु सबैतिर पोख्तो हो !
बुद्धि बल विद्या कमाई दुरुपयोग किन गर्दो हो,
किन बाँची बचाऊँ नभनी ईर्ष्याद्वेषले मारी मर्दो हो !

# जीवन : एक प्राध्यापक

– शंकर लामिछाने

जीवनमा सिक्न कहिल्यै छाडिदैन रहेछ, वा भनौं, जीवनले हामीलाई सिकाउन कहिल्यै छाड्दैन रहेछ। कस्तो आनन्द हुन्थ्यो, आफूले जानेको कुरा यसो गुटुमुटु पारेर एउटा कुनामा घुस्रेर तिनलाई खोतलखातल पार्नु। तर त्यो कहाँ सम्भव ?

अब, यही, कुकुर मर्ने बेलामा के किसिमको व्यवहार गर्छ त्यो मलाई थाहा थिएन। अन्तरिक्षमा उड्ने कुकुरको, लाइकाको बरु मलाई बढी जानकारी होला, मेरो दलानमा घुस्रे मुन्टो लाएर पिलिक्क पिलिक्क हेरी पुच्छरको चमर मेरो स्वागतमा हल्लाउने ब्राउनीलाई मैले चिन्न सकिनँ।

मेरो जीवनमा ऊ अनायास आउँछ, अनायास जान्छ।...

६/७ महिनाको उसको उमेर होला, उ एकदिन मेरो घरको क्षेत्रमा अनधिकार प्रवेश गर्छ। आठ वर्षकी मेरी छोरी तिनताक भर्खरै जन्मेकी थिई। छोरा मेरो छ : वर्षको थियो र हामीले हालै डेरा सरेका थियौं। शहर बाहिरको डेरामा एक कुकुर भइदिए त्यसले कमसेकम रात्रीभर हाम्रो लागि जागरण बसिदिन्छ। त्यस भावनाले हामीले एउटा कुकुरलाई गृहस्थीमा समावेश गरिसकेका थियौं। अनि, उसको आगमन हुन्छ। मज्जाले ढोका खोल्छ, भित्र पस्छ र पुच्छर हल्लाउन थाल्छ। छोरीको त आँखा खुलेको छैन, छोरा भने दंग पर्छ, भन्छ- ड्याडी, ड्याडी, कुकुर !

हेर्छु, उही भुस्याहा, जुन हामीले स्वेच्छाले अपनाइसकेका छौं। अब, एउटा सानो परिवारमा दुई भुस्याहा, नियोजनभन्दा बाहिरको कुरा। म भन्छु निकालिदेऊ त्यसलाई।

उ जाने भए पो। लात, नोल, बिस्कुट केहीले पनि जाने होइन। बिस्कुट ख्वाउँदै म उसलाई कालिमाटी पुऱ्याउँछु र हाइवेको गन्धमा लर्बराएर घर फर्कन्छु। उ घरमै ! हुँदाहुँदा मैले च्यामिनीलाई समेत कतै पुऱ्याइदिन भनें। बिचरीले लगी पनि। तर उ यथावत् ! घरमै विद्यमान !

अनि, हामीले हार मान्यौं। उसलाई बस्न दियौं। मैले यहाँ मनोवैज्ञानिक प्रक्रिया अपनाएँ। अर्को कुकुरलाई उसकै सामू बढी माया गरिदिएर उसमा ईर्ष्याको भावना उमार्न खोजें। लाग्यो, हतोत्साह भएर स्वयं घरको परित्याग गरिहाल्छ कि भनेर। महाको रकमी ! वास्तै गर्दैन ! अरुलाई माया गरुन्जेल उ सुतेको बहाना गर्दछ, उसलाई बोलाइटोपल्यो भने अधिको अभाव समेतको क्षतिपूर्ति गर्दै गालामै खान आउँछ। ... मेरो केही लागेन। परिस्थितिलाई विधिकै हातमा छाडिदिएँ।

आठ वर्ष बित्यो। उ हाम्रो घरको वातावरणमा भिज्यो। एक प्रकारले हामीले उसलाई बिर्स्यौं पनि। भलाद्मी, अर्थात् कुकुरको नजरमा सफा लुगा लाउने वा प्यान्ट भिर्ने व्यक्ति आए भने उ भौं भौं गरेर हल्लीखल्ली मचाउँछ, नत्र भाम्रेभुम्रे आए भने भम्टिहाल्छ, टोकिहाल्छ। बहुतै एकहोरे मस्तिष्क थियो त्यसको।

तर उसको एउटा कुरा साह्रै मन पऱ्यो मलाई। मलाई पुऱ्याउन आउने, आफ्नो इलाकासम्म, र आफ्नै इलाकासम्म म आएको बेलुका पर्खिरहने। म जान्दिनँ उसको यस चाकरी मनोवृत्तिमा उसको के ध्येय थियो, कारण मैले उसलाई कहिल्यै धाप दिइनँ।

समय बित्दै गयो। उ बूढो भएछ, मैलो थाहा पाइन। म प्रौढ भएँ, उसले थाहा पायो-पाएन, कुन्नि।

यसपाली कार्तिकमा उसको अनौठो रुप देखें। कार्तिकको कुकुर भनेपछि अन्य कुनै विश्लेषण वा व्याख्याको आवश्यकता पर्दैन। उ अशक्त भइसकेको थियो, तापनि आफ्नो घरको कम्पाउण्डभित्र बाहिरिया वर्जित थिए। उसकी प्रिया अन्त गए उसलाई वास्ता छैन। उसकी प्रियाले अन्यलाई घरभित्र हुले उ युद्ध गर्न तयार। फेरि उसकी प्रिया पनि उसकै संगत मन पराउँछे। तर, तर, तर। उ शक्तिहीन छ। अनि उ रिसाउँछे।

कत्रो मनोविज्ञान छ यसमा।

म मानिसलाई यस पृष्ठभूमिमा दाँजिरहेको थिएँ, मजा लुटिरहेको थिएँ।

अकस्मात् उ हराउँछ एकदिन।

घरनगिचै केन्द्रीय छात्रावासको छेउमै बस्छ उ। भोकाएको छ। डाक्यो, आउँदैन। झन् नचिन्हेको पो व्यवहार गर्दछ।

पछि थाहा पाएँ, मर्ने बेला भएपछि कुकुर घर छाडेर हिंड्दो रहेछ। घरको मोह र ममता अँगालेर उ मर्न चाहन्न। मर्नुअघिको उसको यो सन्यास हो। अनि मलाई लाग्यो, मृत्युको सूचना सबैले पाउँदा रहेछन् क्यारे। सुनेको छु, हात्तीहरुको पनि आफ्नै चिहान हुन्छ र मृत्युको पूर्वाभास पाउनासाथै हात्तीले बथानको परित्याग गर्छ र एकलो लाग्छ- त्यस गुप्त अनकण्टारतिर।

मानिसलाई यस दैवी ज्ञानबाट निश्चय पनि अलग राखिएको थिएन होला। वैज्ञानिक प्रशाधन प्राप्त गर्न हामीले निश्चय पनि यी प्राकृतिक गुणहरु उसैलाई बन्धक राखेका हौंला।

यसो सोचिहेरें- संसारका प्राय: जम्मै धर्ममा आत्मज्ञानको उल्लेख आउँछ। सबैले चिन्तन मनन र ध्यानको महत्व बताएका छन्। हामी मात्र त्यस प्रक्रियालाई समेत वैज्ञानिक प्रसाधनलाई सुम्पिन लालायित छौं। कम्प्यूटर्स आविष्कार गरेर हामीले ज्ञानको भण्डार पनि उसलाई दिने प्रयास गर्देछौं। यो कार्य असल हो या होइन, त्यसका दुवै पक्षमा जोडदार वहस गर्न सकिन्छ। तर यसको परिणाम आफ्नो जीवनमा त्यसको असर नपरी त्यसबाट आएको प्रभाव नबुझी हामी भन्न सक्दैनौं।

जस्तै, उदाहरणको लागि शिक्षाको विकास हेरौं। आश्रममा गुरुको नोकरी गरी प्राप्त हुने शिक्षाको पद्धति कोल्टे फर्कदै टेलिभिजनको क्लास परिणत भइसकेको छ, जस पद्धतिद्वारा एउटा गुरुले असंख्य चेलालाई ज्ञान वितरण गर्न सक्छन्।

शिक्षा जन-सुलभ त निश्चय पनि थियो। तर यसको प्राप्तिको लागि हामीले एउटा कुरा त्याग्नुपऱ्यो, त्यो हो- शिक्षक-शिक्षितबीचको आत्मीय संसर्ग। चारित्रिक विशेषताहरु जो दुवैका आफ्नै छन् जोसंगै बसउठ गर्दागर्दै एक अर्कालाई आन्दोलित गर्छन्। विद्यार्थीको अनुहार हेरेर गुरुले जुन प्रकारले नाम घाम जम्मै थाहा पाएर व्यवहार गर्छन्,त्यसमा शिक्षा दिंदा जुन आनन्द आउँछ, त्यो टेलिभिजनको क्यामराको लेन्स निहालेर निश्चय पनि आउँदैन होला।

मेरो कुराको समर्थनमा, मलाई दुई महान् व्यक्तिको स्मरण आइरहेछ। विन्स्टन चर्चिल तथा जाँन गिलगुड।

विन्स्टन चर्चिलले प्रसिद्धि पाइसकेपछि वी. वी. सी. ले उनलाई निम्त्यायो। चर्चिल जान्छन् र ब्रडकास्टिङ रुममा उनलाई एकलै छाड्दा उनी भन्छन्- "स्रोता नभई म केही बोल्दिन"। भनिन्छ- "यस कार्यक्रमको प्रचार

भइसकेको छ। तपाईलाई हजारौं व्यक्ति पर्खिरहेका छन्।"

उनी भन्छन् "जे होस्, कोठामा एक्लै फतफताउने बौलाहा म होइनँ। तिमी अगाडि बस, तिमीसँग म कुरा गर्छु।"

जाँन गिल्गुडलाई एउटा पत्रकारले सोध्यो- "तपाईलाई रंगमंचमा काम गर्न मजा लाग्यो वा फिल्ममा ?"

उनी भन्छन्- "रंगमंचमा। त्यहाँ दर्शक सामुन्ने हुन्छ। आफ्ना प्रत्येक एक्टिङको प्रतिक्रिया दर्शकबाट प्रसारित भइरहेको पाइन्छ। सफलता वा असफलताको स्वाद तात्तातो पाइन्छ। त्यसमा पार्टिसिपेशनको आनन्द छ, जो क्यामराबाट संभव छैन।"

शिक्षामा पार्टिसिपेशनको स्वाद गुमाएर, हामीले के गुमायौं त्यो विचारणीय छ।

यही कुरा मूल्यांकन गर्न क्यालिफोर्नियामा पोहोर साल एक अनौठो स्कूलको स्थापना भएको छ। शहरभन्दा निकै बाहिर एक क्याम्पसमा त्यो स्कूल छ। विद्यार्थीको संख्या सिर्फ २० छ। स्कूलको कुनै पाठ्यक्रम छैन। क्लास रुम छैनन्। कमसेकम एकनासे बेन्च छैनन्। विद्यार्थीलाई जे मन लागछ उही पढोस्। सामग्री मात्र उपलब्ध गराइदिन्छ- स्कूलले। अध्यापक आफ्ना कोठामा आफैंमा मस्त, विद्यार्थीलाई स्वतन्त्रता छ जुनबेला उसँग प्रश्न गरेर आफ्नो शंका समाधान गर्न सक्छ।

पूर्ण स्वतन्त्रता प्रदान गरिएको यस स्कूलमा टायम टेबल छैन। ओछ्यानमा पल्टेर पढ, बैठकमा पढ, भान्छामा पढ, रक्सी खाएर पढ, चुरोट खाँदै पढ, रुखमुनि गएर पढ, अथवा पढ्न मन नलागे नपढ। पढ्न मन लाग्ने विषय पढ, मन नलाग्ने विषय छुँदै नछोऊ।

एक वर्षको अध्ययन रिपोर्ट प्रकाशमा आयो। त्यसको केही पंक्तिले मेरो ध्यान आकर्षित गऱ्यो। स्वेच्छाले अपनाएको विषयमा विद्यार्थीले अन्य स्कूलमा गर्ने ३ वर्षको ज्ञान त्यहाँ १ वर्षमै हासिल गरेछ। कसै कसैलाई इच्छित विषय थाहा पाउन पनि ६ महिना यताउता भट्किनुपऱ्यो, तर जब तादात्म्य भयो, उनले गतिमा फड्का मारे। सबभन्दा मुख्य कुरा छ- उनमा उम्रेको आत्मविश्वास। आफ्नो स्वेच्छाले आफ्नो विषय छान्दा वा त्यसलाई स्वेच्छाले पढ्दा उनलाई आत्मसन्तुष्टि हुन्छ।

आत्मसन्तुष्टि भनेको कम कुरा होइन।

मेरो कुकुर मऱ्यो मरेन मलाई थाहा छैन। आजकाल देखिन छाड्यो। तर लाग्दछ उसले पनि आत्मसन्तुष्टि निश्चय पायो होला। कमसेकम पार्टिसिपेशनको स्वाद त उसले आफैंले निकालिछाड्यो, बरु मैले उसको भावनाको कदर उसको मृत्युपछि मात्र गर्न सकें।

यहाँनिर मलाई लाग्दछ, जीवनमा कत्रो ठूलो कुरा मैले गुमाइराखेको रहेछु- त्यो हो लगनशीलता।

जीवनमा सिक्न कहिल्यै छाडिदैन रहेछ वा भनौं जीवनले हामीलाई सिकाउन छाड्दैन रहेछ। सिक्ने कुरामा अल्छी मानेको पाए, जीवन भर्किंदो रहेछ र कुकुरलाई पनि गुरुको अवतार बनाई पठाइदिंदो रहेछ।

# बसन्त कोकिल

**- बासु शशी**

हे ! मानवताको सुकुमार दूत हो।
आऊ, मसँग गाऊ !
मेरो पंचम तिख्खर सुरसँग
आफ्नो पनि स्वर मिलाई
आऊ, मसँग गाऊ।
संसारको यो अनित्यतालाई बिर्सिदिऊ।
मृत्यु र ध्वंसउपर शोक गर्न छाड।
सधै यो मरुभूमिमा कति घिस्रिरहन्छौ ?
किन बालुवा बनेर मिट्छौ ?
सधै किन धूलामय बनिरहन्छौ ?
किन धूलो बनेर जान्छौ ?
पत्थर भैं कडा र साह्रो
यी पार्थिव आशा निराशाहरुको हाड टोकेर
किन सँधै छट्पटाइरहन्छौ ?
आऊ मेरो स्वर लहरीमा उडेर
माथि माथि आकाश माथि
तिमीहरु पनि व्योमको सफर गर।

हे ! मानवताका सुकुमार दूत हो।
आऊ मसँग आऊ।
मेरो पंचम तिख्खर सुरसँगै
आफ्नो पनि स्वर मिलाई
आऊ, मसँग गाऊ।

बिर्स ती युद्धको कुराहरु,
मानिसले मानिसलाई मार्ने,
ती रगत खल्बलाउँदा निर्मम दृश्यहरु।
भुल ती गरीबिका कठोर क्षण,
क्रुर विवशताको आघात्
जब आमाले छोरालाई अविश्वास गर्छ
जब छोराले आमालाई अविश्वास गर्छ

जब मानिसहरु आफ्नै अस्तित्वलाई घृणा गर्छन्
जब सृष्टिप्रति उपेक्षाको आगो सल्कन्छ मनमा,
जब सृष्टिकारलाई उपहास गरिन्छ !
बिर्स ती हारेका आशाहरु
पराजयका निराशाहरु
भुल ती रोएका समयहरु,
अझ तिमीलाई तर्साइरहेका, गिज्याइरहेका-
यी आशंका, चिन्ता, पीडा, व्यथा भय !
एक वित्ताको छातिभित्र थुनिरहन छाड !
ती दश बाह्रवटा कर हरुका बारहरु भाँचिदेऊ !
पूर्व पश्चिमको सीमित परिधिभित्र भौंतारिन छाड !
उत्तर वा दक्षिणको साङ्‌ग्रो बाटो मात्रै
अन्धो झैं बौलाहा झैं
काथर झैं निर्बल झैं
भड्किरहन छाड !
जति तिमीहरु छ त्यतिमै
आफूलाई बिलाईदिने गर !
आऊ मेरो संगीतको वायुयानमा उत्र !
मसँगै उड।
म झैं स्वर संगीत बनेर बह !
अविश्राम अनन्तमा बह।

हे ! मानवताका सुकुमार दूत हो !
आऊ मसँग आऊ !
मेरो पंचम तिख्खर स्वरसँग
आफ्नो पनि स्वर मिलाई
आऊ मसँग गाऊ !

म तिमीहरुका देशमा हुने मारकाटदेखि अलग छु !
युद्धको हाहाकारदेखि अछुत छु !
असन्तोषको चीत्कारदेखि प...र छु !
आशा निराशाको कुनै पनि डोरीले
मलाई बाँध्न सक्तैन !
मेरो निम्ति सब बन्धनहरु
निरर्थक छन्, निरुपायी छन्
म शान्त, स्वतन्त्र, उन्मुक्त र अभय छु !
तिमीहरुका माटामा म त मरिसके पछि मात्र खस्छु !
मलाई मृत्युको पनि रति डर छैन !
म सँधै आफूलाई
आफ्नो प्राणलाई अभिव्यजन दिन्छु
नमर्दै म आफूलाई
असीम अविनाश र अक्षय अनन्तमा
लिपिसकेको हुन्छु !

हे ! मानवताका सुकुमार दूत हो !
आऊ मसँग आऊ !
मेरो पंचम तिख्खर सुरसँग
आफ्नो पनि स्वर मिलाई
आऊ मसँग गाऊ !

म निख्खर छु !
कालो घाम झैं टल्कन्छु !
घृणा गर्न मैले कसैलाई पर्दैन !
म अटुट र अविच्छिन्न छु !
यहाँ राग विरागको प्रश्न नै छैन !
मधुमास छन्
पवित्र र पुनित छन्
सौन्दर्यको ओज प्रकाश पुन्जको
यो निर्मल आकाशमा
सुन्दरताको मृदुत्म कण्ठ मुखरित मधुरतम स्वास बनेर
म सँधै गाइरहन्छु !
केवल गाइरहन्छु !
म आफूलाई छरिरहन्छु !
केवल अभिव्यक्ति गरिरहन्छु
तिमीहरु आफ्नो असक्तता चाल पाएर,
लाचारी र दुर्दिनदेखि त्रस्त भएर
व्याकुल कतै भाग्न चाहन्छौं
नसकी तर, फेरि त्यहीं चर्चा गरिन्छौं !
ढुंगामै टाउको ठोकी ठोकी
रोइरहन्छौं, चिच्याइ रहन्छौं !

हे ! मानवताका सुकुमार दूत हो
आऊ मसँग आऊ !
मेरो पंचम निख्खर सुरसँग
आफ्नो पनि स्वर मिलाई
आऊ मसँग गाऊ !

आफ्ना चिर सन्तप्त आत्मालाई
म झैं निडर भएर
संगीतमा मुक्त गर !
चिर आहत वा धीर हृदय अभिव्यक्ति गर !
आत्माभिव्यक्ति नै मुक्ति हो !
मूर्दा झैं मौन रहनु त बन्धन हो !

हे ! मानवताको सुकुमार दूत हो !
आऊ मसँग गाऊ !
मेरो पंचम तिख्खर सुरसँग
आफ्नो पनि स्वर मिलाई
आऊ मसँग गाऊ !

# जयभुँडी

- भैरव अर्याल

व्यास बाजेले अठार पुराण लेखे, तर सबभन्दा जरुरी एउटा पुराणचाहिं लेख्न भुसुसक्कै बिर्सेछन्। वेदव्यासको युगमा बिर्सेको कुरो आज वेदनाशको युगमा तैंले कसरी सम्झिस् ? भन्नुहोला, मलाई पनि हिजै मात्र आफ्नी बूढी आमाले झट्ट सम्झाइदिइन्। साथै यस पुराणको महात्म्य पनि मैले उनैलाई दृष्टान्तसहित बुझ्ने मौका पाएकाले अरु पुराणको प्रारम्भमा "शारदायै नमः" भने जस्तै पुराणको शुरुमा म भन्दछु- बूढी आमायै नमः।

परालेकका निम्ति होइन, यसै लोकको निम्ति नसुनी नहुने र परोपकारको निमित्त होइन, आत्मोपकारको निमित्त नबुझी नहुने यो सर्वकालीन, सर्वदेशीय र सर्वधर्मीय पुराणको नाम हो- भुँडी पुराण। भुँडी विश्वको सर्वोच्च देवी हुन्, जसलाई मान्छेले मात्र होइन, देवाधिदेव महादेवले पनि मान्नु परेको थियो। हेरिल्याएको खण्डमा कृष्ण हुन् कि क्राइष्ट हुन्, बुद्ध हुन् कि कन्फ्युसियस हुन् सबै देवात्माहरु भुँडीबाट मर्त्यलोकमा अवरोहण गरेका हुन्। महर्षि हुन् कि मार्क्स हुन्, सन्त हुन् कि सात्रे हुन्, सबै दार्शनिकहरु भुँडीमै निर्मित भएर देखा परेका हुन्। वाल्मीकि हुन् कि हुन्, टाल्सटाय हुन् कि टैगोर हुन्, होमर हुन् कि देवकोटा हुन्, सम हुन् कि शेक्सपियर हुन् प्रत्येक कविको जन्म भुँडीबाटै भएको हो। अलेक्जेन्डर हुन् कि चङ्गेज खाँ हुन्, लिङ्कन हुन् कि लेनिन हुन्, नेपोलियन हुन् कि जङ्गबहादुर हुन्, बिस्मार्क हुन् कि पृथ्वीनारायण शाह हुन्, सबै नेताहरुको उद्गम स्थल भुँडी हो। त्यसैले भुँडी जीवनकी निर्मात्री र विश्वकी अधिष्ठात्री हुन्, जसको पूजाआजा गर्नु प्राणी मात्रको प्रमुख कर्तव्य हो।

भुँडीको पूजाविधि देख्नलाई त्यति झन्झटिया छैन, किनभने हाम्रा अरु देवदेवीलाई जस्तो चन्दन, अबीर, सिंदुर, फूल इत्यादिको भुँडीदेवीलाई जरुरत छैन। उनलाई त केवल जल र नैवेद्य भए पुग्छ। तर जल र नैवेद्यका प्रकारका र मात्राहरु चाहिं विवेचना गर्न लाग्यो भने भुँडीपूजा जस्तो अप्ठ्यारो न भीमसेन पूजा हुन्छ, न भगवती पूजा। जल मात्र कति थरी चाहिन्छन् कति थरी- चिसो, तातो, सेतो, रातो, चिल्लो, खल्लो, नुनिलो, गुलियो, अमिलो, धमिलो इत्यादि। अझ नैवेद्य त के कति र कस्तो भनी बयान गरेर साध्य छैन। त्यसकारण, यसबारे पूजा जान्ने इच्छा छ भने वरु कुनै नैवेद्य विशेषज्ञले लेखेको भुँडीपूजापद्धति पढ्नुहोला अथवा कुनै भुँडीवालकी वूढीसित सोध्नु भए पनि हुन्छ। यो पुराणमा त यति मात्र जनाइन्छ कि भुँडीदेवीलाई नैवेद्य चाहिन्छ। नैवेद्यको अभावमा वा कमीमा, नैवेद्यको हेलचेक्र्याइँमा वा लापर्वाहीमा भुँडी रिसाइहाल्छिन्। शङ्कर रिसाउँदा संसार संहार हुन्छ भनी व्यासवाजे भन्थे भने शङ्करको पनि साक्खै आमा पर्ने महामाता भुँडी रिसाउँदा के होला के नहोला, आफै कल्पना गर्न सक्नुहुन्छ। विश्वामित्रजस्ता नैष्ठिकलाई कुकुरको मासु कोच्याएको कुरादेखि लिएर विश्वका कैयौं नेता र जेताको जुगमा क्रान्तिको आगो सल्काउँदै भुँडीदेवीले मच्चाएका घम्साघम्सी र ध्वंसाध्वंसी कसलाई थाहा छैन् र ! यसैले ज्ञानमा जति गढे पनि विज्ञानमा जति वढे पनि, विद्या जति पढे पनि, वुद्धि जति जडे पनि आखिर सबै चुलिंदै गई "ओ" वन्छ भनी ऋषिहरु भन्थे, तर मलाई लाग्छ- त्यो एउटा अक्षर "ओं" होइन "ओं" वन्छ। यसकारण प्रत्येक विहानै "कुखुरी काँ" को साथै प्रत्येक घरका केटाकेटीहरु मुख वाइहाल्छन्- "आँ"। अनि रातो रातो जल र मिठो पीठो जे जति पाइन्छ नैवेद्य चढाउँदै भुँडीपूजाको कार्यक्रम शुरु गर्नुपर्छ। घरमा होस् कि होटलमा होस्, व्यारेकमा होस् कि होस्टेलमा होस्, ट्रेनमा होस्, कि प्लेनमा होस्, वाटैमा होस् वा घाटैमा होस्, आखिर जहाँ भए पनि हातमुख जोर्दै सम्झनुपर्छ-

नमो देव्यै पेट देव्यै सर्व देव्यै तथैव च।
आन्द्रा आन्द्री समेतायै भुँडी देव्यै नमो नमः।।

भुँडीपूजाको यस कार्यक्रममा अलिकति वाधा पर्‍यो भने आफ्नो भुँडी रिसाउनुभन्दा पहिले घरकी वूढी रिसाउँछिन् र घुर्की लाउँछिन्- तपाईको त सिङ्गल भुँडी त हो नि। नभन्दै उनको भुँडी साह्रै चमत्कारिक हुन्छ। आखिर गनेर ल्याउँदा वूढा वूढीदेखि लिएर भूराभूरीसम्मका सिङ्गा भुँडी र वूढीको भुँडीभित्रको भुँडीसमेत जोडी प्रत्येक घरमा सालाखाला साढे सातभन्दा कम भुँडी पाइन मुस्किल छ। अनि कतिको भुँडीपूजा कति पल्ट गर्ने ? त्यसैले कोही कोही गुनासो गर्छन्- भुँडीपूजाको झन्झट नहुँदो हो त म के के न गर्थें। हो पनि, मान्छेलाई त्यो झन्झट नपरेको भए ऊ सत्यवादी हुन्थ्यो, सदाचारी हुन्थ्यो, अणुवम वनाउने खर्चले समुद्र पुर्थ्यो, आकाश उतार्थ्यो। तर मलाई लाग्छ- यी केवल धाकै मात्र हुन्, भुँडी नभएको भए मान्छे सुत्थ्यो- कुम्भकर्ण सुतेझैं। अनि जङ्गल जङ्गलै रहन्थ्यो, मान्छे जङ्गलभित्रै हुन्थ्यो।

सबैलाई थाहै छ- भुँडी स्वयं परमेश्वरी भएकाले प्रत्येक प्राणीमा उनको अंश नभएको हुँदैन। अर्को शब्दमा प्रत्येक व्यक्ति भुँडीको एक अवतार हो। ऊसित सानो होस् या ठूलो होस् एउटा भुँडी हुन्छ। त्यसैले मान्छे उखान गर्छन्- जहाँ जान लागे पनि भुँडी संगसंगै जान्छ। नभन्दै गोसाईथान जाने जात्रु हुन् वा अन्तरिक्षका यात्रु हुन्, सबैले सबभन्दा पहिले भुँडीको जोहो गर्नैपर्छ। कोही राष्ट्रसंघीय काममा लागेको होस् वा कोही मल सोहोर्न लागेको होस् मुख्यतः सवैलाई भुँडीपूजाले नै प्रेरित गरिरहेको हुन्छ। गधाझैं लादिन परोस् वा गाईझैं दुहिन परोस्, कुकुरझैं दैलैदैलो ढुक्नुपरोस् वा लाटोकोसेराझैं रातभरि जाग्राम वस्नुपरोस्, येनकेन प्रकारेण भुँडीपूजा गर्न सकिएन भने घरबार सव पुरपार पारी कि रानीपोखरी ताक्नुपर्छ कि डाँडो काट्नुपर्छ। आखिर सत्य कुरो यही हो- "येनकेन प्रकारेण उदर परिपूरयेत्"। सबैले थाहा पाएकै छन्- यही भुँडीपूजाको लागि हाम्रा कैयन पूर्खाले परचक्रीको दैलो कुरे। हुक्काको नलीदेखि बन्दूकको नालीसम्म वोके। अझै कैयौं वुढिया र दुलही नानीहरु भुँडीको पूजासामा खोज्न निस्केका आफ्ना छोरा र दुलहाहरुको प्रतिक्षामा आँखा तान्दै छन्।

त्यसैले त भनेको, प्रत्येक प्राणीमा भुँडी देवताको अंश हुन्छ। अर्को शब्दमा प्रत्येक भुँडी मिलेर देश वा समाजको विशाल भुँडी वन्छ र विशाल-विशाल पनि जुट्दा भुँडीको विराट् रुप वोध हुन्छ। उस्तै र उत्रै भए पनि प्रत्येक भुँडीको वेग्लै आयतन हुन्छ नैवेद्य ग्रहणका तरिकाहरु विभिन्न किसिमका हुन्छन्।

यस दृष्टिले हेर्ने हो भने भुँडीलाई मुख्यतः चार भागमा वर्गीकरण गर्न सकिन्छ। तिनमध्ये पहिलो छ- हाँडी घोप्टे भुँडी। सकेसम्म अरु साराको भाग आफ्नै भुँडीभित्र घोप्ट्याएर दुनियाँमा भुँडीवादको सिद्धान्त लागू गर्न हाँडी घोप्टे भुँडी सधैं हाँडीजस्तै मुख वेनाइरहेको हुन्छ। कर्म न कुकर्म, शर्म न वेशर्म, धर्म न अधर्म, कुनै कुराको छ्यान विचार नगर्ने हुनाले नैवेद्यका ठूला-ठूला स्रोतहरु हाँडी घोप्टे भुँडीकै सामु घोप्टिन पुगेका छन्।

दोस्रो छ- घ्याम्पे भुँडी। जो- हाँडी-घोप्टे भुँडीभन्दा अलि सानो भए पनि स्वभावमा भने प्रायः उस्तै-उस्तै हुन्छ। तेस्रो हो- टाकन-टुकन भुँडी जसलाई नैवेद्य जुटाउन सत्रतिर दाह्रा झिच्याई टाकन-टुकन नगरी हुँदैन। यिनको अतिरिक्त अर्को छ- ठण्डाराम भुँडी। जो प्रायः खोक्रै रहन्छ। हाँडी घोप्टे र घ्याम्पे भुँडीले खँगारेका यी ठण्डाराम भुँडीहरु यहाँ मात्र होइन, पृथ्वीको भुँडीभरि "ठाउँ न ठहर, धोको न रहर" भै भकुण्डिरहेका छन्। कति वानरको फौजझैं धपाइन्छन् भने कति भेडाको भाउमा खरिदिन्छन् पनि। भुँडीको नैवेद्यको लोभले भुँडीवालाका जुनसुकै शर्तमाथि नाकको टुप्पामा कालो दलेर ल्याप्चे सही गर्नु पर्दा कति

टाकन-टुकन भुँडीहरुले हाँडी-घोप्टे भुँडीझैं हाउडे भुँडीमा पस्नु परेथ्यो। यी कथाहरु सम्झेर सम्झिनसक्ना छन्। एशिया, अफ्रिकाका कैयौं टाकन-टुकन भुँडीहरुले अझै पश्चिम फर्केर "भवति-भवति गहुँ मे देही" भनी प्रार्थना गर्न छुटेको छैन।

सवलाई थाहा छ- वीसौं शताब्दीको विराट भुँडीले सुरसाको मुख वनाएको छ। मान्छे हनुमानझैं आकाश पाताल चहारेर कति नै ठूलो आङ फुलाओस् भुँडीको वढ्दो आयतनको अनुपातमा उसको शक्ति सामर्थ्य हात्तीको मुखमा जीरा हुन्छ। कसलाई थाहा छैन र ? भुँडीकै लागि समुद्र तरेका भारतीयहरु भुँडीकै भाग नपुगी लङ्काबाट लर्काइदै छन् भने भुँडीकै पिरलाले जुगजुगदेखि "वम्हमाको मुलुक" पसेका नेपालीहरु भुँडीकै समस्याले बर्माबाट फर्काइदै छन्।

भुँडीपूजाको लागि मान्छेले के सोच्यो के सोचेन, के गर्‍यो के गरेन; वयान गरी साध्य छैन। शुरुमा काँचो तरुल र भ्याकुरले भुँडीपूजा गर्ने मान्छेले आज पृथ्वीको कुनै छेउलाई वाँझो रहन नदिई हलो चलाई नैवेद्य फलायो। तर एकले अर्काको अस्तित्व आवश्यक नठान्दा भुँडी भुँडी भकुरा भकुर गर्न थाले। वलियो भुँडी घ्याम्पे भए, घ्याम्पा घ्याम्पा जुधे, कोही हाँडीघाप्टे हुन पुगे त धेरैजसो ठण्डाराम भै भकुण्डिए। आखिर अरवौं ठण्डाराम भुँडीहरुले रुञ्चे स्वरमा चिच्याउनुपर्‍यो। भुँडीपूजा हुन्छ भने सवैको हुनुपर्छ। फलस्वरुप मार्क्सले भुँडीपूजाको समान पद्धति सोचे, भुँडीवालहरुले उनलाई उडाए, तर आखिर कतिपय देशका ठण्डाराम भुँडीहरुको ध्यान त्यता नगई छोडेन।

यसै यसै गरी करोडौं ठण्डाराम हाँडीहरुले भारतमा सर्वोदयको सपना देखे भने लाखौं ठण्डाराम हाँडीहरुको उचित पूजाको लागि नेपालले भूमिसुधारको योजना लागू गर्न परिरहेछ। तैपनि हाँडीघोप्टे र घ्याम्पे हाँडीहरु ड्यारड्यार-डरडर गरी भर्सेलीवाट भाग्नुपरेका विरालाझैं नाक वजाउँदै छन्। तर नैवेद्यको जोरजामका लागि कसिएका ९५ प्रतिशत भुँडीहरुको माझमा निहुँ खोज्न लागे भने उनीहरुको जुगानजुगदेखि टन्किएको भुँडीले मादल दमाहाझैं वज्नुपर्ने कुरा स्वत: सिद्ध भइसकेको छ। कुराको जरो यही हो।

मैले यो भुँडीपुराण पनि भुँडीदेवीकै उपासनाको लागि लेखेको हुँ। जुन दिन भूमिसुधारको महामेला सकिएर खोजेजस्तै गरी सवैले भुँडीपूजाको सौभाग्य पाउलान् त्यसैदिन व्यास वाजेका अठार पुराणमा उन्नाईसौं महापुराणको रुपमा मेरो भूँडीपुराण कसो नजोडिएला त ?

जय भुँडी।

# साहित्य र मानवअधिकारबीचको सम्बन्ध आदर्श किसिमको हुन्छ

- डा. ध्रुवचन्द्र गौतम



० विश्व साहित्यको परिप्रेक्ष्यमा साहित्यले मानवअधिकारका मर्म र मुलभूत पक्षहरुलाई कहिलेदेखि आत्मसात गरेको पाइन्छ ?

- मलाई के लाग्छ भने, साहित्य लेखन एक किसिमको सजगता हो। जानेर मानवअधिकारका कुराहरु लेखिनुअघि साहित्यले मानवअधिकारका कुराहरुलाई आत्मसात् गरेका थिए। दासयुगिन बर्बर समाजमा मानवअधिकारका लागि कुनै स्थान थिएन। तर त्यतिखेर पनि मानवअधिकारका पक्षमा वकालत गरेर लेखिएको पाइन्छ। त्यतिखेरका लेखकहरुले जानेर वा नजानेर मानवअधिकारका बारेमा लेखेका थिए।

प्राचीनकालदेखि नै कवि-लेखकहरुले मानवतालाई आफ्नो लेखनमा महत्व दिएको पाइन्छ। मानव, उनीहरुको लेखनको महत्वपूर्ण विषय र पक्ष हुन्थ्यो। त्यहि समयदेखि नै साहित्यमा मानवअधिकारका कुराहरु उठेका पाइन्छन्। आफ्नो धर्मलाई बचाउन तत्कालीन राजाहरुले जनताको रगत बगाएको इतिहास लेखिएको पाइन्छ भने अर्कोतिर त्यस्ता राजाहरु पनि थिए, जसले अरुको धर्मलाई पनि मान्यता दिनुपर्ने धारणा राख्दथे। अर्थात् मानवताका कुरा उठाउने शासकहरु पनि तत्कालीन समाजमा रहेका पाइन्छन्।

विश्व साहित्यको सन्दर्भमा हेर्दा, जबदेखि साहित्य लेखनको शुरुवात भयो, मानवअधिकारबारे त्यतिबेलादेखि नै लेखिएको पाइन्छ। साहित्य लेखनको शुभारम्भदेखि नै लेखकहरुले मानवअधिकारबारे सजग भएर वा नभइकन त्यसवारे लेखिएको पाइन्छ।

० नेपाली साहित्यमा चाहिं मानवअधिकारका पक्षलाई लेखकहरुले कहिलेदेखि उठाएको पाइन्छ ?

- नेपाली साहित्यमा आदिकवि भानुभक्त आचार्यले शुभारम्भ गर्नु भएको पाइन्छ। उहाँले आफ्ना कृतिहरुमा मानिसले मानिसप्रति गर्नुपर्ने व्यवहारबारे चर्चा गर्नु भएको देखिन्छ। तर त्यो धार्मिक रुपमा थियो।

जहानियाँ राणा शासनको बेला देशमा अमानवीय तन्त्र हावी थियो, त्यसको विरुद्ध मानवीय विद्रोह उठेको पाइन्छ। हामी के पाउँछौं भने, इतिहासमा अमानवीय क्रियाकलापसंगै मानवीय क्रियाकलाप पनि शुरु हुन्छ। साहित्य पनि मानवीय स्वरुप र क्रियाकलापलाई निर्धारण गर्ने र मानवीय संस्कृतिलाई अघि बढाउने एउटा सशक्त माध्यम हो। हामीले राणा कालको सन्दर्भमा हेर्दा, सात सालको क्रान्ति खोसिएको राजाको अधिकार फिर्ता ल्याउँने र राणालाई हटाउने क्रान्ति थियो। मोतिराम भट्टले पनि राजाको साथ दिएको हुँदा उनी तत्कालीन सरकारबाट उपेक्षित भएको देखिन्छ। त्यसो त, माध्यमिक कालमा राणा विरोधी जागरुकता नेपाली साहित्यकारहरुमा भएको पाइन्छ। सुब्बा कृष्णलाल अधिकारीको विद्रोह पनि अत्यन्त सह्राहनीय पक्ष थियो। नेपाली साहित्यको प्रथम उदाहरणीय विद्रोह त्यसैलाई मान्न सकिन्छ। मानवअधिकारका बारेमा लेखक कविहरुमा सजगता आउने क्रम विस्तारै भएको देखिन्छ।

आधुनिक युगमा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, वालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ र केदारमान व्यथितले आफ्नो लेखनमा मानवअधिकारका कुराहरुलाई उठाउनु भएको पाइन्छ। देवकोटाका धेरैजसो लेखनमा मानवअधिकारका कुराहरु उठेका छन्। लेखनाथको "पिंजडाको सुगा" ले पनि मानवअधिकारको चित्र उतारेको छ। सिद्धिचरणका कवितामा पनि मानवतावादी सजगता पाइन्छ भने व्यथितले त्यसबखतका आफ्ना कविताहरुमा मानवअधिकारका स्वरहरु पर्याप्त मात्रामा घन्काएका थिए।

० २०१७ सालको कालो-काण्डपछि साहित्यकारहरुले मानवअधिकारका स्वरलाई कुन मात्रामा घन्काएको पाउनु भएको छ ?

- २०१७ सालपछि भूपि शेरचन, ईश्वरवल्लभ, वैरागी काइला, पारिजात आदिले आफ्ना रचनाहरुमा मानवअधिकारलाई स्थान दिनु भएको पाइन्छ। सत्र सालपछिका कविहरुले मानवअधिकारको रक्षार्थ विद्रोह गरे। २०३६ सालपछि त लेखकहरु झन् स्पष्ट रुपमा अगाडि आए। मानवअधिकार हनन भएको कुरा उनीहरुले अझ खुलेर लेखे। २०४६ सालको जनआन्दोलनको क्रममा मुखमा कालोपट्टि बाँध्ने काम पनि त्यसकै उपलब्धी हो।

त्यसो त, कुनै पनि लेखक मानवअधिकार विरुद्ध जान सक्दैनन्। नेपाली साहित्यमा, मानवअधिकारविरुद्ध लेखकहरु जान नसक्ने एउटा लेखकीय धर्म नै बनिसकेको छ।

० २०४६ सालपछिको साहित्यमा नि ?

- अहिले आएर मानवअधिकारको स्वरुप अझ व्यापक बन्न पुगेको छ। दलित, महिला, मजदूर, बालक आदि वर्गहरुको अधिकारको कुरा २०४६ सालपछि झन् व्यापक मात्रामा उठेका छन्। अहिले त लेखकले जे लेखे पनि मानवअधिकारका कुराहरुलाई कुनै न कुनै रुपमा छोएकै हुन्छ। अथवा, मानवअधिकार भनेको हरेक मान्छेको स्वतन्त्रतासित गाँसिएर आउने कुरा भएको हुँदा यो साहित्यमा अभिव्यक्त भएकै हुन्छ।

० साहित्य र मानवअधिकारबीचको अन्तरसम्बन्धलाई तपाई कसरी केलाउनु हुन्छ ?

- लेखन, जानेर वा नजानेर मानव र मानवअधिकारसित गाँसिएका हुन्छन्। साहित्य लेखनको एउटा लामो परम्परालाई हेर्दा, लेखन एउटा सजग कुरा वनिसकेको छ। त्यसो त, साहित्य अरु माध्यमहरुभन्दा बढी प्रभावशाली हुन्छ। त्यसमार्फत् मानवअधिकारका चेतना फैलाउन बढी सहयोगी बन्न सक्छ। जनतालाई मानवअधिकारबारे बुझाउन साहित्यको माध्यम ठीक हुने मात्र होइन, दिगो पनि हुनसक्छ।

मेरो विचारमा मानवअधिकार र साहित्यबीचको अन्तरसम्बन्ध आदर्श किसिमको हुनसक्छ।

# सत्ताको खोजमा

– विजय मल्ल

*(फराकिलो कोठा जसमा आलमारी, टेबिल र खाट छन्। एक दुइटा मेचहरु छन्। कोठा त्यत्तिको सफा र टेबिल, मेच आदि यत्रतत्र छरपष्टिएका छन्।)*

मीना : कोठा त यो पो बेस लाग्यो मलाई, (झ्यालतिर जाँदै खोलेर) हेर, यहाँबाट स्वयम्भू कति राम्ररी देखिंदो रहेछ। उ : खेर नागार्जुनको डाँडो।

शीला : बाहिर सडकमा पनि नपर्ने, सुनसान छ यो कोठा।

मीना : के तिमीलाई नयाँ सडकको जस्तो घुइँचो, हल्लाखल्ला चाहियो ? मलाई त पटक्क मन पर्दैन त्यो नयाँ सडक। सधैं गोलमाल, गडबड, हलचल। शान्ति भनेको पटक्क छैन।

शीला : मैले पनि त्यसो कहाँ भनेकी हुँ र ? सुनसान पो छ त भनेकी, मलाई मात्रै के मानिसको घुइँचो, हल्लाखल्ला मन पर्छ र ? झन् यो जाँचको अगाडि।

मीना : हेर, यहाँबाट त्यो बगैंचा, त्यो चउर, त्यो विष्णुमति कति स्पष्ट छ, खुल्ला छर्लङ्ग देखिन्छन्, पानीका लहरहरु समेत बगेका देखिन्छन्। हाम्रो उता जस्तै लाग्ने। यो सडकतिरको माथिको कोठा त मलाई मन परेन। अगाडिको घरको बरण्डाले नै छोए जस्तो त्यहाँ बसेर कोही मानिसले हातले तान्न खोजे पनि भेट्टाइने जस्तो। त्यस्तो ठाउँमा पनि कोही बस्छ ? मलाई त यही कोठा मन पर्‍यो।

शीला : तिमीलाई पनि त्यस्तो लाग्यो ? मलाई पनि साँच्ची त्यस्तो लाग्यो। त्यो बरण्डाबाट त जोसुकैले पनि हामी के गरिरहेका छौं चेवा लिन सक्छ। अझ थाहा पायौ मीना, यस काठमाडौंका लोग्नेमानिसहरु त अनौठा हुन्छन् रे, हातले इशारा गर्न पनि वेर लाउँदैनन् रे। तन्त्रमन्त्र गरेको अक्षता छरेर त्यसै फकाएर पनि लान्छन् रे। हाम्रो केही वश नै चल्दैन रे।

मीना : तिमी पनि कहिलेकाहीं कस्तो केटाकेटी कुरा गर्छ्यौ, त्यसरी अक्षता छरेर होइन बुझ्यौ, वरु मायाको स्वाङ रचेर, प्यान्टसूटमा कसिएर, सुकुलगुण्डाहरुले लैजालान् नानी।

शीला : मलाई त के लग्ला। बरु तिमीलाई लग्ला।

मीना : भो, मलाई नै लग्ला। तिमीलाई मन पर्‍यो कि मन परेन यो कोठा, भन ? तिमी त्यहाँ सुतौली म यसमा दुइटा खाट छैनन्। बीचमा त्यो टेबिल राखौंला, मेच पनि हामीलाई पुगिहाल्छ। बरु बोलाउ, त्यो मानिसलाई, मालसामान यहीं ल्याओस्।

शीला : यस ढोकानिर त म सुत्दिनँ, म त्यहाँ सुत्छु झ्यालकै सामुन्ने। मलाई खुला हावा चाहिन्छ।

मीना : अब तिमीलाई खुला हावा चाहियो, अघि त माथिकै कोठा मन पर्‍यो भनेको होइन ? ढोकातिर सुत्दैमा तिमीलाई के भयो नि, कसैले रातमा घिसार्न आउला भनेर ?

शीला : तिमी पनि के के भन्दछ्यौ के के।

मीना : भो भो, मै सुतुँला, बोलाउन त त्यो मानिसलाई, मालसामान सुद्द नै फेरि हिंडिदेला। अनि सुतौली राम्रोसंग। ए ! रुपियाँ त जम्मै मेरो सुटकेशमा छ।

शीला : (हतारिएर बाहिर निस्कँदै) म बोलाएर ल्याउँछु। (निस्कन्छिन्। मीना टेबिल मिलाउन थाल्दछिन्, मेचहरु यथास्थानमा राख्छिन् र आलमारी खोल्छिन्। शीला भित्र पस्छिन्, भरिया सुटकेश बाकसहरु एक-एक गर्दै भित्र ल्याउन थाल्छ।)

शीला : हेर, तिम्रो मालमत्ता के के छ हराउला। (भरियालाई हेरेर) किताबको पोका खै ?

भरिया : ल्याउँदै छु नि। एउटा मान्छेले त्यतिका सामान एकै चोटि कसरी बोकेर आएको, यति टाढासम्म ल्याउनुभयो, मलाई त पैसा पुग्दैन है, अहिले नै भनिदिया छ। दुईटा रुपियाँ ट्याक्कै चाहिन्छ।

मीना : पहिले सबै सामानहरु त ल्याउनू।

शीला : जसले तिमीलाई भारीको बन्दोबस्त गर्‍यो। हो उसैसंग भन्नु नि क्या। हामीलाई के थाहा ? होइन त मीना ?

भरिया : हेर्नुस् नानीहरु हो। बन्दोबस्त जसले गरेको भए पनि मलाई त ट्याक्कै दोटा रुपियाँ चाहिन्छ। अरु कुरा-सुरा म जान्दिनँ।

मीना : भो भो जाउ, माल लिएर आऊ अहिले। (भरिया निस्कन्छ)

शीला : यहाँका भरियाहरु पनि गजबका छन्। कस्तो फूर्ति लाउँछन् हेरन। हाम्रो गाउँतिर भए त्यसो भन्न सक्थे ?

मीना : तिम्रो गाउँतिर आफ्नै नोकरचाकर जस्ता हरुवाचरुवा हुन्थे। यहाँकाहरु त्यस्ता होइनन्, त्यसैले फूर्ति लाउन सक्छन्।

शीला : मेरो मात्रै नभन, तिम्रा गाउँमा पनि त्यस्तै छन् नि।

मीना : ठीक हो, छन्। त्यसैले यिनीहरुसंग मुख नलाग भनेको।

शीला : के त, भनेको जत्तिकै दिने त ?

मीना : झगडा गर्नुसट्टा दिने। यो नौलो ठाउँमा तिमी बी. ए. जाँच दिन आएकी, झगडा-तगडा गर्न होइन।

शीला : नौलो ठाउँ भन्दैमा, जसले जेसुकै भनोस्, गरोस् सहने त ?

मीना : हेर, गन्थन नगरौं। लौ भन, त्यो शण्ड-मुस्टण्ड भरियाले मुखले केही भनिदियो भने, तिम्रो इज्जतमा धक्का पुर्‍यायो भने, के तिमी त्योसित कुश्ताकुश्ती गरेर वाझ्न, जुध्न सक्छ्यौ ?

शीला : के रे ?

मीना : तिमी सक्तिनौ, तिमीलाई नै लाजले मर्नु हुन्छ। त्यसैले त्यो भरियाको शारीरिक राक्षसी बलको सामुन्ने आफ्नो लाज जोगाउन, हामी त्यसैको कुरा मानिदिन्छौं र दुई रुपियाँ फालेर त्यसको मुख टालिदिन्छौं। भइहाल्यो त्यो कुरा। लौ बाकस कहाँ राख्छ्यौ ?

(भरिया पोकाहरु लिएर भित्र पस्छ र भुईमा राख्या किताबहरु खसेर छल्लब्याल्ल हुन्छ।)

शीला : कस्तो सौर पनि नभएको। किताब त्यसरी फाल्ने हो ? च्यातिएको भए।

भरिया : पोका कसरी बाँध्नु भएको त तपाईहरुले, राख्ता फुस्कियो, यसमा मेरो के दोष ? सब माल आइपुग्यो। गनेर हेर्नोस्। तीन वटा बाकस, गुण्टा र दुईटा पोकाहरु। दुइटा रुपियाँमा यतिका भारी बोकेर के कोही पनि यहाँ सम्मन् आउँदैन, बुझ्नुभो ?

मीना : *(पैसाबाट रुपियाँ झिकेर दिंदै) लौ लेऊ, फेरि चाहियो भने तिमी जस्तै बलियोलाई बोलाउँला। लौ जाउ। बाहिर जाँदाखेरि हेर बायाँपट्टि एउटी आइमाइ बस्छे- सानी भाउज्यू, बुझ्यौ, तिनलाई यहाँ भित्र जाऊ भनिदिनू।*

भरिया : (रुपियाँ खोकिलामा राख्तै) मैले चिन्या छु त्यो भाउजूलाई। म यहाँ धेरै पटक

आएको पनि छु, भारी वोकेर। यसभन्दा अगाडि यस घरमा अरु नै सुव्वाहरु वस्दथे, त्यो मलाई थाहा छ। नानी हो, मालताल गन्नुस्, पुग्यो होइन के ?

शीला : पुग्यो, पुग्यो, जाऊ।

भरिया : त्यसरी नभर्कनुस् न, फेरि पछि हरायो, त्यसैले चोरेर लगेछ भन्न पाउनुहुन्न। सलाम नानी।

मीना : लौ लौ। सलाम।

भरिया : भाउजूलाई भनेर जान्छु। (निस्कन्छ)

शीला : कस्तो जर्कटे मानिस, त्यसको त मलाई स्वर नै सुन्न मन लागेन। वेसोमती, असभ्य, वुट, माल गन्नोस् भन्ने काइदा पनि हुन्छ। ठाडो पो वोल्दो रहेछ।

मीना : हेर्दै जाऊ तिमी, कति यस्ता मानिससंग भेट्तै जानेछ्यौ, जो यो सोझो वुटभन्दा झन् पढेलेखेका शिक्षित भनाउँदा असभ्य वुट कति हुनेछन्। अनि त्यस वखतमा तिमी थाहा पाउनेछ्यौ, दुनियाँको यथार्थता वेग्लै छ। भन, म आफ्नो गुण्टा कहाँ लगाउँ त ?

शीला : तिम्रो मन परेको ठाउँमा। मैले कितावहरु त्यस टेविलमाथि राखें त। (टेविलमा मिलाउदै जान्छिन्) आफ्नो घर नभएर वहालमा वस्न आउनुपरेपछि जे पनि सहनुपर्दो रहेछ।

मीना : (गुण्टा फुकालेर खाटमा मिलाउँदै) यसो भन वरु, वी. ए. पढेर पढेलेखेकी भनाउन परेपछि दुनियाँमा, जे पनि गर्नु पर्दो रहेछ। तिमीलाई कसले पढ्नुपर्‍यो भन्यो, सतीसावित्री हुन नपढे पनि त हुन्थ्यो। विहे हुन्थ्यो, लोग्नेको स्याहारसुसार गर्थ्यौ, जिन्दगी चल्थ्यो। वच्चाहरु हुर्काउँथ्यौ, फेरि उनीहरुको विहे गराउँथ्यौ, जिन्दगी वित्थ्यो। के हाम्रा आमावावुहरुको जिन्दगी त्यसरी चलेको थिएन ?

शीला : तिमी त के के कुरा गर्छ्यौ के के। पढ्न आएको, यस्तो विरालोले गुँड सारेको जस्तो डेरा सर्न त आएको होइन। कस्तो झन्झट छ, किन तिमी वुझिदिन्नौ ?

मीना : झन्झट ! झन्झट छ। तर भविष्यमा कति झन्झटहरु वैरिन्छन्, हेर्दै जाऊ। जिन्दगी स्थिर छैन नानी।

शीला : खै मेरो इकोनोमिक्स ? ए तिम्रो वाकसमा छ हगि ? मैले त विर्सेकी। पढ्नलाई त यो कोठामा शान्ति छ। रात पर्न आँटिसक्यो, वरु वत्तीमा कस्तो छ।

मीना : भात पकाउन आउँछे हैन, कान्छी वजै ?

शीला : आउँछे, किन नआउनु। वरु प्रोफेसर कृष्णप्रसादजीलाई पो हाम्रो यो डेरा थाहा हुँदैन। भान्दाइलाई भनिपठाउनुपर्ने, हामी यहाँ छौं भनेर। नभए भोलि वहाँकै घरमा गएर हामीले नै भन्नुपर्ला। तिमीलाई थाहा छ एउटा कुरा, मीना ?

मीना : के कुरा ? कुरा त मलाई धेरै थाहा छन्। कुन चाहिं कुरा ?

शीला : कृष्णप्रसादजीको कुरा।

मीना : लोग्नेमानिसको कुरा, तिम्रो मतलव ?

शीला : लोग्नेमानिसको कुरा भएर के भयो र ?

मीना : मलाई थाहा पायौ शीला, संसारको सव कुरा सुन्न मन लाग्छ, तर लोग्नेमानिसको प्रेम कुरा सुन्न मन लाग्दैन। वुझिनौ के ?

शीला : प्रेमको कुरा हैन, मैले त अनौठो कुरा भनेकी ?

मीना : प्रेमको कुरा हैन, मैले त उहाँको प्रेमको कथा पो सुनेकी थिएँ।

शीला : त्यसैले त भनेकी- कृष्णप्रसादजीले एउटी आइमाई, फोर्थ ईयरकी हो या थर्ड ईयर पढाउनु हुँदोरहेछ। तिनी एक दिन घरवाट वावुआमासित वाझेर निस्केकी रहिछन्। कृष्णप्रसादज्यूकहाँ आएर रोइछन्, कराइछन् र भनिछन्- "म अव घर फर्कन्नँ, म यहीं वस्छु" र के के फलाकिछन्। उहाँलाई आपत् परेछ, पछि उहाँले केही नलागेर भन्नुभएछ- "मेरो विहे भइसकेको छ हेर। तिमी जाऊ, फर्क।" त्यो स्वास्नीमानिस छानावाट खसेकी जस्ती भइछ र रिसाउँदै फर्किछ। तर तिमीलाई थाहा छ कृष्णप्रसादज्यूको विहे भएको छैन। लौ भन, यो अनौठो कुरा होइन ?

मीना : केही पनि अनौठो कुरा होइन। प्रेम-याचनामा त्यो आईमाई असफल भइछ। म भए के गर्थे थाहा छ, तिमीलाई ?

शीला : के गर्थ्यौ, लौ भन।

मीना : अहिले भन्दिन। कृष्णप्रसादज्यूलाई सोधेर भनुँला।

शीला : कृष्णप्रसादज्यूलाई यो कुरा भन्छ्यौ ? नभन है, अहिले भनिदिया छ। के भन्नुहोला उहाँले यो सुनेर अनि रिसाएर हामीलाई पढाउन छाड्नुभो भने उहाँले। भो, नभन है, भनिदिया छ।

मीना : साँच्चिकैको लोग्नेमानिस रहेछ भने, सामना गर्छ नै।

(सानी भाउजुको प्रवेश)

हामीलाई त यो कोठा मन पर्‍यो। यसैले यसमा वस्ने अठोट गर्‍यौं, हुन्न र ?

शीला : भात माथि वुइंगलमा नै पकाउँला। वरु भाउजू, पानी सानीको वन्दोवस्त कसरी गर्नुहुन्छ ? घडा त हामीले ल्याएका छौं, हगि मीना।

भाउजू : (चारैतिर हेरेर) तपाईहरुले गुण्टासुण्टा पनि फुकालेर विछ्याइ सक्नुभएछ। म ...

मीना : अव वस्न भनेर आएपछि कामधन्दा त गर्नै पर्‍यो, वरु भाउजू, हामीले कुचो ल्याउन विर्सेछौं, कुचो त पाइएला ?

शीला : मैले भनेकी त हो नि तिमीलाई। त्यही पुरानै भए पनि लैजाउँ भनेर अव।

मीना : अव भाउजूले ल्याइदिइ हाल्नुहुन्छ नि, वरु नजिकै किन्न पाइएला भाउजू ?

भाउजू : हैन तपाईहरुलाई उता सडकपट्टिको माथिको कोठामा मन परेन ?

मीना : सडकतिर नवसौं भनेर, हल्लाखल्ला हुन्छ, मोटरहरु आइरहन्छन्, गइ रहन्छन्।

शीला : हामीलाई पढ्नु छ नि भाउजू, जाँचको लागि मेहनत गर्नु छ। अलि शान्ति चाहिएकोले यो कोठा मन पर्‍यो, वरु अलि भित्र छ। भित्र परेर के भयो त हैन मीना ? के हेर्नु छ र ?

भाउजू : हैन, तपाईहरु यो कोठामा नवस्नुस्।

मीना : किन ?

शीला : किन ?

भाउजू : हैन, तपाईहरु यो कोठामा वस्न सक्नुहुन्न। उताकै कोठामा वस्नुस्।

शीला : हामीहरु यो कोठामा वस्न सक्दैनौ, किन ?

मीना : हामीले सिङ्गै घरको पैसा तिरेका छौं। भाउज्यूलाई थाहा छैन र यो ?

भाउजू : थाहा छ, तैपनि तपाईहरु यो कोठामा वस्न सक्नुहुन्न। किमार्थ वस्न सक्नुहुन्न।

शीला : तपाई त गजवको कुरा गर्नुहुन्छ। सिङ्गै घरको वहाल तिरेपछि किन नसक्नु ? जुन कोठा मन पर्छ त्यही कोठामा वस्छौं। हैन त मीना ? हामीलाई यही मन पर्‍यो यहीं वस्यौं। अव सव मिलाइसक्यौं। मीनाले गुण्ठा पनि फुकाइसकी ...।

भाउजू : हैन, तपाईहरु बस्न सक्नुहुन्न। कति वेर लाग्छ यो मालताल ओसार्न। मै ओसारिदिउँला।

मीना : हैन भाउजू, हामी किन बस्न सक्तैनौं ?

शीला : लौ, सब किताब मिलाइसक्यौं। यति राम्रो दराज यहाँ छ।

मीना : नकराऊ तिमी शीला। भन्नुस्, त भाउजू, हामी किन बस्न सक्दैनौं ? के घरको मालिकले यहाँ नवस्नू भनेर रोकेको छ ? केही वाधा छ ?

भाउजू : त्यो त छैन।

मीना : फेरि .... ?

शीला : यहाँ बस्न केही वाधा छैन भने हामी यहीं वस्दछौं। म त माथि वस्न सक्तिनँ मीना, भनिदिया छु।

भाउजू : तै पनि नवस्नोस् यहाँ, मैले भनेको कुरा मान्नोस्, नबस्नोस्। तपाईहरु यहाँ वस्न सक्नुहुन्न। एकदम वस्न सक्नुहुन्न। यो कोठा ज्यादै डरलाग्दो छ।

शीला : डरलाग्दो, के यहाँ भूत आउँछ।

मीना : पर्ख शीला, किन डरलाग्दो छ भाउजू ? भुतसूतसंग तर्सन्न वुँझ्नु भो, भाउजू ?

भाउजू : ज्यादै डरलाग्दो छ यो कोठा। म यो टोलमा वसेको धेरै भइसक्यो मलाई सव थाहा छ यस घरको वारेमा। यसै कोठामा तिलकमान काजीसाहेव वस्नुहुन्थ्यो। म वरावर कामकुरामा यहाँ आउने जाने गर्थें। त्यहीं त्यही कोठामा दुलही साहेव पनि वस्नुहुन्थ्यो। त्यही दराजमा लुगाफाटा हाल्नुहुन्थ्यो। दुलहीसाहेव निकै राम्री हुनुहुन्थ्यो। उहाँको विहे भएको पनि मलाई थाहा छ। दुलही ल्याएको दिनमा पनि म यहीं काम गर्न आएकी थिएँ। (शीलालाई देखाएर) अहिले उहाँ उभिनुभएको कोठामा, हो त्यही ठाउँमा, त्यसमाथिको दलिनमा, त्यहींनिर दुलही साहेव एकदिन झुण्डिएर मरिरहनु भएको।

शीला : यहाँ, यस कोठामा ?

मीना : अनि त्यसो भए दुलहीसाहेबले आत्महत्या गरिन् ?

भाउजू : म त्यो दिन झल्झली सम्झन्छु- त्यती राम्रो गुलावको थुँगा जस्तो दुलहीसाहेव झुण्डिएर मर्नुभो। म त्यस दिनदेखि यस कोठामा पसेकी छैन। यस घरमा वरावर आवाज पनि आउने गर्छ, कहिले वढारेको जस्तो- स्वार स्वार आवाज आउँछ, कहिले ढोका खोलो जस्तो ढ्याक-ढ्याक, कहिले भन्याङ हिंडेको जस्तो ट्याक-ट्याक, कहिले काहीं कोठाको झ्यालमा सेतो छायाँ उभिएजस्तो देखिन्छ। म पनि राति एक्लै-दुक्लै पस्दिनँ, त्यसै मन तर्सिहाल्छ।

शीला : यही कोठामा आत्महत्या गरेको ? अहो। त्यसो भए मीना, म त यस्तो कोठामा वस्दिनँ।

भाउजू : मैले त्यसैले तपाईहरुलाई अघि नै भनेकी यस कोठामा *नसुत्नुस् भनेर। यहाँ कोही पनि पस्दैनन्, मै पनि आजै* हुँ पसेकी। त्यसै मुटुमा डर पसिहाल्छ। लौ त्यही ठाउँमा झुण्डिइरहनु भएको।

मीना : यो त भयो, तर भाउजू, तपाईलाई थाहा छ, दुलहीसाहेवले किन आत्महत्या गर्नुभो, केही कारण छ ?

शीला : मलाई त अहिले डर लाग्न थालिसक्यो, म त यहाँ वस्न सक्तिनँ। यस्तो घरैमा वस्न सक्तिन भान्दाइले पनि कस्तो घर खोजिदिएको। ए त्यो के हल्लेको ?

मीना : नतर्स त्यसरी, कुरा त वुझौं, थाहा छ भाउजू, किन उहाँले आत्महत्या गर्नुभो ?

भाउजू : के थाहा पाउनु नानी, काजीसाहेव पनि वेसै हुनुहुन्थ्यो। हाम्रो आँखाले वाहिरवाट हेर्दा त कुनै कमी थिएन। उहाँका ४/४ ओटा घरहरु अझै छन्। यथेष्ट सम्पत्ति भएको मानिस। दुलहीसाहेवलाई गहना, गुलाफाटा सवै पुगेकै थियो। नोकर-चाकर सव थिए। सासू-ससुराहरु पनि कोही थिएनन्, दाजुभाइहरु पनि कोही थिएनन्। जोई-पोईमा झगडा पर्‍यो भनूँ भने पनि कहिले झगडा भएको सुनेनौं।

त्यही त अनौठो छ। आत्महत्या गर्नुहोला जस्तो नै हुनुहुन्थिएन। सँधै हँसिलो अनुहार लिएर वस्नुहुन्थ्यो, कुराकानी पनि मीठै थियो। ठूलो स्वरले वोल्नु भएको नै सुनेका छैनौं।

शीला : वाहिर के आवाज आएको त्यो ? (कान थाप्छिन्)

मीना : खै के आवाज आयो र ?

शीला : ऊ भन्याङ हिंडेको जस्तो।

मीना : नतर्सन त्यसरी, के आवाज आयो र ?

शीला : आवाज हैन त त्यो, भाउजू ?

भाउजू : त्यस्तो आवाज आइरहन्छ यहाँ- अझ राम्ररी नै हिंडेको आवाज सुनिन्छ। यहाँ पहिले वस्नेहरुले त सर् सर् ढोका खोलेर यहाँ कोठामा पसेकी नै देखेका छन्। फेरि हेर्न आउँदाखेरि कोही पनि रहेनछन्।

शीला : हैं त्यस्तो। म त वस्न सक्तिन वा, मीना।

मीना : कसरी तर्सेकी हैं। वताउनुस् भाउजू, त्यसै किन आत्महत्या गरिन् ? केही कारण त हुनुपर्छ।

भाउजू : वुझ्नुभो नानी, उहाँ त्यसरी झुण्डिएर मरेपछि तिलकमान काजी साहेव यो घर छोडेर अन्त अर्कै आफ्नै घरमा सर्नुभो। तर तैपनि कहिलेकाही वेलुकीपख राती वरावर यहाँ आउने गर्नुहुन्छ र यस कोठाको ढोका खोलेर पस्नुहुन्छ र घण्टौं कराउनुहुन्छ। मैले पनि ३/४ चोटी देखेकी छु। कहिले महिनौं आउनुहुन्न। कहिले लगातार आउनुहुन्छ। सवैजना भन्छन् उहाँको अलि हावा विग्रिसक्यो भनेर। अहिले पनि आउन सक्नुहुन्छ। उहाँ जुनसुकै वेलामा पनि आउन सक्नुहुन्छ। उहाँको केही ठेगाना छैन। त्यसैले पनि मैले भनेकी तपाईहरुलाई यहाँ नवस्नोस् भनेर, उहाँ त्यसरी आउनुभो भने ?

शीला : ए त्यस्तो।

मीना : त्यसो भए उहाँ वरावर आउनुहुन्छ ? त के कराउनु हुन्छ ? तपाईले कहिल्यै सुन्नुभा छ ?

भाउजू : के के हामी टाढावाट सुन्छौं, नवुझिने। मानिसलाई यस्तो पनि हुँदो रहेछ। मर्ने त मरेर गइहालिन् नि, फेरि वाँच्नेलाई यो के को शासन ?

मीना : रहस्य ! त उहाँ वरावर यही कोठामा पसेर कराउनुहुन्छ ? के कराउनुहुन्छ तपाईलाई थाहा छैन। आत्महत्या किन गरिन् अनौठो छ। (वाहिर साँच्चिकै भन्याङमा आवाज आउँछ।)

शीला : (तर्सेर) यो त साँच्चिकै आवाज आएको हो।

भाउजू : (तर्सेर) हो।

शीला : (भाउजूलाई समाउँदै) वत्ती वाल्नुस् न, वत्ती।

*मीना : (नतर्से झैं गरी) कोही आएको होला।*

ढ्याक्कको आवाज झन झन टड्कारो हुँदै जान्छ।

शीला : (तर्सेर) यतै आइरहेछ। (भाउजूलाई समाएर कुनातिर लाग्छिन्।)

मीना : (अलि तर्सिएर भित्तातिर लाग्छिन्) को त्यहाँ ?

(एउटा मानिस पस्छ र कोठाको वीचमा आएर उभिन्छ जहाँनेर भाउजूले झुण्डिएकी भनेर देखाएको स्थान छ)

**भाउजू :** यही हो काजीसाहेव।

(मीना जहाँको त्यहीं उभिएकी हुन्छिन्)

**तिलक :** (झुकेको टाउकोले) म धेरै दिनपछि फेरि यहाँ आइरहेछु। प्रमिला। नसम्झ मैले तिमीलाई विर्सें, के म विर्सन सकुँला ? के विर्सन सकुँला ? के सकुँला म आफ्नो अपराधलाई विर्सन ? प्रमिला।

(टाउको उठाएर) किन तिमीले मलाई अपराधी ठहऱ्यायौ ? त्यही प्रश्न म फेरि दोहोऱ्याउँछु- जवाफ देऊ। (मीनालाई देखेर नजिकै जाँदै) प्रमिला, आज तिमी स्पष्ट रुपमा मेरो अगाडि खडा भएकी छ्यौ। पहिलेको भन्दा पनि स्पष्ट। म समाउँदिन, समाउँदिन। नतर्स, भाग्न कोसिस नगर।

प्रमिला, मलाई जवाफ देऊ तिमीले किन आत्महत्या गऱ्यौ, किन गऱ्यौ ? त्यस्तो डोरीले आफ्नो कमलो घाँटीमा वाँधेर आफूलाई किन माऱ्यौ ? कुन मेरो त्यत्रो अपराध थियो जसको वदला तिमीले आफूलाई मारेर मवाट लिन खोज्यौ ?

भइहाल्यो नवताऊ- थाहा छ, तिमी छायाँ जस्तो मात्र मेरो अगाडि परेकी छ्यौ खालि मेरो कष्टलाई हेर्न, खालि मैले कसरी यातना पाएँ त्यही वुझ्न। लौ हेर, तर म तिम्रो अगाडि गुनासो गर्दिन, मैले कष्ट पाएँ भनेर। मेरो कष्टको के महत्व छ तिम्रो मृत्युको अगाडि। तिमीले मर्न सक्यौ, मैले मर्न सकिनँ। प्रमिला। तिमी नजिक आऊ, छायां जस्तो भएर भित्ताको भित्तैमा तिमी नअल्प। आज लामो कुरा गर्न आएको छु। सुन, म त्यो कष्टलाई छातीमा वोकेर धेरै हिंड्न सक्तिन। हैन, मैले हिंड्नु पर्छ नमरुन्जेल। म यसपालि भारतको कुना-कुनामा गएँ, किन थाहा छ ? यसैले कि म तिमीलाई विर्सिदिउँ र आफू मुक्त हुं। तर झन् मलाई तिमीले लखेट्यौ ? तिमी रेलको डव्वामा समेत आयौ। म जहाँ-जहाँ गए पनि तिमीले त्यहीं पछ्यायौ। तिमी कहाँ आइनौ ? आयौ, तर कहिल्यै जवाफ दिइनौ।

जवाफ म पाउन सक्तिनँ मलाई थाहा छ। जवाफ कहाँवाट पाउँ ? के म जीवनभर जान्न पाउन्न ?

म अपराधी हुं, अपराधी, मैले के अपराध गरें तिमी भन ? मेरो पुर्खाहरुले जे गरे, समाजले जे गऱ्यो कुटुम्वहरुले जसरी जीवन गुजारे मैले त्यही गरें। मैले अरु के गरें, तिमी नै भन ?

मैले तिमीलाई विहे गरें, माया गरें। मैले आफ्नो सम्पत्ति तिम्रो हातमा सुम्पें। तिमीले चाहेका कुरा गर्न सक्थ्यौ- केही गऱ्यौ पनि। मैले त्यस वखत वुझ्न सकिन, तिमीलाई अरु के चाहिन्थ्यो ? मैले त्यस वखत वुझ्न सकिन, तिमीलाई अरु के चाहिन्थ्यो ? सम्पत्ति वाहेक तिमीलाई के चाहिन्थ्यो ?

मलाई थाहा छ। तिमी वरावर भन्थ्यौ- म स्वास्नी मानिस हुन पाएकी छैन, मेरो घाँटी अँठ्याइएको छ कानूनले, व्यवस्थाले। के कात्रो ओढेर मुर्दा जीउँदा जस्ता वाँचेका छैनन् ? खै मेरो आत्मसम्मान। मैले तिम्रो कुरा त्यस वखत वुझ्न सकिन। मैले त्यही गरें जो मेरा पूर्खाले गरिआएका थिए। तिमीलाई खुवाउन, लाउन दिनु यही मेरो कर्तव्य थियो। त्यही मैले पूरा गरें। तिमी मवाट वढी चाहन्थ्यौ कस्तो प्रेम, कस्तो सम्मान मलाई अझै थाहा छैन। तिमी आइमाईको कस्तो सत्ता र अस्तित्व चाहन्थ्यौ ?

म कहिलेकाहीं हो रक्सी-रक्सी पिएर आउँदथें, म कहिलेकाहीं राति वाहिरै पनि सुत्थें, हो, जो मेरा पूर्खाले गरेका थिए। म दोस्रो तेस्रो विहे पनि गर्न सक्थें जो अरुले गरेथे। लौ भन, मैले तिमीमाथि के अन्याय गरें ? अपराध भन्छ्यौ भने समाजले गरेको गरेथें। समाजलाई पछ्याएको थिएँ, तिमी भन्थ्यौ मलाई गहना र लुगाले नवेर, म कोठाको सुन्दर फूलदान होइन- के त्यो भन्दा वढी म स्वास्नी मानिस हैन- के मेरो आफ्नै स्वरुप छैन ? प्राण छैन ? मैले तिमीलाई वुझ्न सकिन। तिमी रिसाएर मसँग वाझेकी भए म वुझ्थें- तिमी मवाट अरु कुरा नै चाहन्थ्यौ। संसारवाट अर्को व्यवहार चाहन्थ्यौ जसमा तिम्रो सत्ताको कदर गरिएको होस्। मलाई थाहा छ तिमीले एकदिन भनेकी थियौ। सुन, किन मर्न लाग्यौ, पत्याइनौ- म साँचो कुरा वोलिरहेछु साँचो कुरा।

तिमीले भनेकी थियौ सम्झ- यदि मलाई वास्तविक स्वास्नी मानिस जस्तो वाँच्ने अधिकार दिंदैनौ भने, मलाई अपमान मात्र लिएर यो पृथ्वीमा टिक्नु छ भने जीवनको सवभन्दा ठूलो अधिकार जो मेरो आफ्नो हो जसलाई कोही खोस्न सक्दैनन्, उपयोग गरेर म मरिदिन सक्छु, म त्यसरी आफ्नो स्वतन्त्रता र हक दावी गर्न सक्छु।

तिमीले किन त्यसो भन्यौ, मैले वुझिन। मैले तिमीलाई आफ्नो माया र चुम्वनले ढाक्न खोजेको थिएँ, यस चुम्वनलाई समेत तिमीले के ठान्यौ- के, अपराध गरेको सम्झ्यौ ? के मेरो प्रेम समेत अन्यायले मुछिएको थियो ? के पुर्खाका अपराधहरु मेरै अपराध थिए जसमा आइमाईलाई भोग्य सम्झन्थे ? उफ्। मैले त्यही गरें जो पुर्खाले गरे। तिमीले आफूलाई त्यसरी नै माऱ्यौ जसरी भन्यौ। तिमीले मर्ने अधिकारद्वारा यो समाजलाई लत्याइदियौ। समाजसँग विद्रोह गऱ्यौ तर मलाई किन अपराधी वनायौ ? के म मात्र अपराधी थिएँ ? के हजारौं मनुष्यहरु थिएनन् जसले कानून र व्यवस्था वनाए ? आइमाईको अपमान उनीहरुले गरे की मैले ? अपराध मेरो कि तिनीहरुको ?

सवैजना भन्छन् मलाई- विहे गर।

हेर, यो हातमा तिम्रो त्यस शरीरको रगत मुछिएको छ, के म अरुलाई रगताम्यहातले अँगाल्न सक्छु अव ?

मेरो अपराध मेरो छातीभित्र वोल्दछ, त्यस्तो छातीले के म अरुलाई प्रेम गर्न सक्तछु ?

तर तिमी झैं म मर्दिन प्रमिला, सुन। म यसरी नै वाँच्छु, यसरी नै कष्ट भोगेर।

कराएर, चिच्याएर, पुर्खाको अपराध वोकेर म यसरी नै हिंड्दछु। जव म मृत्युको नजिकै पुगुँला र अर्ध जलमा लम्पसार परुँला, तिमी आउनु र भन्नु सुटुक्क कुन स्वतन्त्र सत्ताको खोजमा तिमीले आफ्नो मर्ने अधिकार उपयोग गरेकी थियौ ?

आऊ, मलाई जवाफ देऊ।

(टाउको निहुराएर त्यही वस्छ)

**मीना :** (केही वेर उसलाई हेरिरहन्छिन्) शायद म प्रमिला भएकी भए जवाफ दिन्थें- स्वास्नीमानिस कसरी स्वतन्त्र भएर वाँच्न चाहन्छन् ?

(निस्कन्छिन्)

**तिलक :** को प्रमिला। तिमीले वोल्यौ ? (चारैतिर हेर्छ, केही देख्दैन र दौडँदै निस्कन्छ।)

# गीतमा मानवअधिकारका कुरालाई सरल ढंगले उठाउन सकिन्छ

– मोदनाथ प्रश्रित

*o नेपाली साहित्यमा मानवअधिकारका सवालहरु अभिव्यक्त भएका छन् कि छैनन् ? अभिव्यक्त भएका छन् कुन भने रुपमा भएका छन् ?*

- विक्रम सम्वत् १९९७ को जहानियाँ राणा शासन विरोधी आन्दोलनले नेपाली जनतालाई राणा विरोधी भावना र आन्दोलनमा अग्रसर हुने बाटो खोलिदियो। नेपाली साहित्यमा कलम चलाइरहेका तत्कालीन लेखक कविहरुले प्रजातान्त्रिक अधिकार र नागरिक अधिकारका बारेमा आवाज उठाउनाका साथै अभिव्यक्तिको स्वतन्त्रताका सवालमा पनि आवाज उठाउन अग्रसर देखिएका पाइन्छ। प्रारम्भिक अवधिमा सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित जस्ता सचेत स्रष्टाहरुले अभिव्यक्ति स्वतन्त्रताको पक्षमा आफ्नो लेखनलाई आंशिक रुपले ढल्काएको देखिन्छ। त्यसपछिका समयावधिमा गोपालप्रसाद रिमाल, हृदयचन्द्रसिंह प्रधान, श्यामप्रसाद, गोकुल जोशी, देवीप्रसाद किसान आदिका रचनामा मानवअधिकारका सवालहरुलाई स्थान दिएको देखिन्छ। महाकवि लक्ष्मीप्रसाद देवकोटाको "कृषि वाला" मा त त्यो कुरा अझ प्रखर रुपमा आएको पाइन्छ। मेरो "मानव" महाकाव्य साहित्यमा मानवअधिकारबारे अझ व्यवस्थित प्रयत्न हो। पछि, युद्धप्रसाद मिश्र, पारिजात, गोविन्द भट्ट आदिको साहित्यमा विभिन्न कोणबाट मानवअधिकारका सवालहरु अभिव्यक्त भएका छन्।

*o अहिलेसम्मको नेपाली साहित्यको इतिहासलाई हेर्दा, मानवअधिकारका कुराहरु साहित्यमा पर्याप्त मात्रामा आएको छ कि छैन ?*

- हामीले यो प्रश्नको हल खोज्नका निम्ति, २०१७ सालपछिको नेपाली साहित्यलाई हेर्नुपर्ने हुन्छ। प्रगतिशील स्रष्टाहरुले सत्र सालपछि आफ्नो लेखनमा मानवअधिकारका सन्दर्भहरुलाई जागरुक रुपमा उठाए। सत्रसाल यता प्रगतिशील साहित्यिक/सांस्कृतिक आन्दोलनमा विविध पत्र-पत्रिकाहरु देखा परे। संकल्प, सुस्केरा र बेदनाजस्ता पत्रिकाहरुले मानवअधिकारका कुराहरु उठाए। रेलीमाई सांस्कृतिक मण्डल र संकल्प गीति-यात्राले पनि मानवअधिकारका सवालहरुलाई सफल रुपले उठाए।

तर आफूलाई कलावादी भन्न रुचाउने स्रष्टाहरुले मानवअधिकारका सवालहरुलाई आफ्नो लेखनमा त्यति स्थान दिएको पाइदैन। मानवअधिकारका सवालहरुलाई भन्दा पनि व्यक्तिगत कुण्ठा र प्रलाप र सम्वेदनहीनतालाई कलावादीहरुले आफ्नो लेखनको आधार बनाएको पाइन्छ।

२०४६ सालको जनआन्दोलनको सफलतापश्चात् प्राप्त खुला र निर्बन्ध परिवेशमा साहित्य त्यति लेखिएन। छयालीसालपछिको यो एक दशक अवधिलाई साहित्य शून्यताको दशक मान्नु पर्ने देखिन्छ। तसर्थ छयालीसपछि साहित्यमा मानवअधिकारका स्वरुपहरु पर्याप्त मात्रामा आएको छ भन्न मिल्दैन।

अर्कोतिर, नेपाली प्रगतिशील साहित्यभित्रको समग्रतामा सामन्ती शोषणबाट किसानको मुक्ति, गाँस, बास र कपासको समस्या आदि सबभन्दा बढी मुखरित भएको पाइन्छ र यो मूर्त



पनि छ। शोषणका रुपहरुबारे पनि साहित्यले चर्चा चलाएको छ। नारी अधिकार, बालअधिकार, उत्पीडित जातिको सवालमा पनि साहित्य लेखिएका छन्। महिला शिक्षा र साक्षरताका सन्दर्भमा पनि साहित्य लेखन भएको छ। मुलत: यी क्षेत्रहरुमा मानवअधिकार घनिभूत रुपमा अभिव्यक्त भएको छ।

*o तपाईको मूल्यांकनमा साहित्यको कुन विधाले मानवअधिकारका पक्षलाई घनिभूत रुपले उजागर गरेको पाउनु भएको छ ?*

- साहित्यका अनेक विधाहरुमध्ये कविता र गीतमा मानवअधिकारका सवालहरु बढी मात्रामा आएका छन्। कथा र उपन्यासमा पनि नआएको त होइन, तर आउनु पर्ने जति आइरहेको छैन। त्यसो त, कविता र गीत जनताको बीचमा छिटो पुग्ने साहित्यिक माध्यम भइरहेको छ। किनकी, कविता र गीत संक्षिप्त हुने हुँदा जनतालाई छोटो समयमा नै सुनाउन सकिन्छ र जसलाई जनताले पनि अझ छिटो ग्रहण गर्छन्। अहिलेसम्मको साहित्य लेखनको इतिहासमा कविता र गीत नै बढी लेखिएका छन्।

त्यसो त, कविता र गीतको तुलनामा मानवअधिकारका सन्दर्भहरु गीतमा बढी मात्रामा अभिव्यक्त भएका पाइन्छन्। मैले लेखेका कवितामा असन्तुष्टीहरु बढी र गीतमा जनअधिकारका मागहरु प्रवल ढंगले उठेका छन्। हुन त मैले २०४६ साल यता साहित्य धेरै कम लेखें। त्यसभन्दा अगाडि मैले लेखेको पचास साठीवटा गीतहरुमा मानवअधिकारका कुराहरु सघन ढंगले उठेका छन्। मेरो लेखन अनुभवले के कुरा सिकाएको छ भने गीतले मानवअधिकारका कुराहरुलाई सरल ढंगले उठाउन सक्छ।

*o प्रगतिशील साहित्यले चाहिं मानवअधिकारका कुराहरुलाई कत्तिको स्थान दिएको पाउनु भएको छ ?*

- पहिले-पहिले कम्युनिष्टहरुको दृष्टिकोणमा मानवअधिकार बुर्जुवा धारणा अन्तरगत पर्दथ्यो। मानवअधिकारलाई बुर्जुवा धारणा मान्ने दृष्टिकोण कम्युनिष्टहरुमा लामो समयसम्म रहयो। तर वर्गीय मागहरुभित्र पनि मानवअधिकारका कुराहरु पर्छन् भन्ने कुरा धेरै समयसम्म ओझेलमा पर्‍यो।

तर २०४५/४६ सालपछि मानवअधिकार आन्दोलन घनिभूत रुपले उठ्न थालेपछि साहित्यमा पनि अझ विशेष गरेर अभिव्यक्त हुन थालेको पाइन्छ। त्यतिखेर प्रकाश काफ्ले र सुशील प्याकुरेलहरुले मानवअधिकारका सवालहरुलाई अत्यन्त व्यवस्थित ढंगले उठाउनु भयो। अहिले मानवअधिकार आन्दोलन उठ्नुमा प्रकाश-सुशीलहरुकै हात रहेको पाइन्छ।

*o साहित्य र मानवअधिकारबीचको सम्बन्ध कस्तो हुनुपर्दछ ?*

- विश्वमै साहित्यलाई हेर्ने दुईटा दृष्टिकोणहरु छन्। एकथरिले यसलाई मनोरञ्जनको माध्यम र आत्मतुष्टीको रुपमा लिन्छन्। तर अर्कोथरि पनि छन्, जसले साहित्यलाई जीवनका लागि, परिवर्तनका लागि र मानवीय सुखका लागि केन्द्रित गर्छन्। त्यस्ता साहित्यमा मानवअधिकारका कुराहरु घनिष्ट रुपमा आउँछन्। र साहित्य र मानवअधिकारबीचको सम्बन्ध पनि झल्किन्छ। त्यो कुरा वर्गीय संघर्षमा पनि अभिव्यक्त हुन्छ।

तसर्थ, साहित्य र मानवअधिकारबीच घनिष्ठ सम्बन्ध हुन्छ र हुनु पनि पर्छ। समाजसंग, मानबमुक्तिसंग चासो राख्ने लेखकहरुको साहित्यमा त मानवअधिकार झन् प्रवल रुपमा उजागर भएको देखिन्छ।

(क्रो)

*Campaign 2000 for free & Compulsory Primary Education*

# चेतनाको मूल आधार शिक्षाको अधिकार



*"Every Child has Right to go to School"*

## सबै बालबालिकाले स्कूल जान पाउनु पर्छ